## राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ८ को उपदफा (२) सँग सम्बन्धित

# उज्यालो नेपाल पार्टीको विधान, २०८२

**प्रस्तावना,**

विश्वको सर्वोच्च शिखर सगरमाथा, प्रचुर प्राकृतिक स्रोत साधन, भौगोलिक तथा जैविक विविधता र अद्वितीय सम्पदाले सम्पन्न तथा जातीय, भाषिक, धार्मिक, सांस्कृतिक विविधताले भरिपूर्ण गौरवशाली इतिहास बोकेको, भगवान गौतम बुद्धको जन्मस्थल, पूर्वीय दर्शनको उद्‌गम पावन भूमि नेपालको विशिष्टतालाई हृदयङ्गम गर्दै,

नेपालमा विभिन्न समयमा भएको राजनीतिक परिवर्तनसँगै जनताले आफ्नो अवस्था परिवर्तन हुने आशा र भरोसा गरेका थिए। जनअपेक्षा अनुसारको स्थिरता, सुशासन र समृद्धि हासिल गर्ने उल्लेख्य अवसरहरू, विकास र समृद्धिको प्रचुर सम्भावना हुँदाहुँदै पनि राज्य सञ्चालन गर्ने राजनीतिक तथा प्रशासनिक नेतृत्वको निष्ठा र इमान्दारितामाथि जनताले पटक पटक प्रश्न गरिरहेको यथार्थतालाई स्वीकार गर्दै,

नेपाली विशेषतामा आधारित लोकतान्त्रिक, समतामूलक समाज निर्माणको चाहनालाई पूरा गर्न नेपाली जनताले इतिहासको विभिन्न कालखण्डमा गरेका वलिदानीपूर्ण सङ्घर्षहरू र पछिल्लो जेन-जी पुस्ताको नेतृत्वमा भएको अभूतपूर्व जनआन्दोलनलाई उच्च सम्मान गरी दीर्घकालीन प्रणालीगत सुधारमा केन्द्रित रही नयाँ पुस्ताको आशा र पुराना पुस्ताको संघर्षको गाथालाई निरन्तरता दिदै,

बहुलवादमा आधारित लोककल्याणकारी राज्यको अवधारणाको मार्गमा अघि बढ्नसक्ने परिपक्व, कुशल र निष्ठावान् राजनीतिक नेतृत्वको अगुवाईमा देशमा सुशासन, समृद्धि, सामाजिक न्याय, विज्ञान प्रविधि, नवप्रवर्तन र उद्यमशिलता, रोजगार सिर्जना, जलवायु अनुकूलन र विपद उत्थानशिल समाज निर्माण, दीगो शान्ति र अमन चयन कायम गरी राष्ट्रलाई नयाँ दिशातर्फ अघि बढाउन र नेपाली जनताको मुहारमा उज्यालो भविष्यको परिकल्पनाका साथ राष्ट्रिय पुँजीको विकास गरी आर्थिक समृद्धि मार्फत जीवनस्तरमा आमूल परिवर्तन ल्याउने प्रतिबद्धता व्यक्त गर्दै,

राष्ट्र निर्माणमा भौगोलिक, सामाजिक तथा सांस्कृतिक विविधतालाई पूँजीको रुपमा ग्रहण गर्दै युवा पुस्ताको उचित प्रतिनिधित्व र नेतृत्व सहित रुपान्तरणकारी र जनउत्तरदायी एवं जवाफदेही नेतृत्व र कार्यात्मक तथा सशक्त संगठनात्मक संरचनाको माध्यमबाट नतिजामुखी कार्य संस्कृतिको विकास मार्फत मुलुकको आमूल परिवर्तनसहित नेपाललाई एक समृद्ध राष्ट्रको रुपमा रूपान्तरण गर्न नयाँ राजनीतिक संस्कृतिको जग बसाउने संकल्प गर्दै,

नेपालको संविधान, २०७२ को अग्रगामी उपलब्धिहरू लाई आत्मसात् गर्दै नेपालको स्वतन्त्रता, सार्वभौमिकँता, राष्ट्रिय एकता अक्षुण्ण राखी परिवर्तित सन्दर्भ सहितको जनअपेक्षा र चाहनालाई पूरा गर्ने संकल्प गर्दै **उज्यालो नेपाल पार्टी** को संचालन व्यवस्थापनलाई लोकतान्त्रिक, समावेशी, स्वच्छ, विश्वसनिय, पारदर्शी र व्यवस्थित बनाउन **उज्यालो नेपाल पार्टी** को मिति २०८२/०७/१४ गते भएको भेलाबाट नेपालको संविधानको धारा २६९ तथा राजनैतिक दल सम्बन्धी ऐन २०७३ को दफा ८ बमोजिम यो विधान स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

### १. दलको नाम र प्रारम्भ :-

(१) यस विधानको नाम "उज्यालो नेपाल पार्टीको विधान, २०८२" रहनेछ । छोटकरीमा उनेपा र अङ्ग्रेजीमा Ujyalo Nepal Party (UNP) भनिनेछ ।

(२) यस विधान निर्वाचन आयोगबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) यस विधानको पालना गर्नु प्रत्येक पार्टी सदस्यको कर्तव्य हुनेछ ।

(४) यस पार्टीको सम्पूर्ण कामकार्वाही यसै विधानमा लेखिए बमोजिम हुनेछ ।

### २. परिभाषा :-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा-

(क) "अधिवेशन" भन्नाले धारा- ५६ बमोजिम प्रदेश, जिल्ला, गाउँ/नगर तथा वडा तहमा आयोजना हुने दलको सम्बन्धित तहको निर्वाचन लगायत विधान बमोजिमको अधिकार प्रयोग गर्न सक्षम भेलालाई सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले संविधानको धारा- २४५ बमोजिम गठन भएको निर्वाचन आयोगलाई सम्झनु पर्छ ।

(ग) "आयोगको सम्बन्धित कार्यालय" भन्नाले वडा, स्थानीय तह र जिल्ला कमिटीको हकमा सम्बन्धित जिल्ला निर्वाचन कार्यालय, प्रदेश कमिटीको हकमा सम्बन्धित प्रदेश निर्वाचन कार्यालय र सङ्घीय कमिटीको हकमा निर्वाचन आयोग सङ्घीय कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "ऐन" भन्नाले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई सम्झनु पर्छ ।

(ङ) "कमिटी" भन्नाले दलको विभिन्न तहमा रहने कमिटीलाई सम्झनु पर्छ र सो शब्दले दलका विभिन्न कमिटीहरू लाई समेत जनाउँछ ।

(च) "कार्यकारी अधिकार" भन्नाले दलको तर्फबाट निर्णय गर्न विधान बमोजिम प्राप्त अधिकार सम्झनु पर्छ ।

(छ) "सङ्घीय कमिटी" भन्नाले धारा- २६ बमोजिम सङ्घीय तहमा गठन र परिचालन हुने दलको कार्यकारी कमिटी सम्झनु पर्छ ।

(ज) "सङ्घीय निकाय" भन्नाले सङ्घीय तहमा गठन र परिचालन हुने कार्यकारी कमिटी लगायत अन्य कमिटी सम्झनु पर्छ ।

(झ) "कोष" भन्नाले धारा- १०३ बमोजिमको दलको कोषलाई सम्झनु पर्छ ।

(ञ) "तोकिए बमोजिम" भन्नाले यस विधानको अधीनमा रही दलले बनाएको नियमावलीमा तोकिए बमोजिमको कुरा सम्झनु पर्छ ।

(ट) “दल/पार्टी” भन्नाले उज्यालो नेपाल पार्टीलाई सम्झनु पर्छ ।

(ठ) “नगरपालिका” भन्नाले नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ ।

(ड) “निर्वाचन कमिटी” भन्नाले धारा- ३४ बमोजिम गठन हुने निर्वाचन कमिटी सम्झनु पर्छ ।

(ढ) “पदाधिकारी” भन्नाले यस विधान बमोजिम निर्वाचित वा गठन हुने कमिटीका अध्यक्ष, संयोजक लगायतका पदाधिकारी वा सदस्यलाई सम्झनु पर्छ । सो शब्दले कुनै निश्चित कार्य गर्नका लागि कुनै निकायमा दलको तर्फबाट प्रतिनिधित्व गर्न तोकिएको प्रतिनिधि समेतलाई जनाउँछ ।

(ण) “पालिका” भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ ।

(त) “प्रदेश कमिटी” भन्नाले धारा- २७ बमोजिम प्रदेश तहमा गठन र परिचालन हुने दलको कार्यकारी कमिटी सम्झनु पर्छ ।

(थ) “प्रमुख पदाधिकारी” भन्नाले कार्यकारी कमिटीको अध्यक्ष लगायत अन्य पदाधिकारीहरू लाई सम्झनु पर्छ र यो शब्दले विभाग वा अन्य कमिटीका संयोजक र सचिव समेतलाई जनाउनेछ ।

(द) “प्रदेश निकाय” भन्नाले प्रदेश तहमा गठन र परिचालन हुने कार्यकारी कमिटी लगायत अन्य कमिटी सम्झनु पर्छ ।

(ध) “महाधिवेशन” भन्नाले धारा- ५६ बमोजिम सङ्घीय तहमा आयोजना हुने सङ्घीय तहको कमिटीको निर्वाचन, विधान निर्माण वा संशोधन लगायत विधान बमोजिमको अधिकार प्रयोग गर्न सक्षम भेलालाई सम्झनु पर्छ ।

(न) “माथिल्लो कमिटी” भन्नाले वडा तहको कमिटीको हकमा स्थानीय तह कमिटी, स्थानीय तह कमिटीको हकमा जिल्ला कमिटी, जिल्ला कमिटीको हकमा प्रदेश कमिटी, प्रदेश कमिटीको हकमा सङ्घीय कमिटीलाई सम्झनु पर्छ ।

(प) “विधान” भन्नाले उज्यालो नेपाल पार्टीको विधान, २०८२ लाई सम्झनु पर्छ ।

(फ) “सदस्य” भन्नाले धारा- १४ बमोजिमको दलको सदस्यता प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ब) “परिषद्” भन्नाले विधान बमोजिमको अधिकार प्रयोग गर्न सक्षम धारा- २९ (२) बमोजिम गठन भएको सङ्घीय प्रतिनिधि परिषद् र प्रदेश प्रतिनिधि परिषद्लाई सम्झनु पर्छ ।

(भ) “समावेशी समूह” भन्नाले महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक, अल्पसङ्ख्यक समुदाय, युवा लगायत दलको नियमावलीमा तोकिएको वर्ग, क्षेत्र र समुदायलाई सम्झनु पर्छ ।

(म) “संसदीय दल” भन्नाले सङ्घीय संसद वा प्रदेश सभामा दलको तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरू सम्मिलित रहेर सङ्घीय वा प्रदेश तहको संसदमा गठन हुने दलको संयन्त्रलाई सम्झनु पर्छ ।

(य) “संयन्त्र” भन्नाले दल सञ्चालन गर्नका लागि संघदेखि स्थानीय तहसम्म गठन र परिचालन हुने दलका विभिन्न निकायलाई सम्झनु पर्छ ।

(र) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(ल) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्छ ।

(व) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ र सो शब्दले जिल्लालाई समेत जनाउनेछ ।

(श) "क्षेत्र" भन्नाले दलको महाधिवेशन वा अधिवेशनमा प्रतिनिधि निर्वाचन गर्नका लागि तय गरिएको निर्वाचन क्षेत्र सम्झनु पर्छ । यो शब्दले दलको विभिन्न तहका कार्यकारी कमिटीमा निर्वाचन गर्नका लागि तोकिएका क्षेत्र समेतलाई जनाउनेछ ।

## परिच्छेद-२

## दलको नाम र कार्यालय सम्बन्धी व्यवस्था

### ३. दलको नाम र कार्यालय :-

(१) यो दलको नाम **उज्यालो नेपाल पार्टी** हुनेछ र छोटकरीमा **उनेपा** भनिनेछ । पार्टीको अङ्ग्रेजी नाम Ujyalo Nepal Party हुनेछ । अंग्रेजी छोटकरीमा UNP भनिनेछ ।

(२) पार्टीको सङ्घीय कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका भित्र रहनेछ ।

(३) पार्टीले यस विधान बमोजिमका आफ्ना कार्यक्रम सञ्चालन र व्यवस्थापनको लागि प्रत्येक प्रदेश र स्थानीय तहमा प्रदेश तथा स्थानीय कार्यालय स्थापना र सञ्चालन गर्नेछ ।

(४) पार्टीले प्रदेश तथा स्थानीय तहमा स्थापना गर्ने कार्यालयको ठेगाना र विवरण कार्यालय स्थापना भएको मितिले तीन महिनाभित्र आयोगको सम्बन्धित कार्यालयलाई उपलब्ध गराउनेछ ।

### ४. पार्टी स्वशासित र संगठित संस्था हुने :-

(१) यो पार्टी अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ ।

(२) पार्टीले ऐनको अधीनमा रही व्यक्तिसरह चल वा अचल सम्पत्ति प्राप्त गर्न, भोगचलन गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

(३) पार्टीले आफ्नो नामबाट नालिस उजुर गर्न र पार्टी उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(४) पार्टीले ऐनको अधीनमा रही व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न वा दायित्व निर्वाह गर्न सक्नेछ ।

(५) ऐन बमोजिम पार्टी खारेज भएमा पार्टीको सम्पत्ति यस विधानमा अन्यथा उल्लेख भएकोमा बाहेक नेपाल सरकारको हुनेछ ।

## परिच्छेद-३

## दलको छाप, चिन्ह र झण्डा

५. **पार्टीको छापः** पार्टीको आफ्नो काम कारबाहीको निमित्त अनुसूची-१ बमोजिमको एउटा छुटै छाप हुनेछ ।

६. **पार्टीको चिन्हः** पार्टीको चिन्ह अनुसूची-२ मा व्यवस्था भए बमोजिम हुनेछ ।

७. **झण्डाः** पार्टीको झण्डा अनुसूची-३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

८. **पार्टीको घोषणपत्र :-**

(१) पार्टीको आफ्नो घोषणापत्र हुनेछ । यस्तो घोषणापत्रको एकप्रति पार्टी दर्ताका लागि आयोगमा निवेदन दिँदा संलग्न राखी पेश गरिनेछ ।

(२) पार्टीले आफ्नो घोषणापत्रमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ। पार्टीको घोषणापत्र संशोधन भएमा संशोधन भएको मितिले तीस दिनभित्र आयोगमा संशोधित घोषणापत्रको प्रति पेश गरिनेछ ।

## परिच्छेद-४

## दलको सिद्धान्त, उद्देश्य र कार्यक्रम

**९. आधारभूत सिद्धान्त र प्रतिबद्धता :-**

**क. दलको आधारभूत सिद्धान्त बमोजिम हुनेछः-**

१. सहभागितामूलक समावेशी लोकतन्त्र
२. लोकतान्त्रिक समाजवाद
३. बहुसांस्कृतिकतावाद र राष्ट्रिय एकता

**ख. दलको प्रतिबद्धता देहाय बमोजिम हुनेछः-**

१. संबैधानिक सर्वोच्चता र विधिको शासन,
२. बहुलवादमा आधारित लोककल्याणकारी राज्य व्यवस्था,
३. नागरिक स्वतन्त्रता र मानव अधिकार,
४. संस्थागत सुधार, पारदर्शिता र जवाफदेहिता,
५. सुशासन र प्रभावकारी सेवा प्रवाह,
६. उदार अर्थतन्त्र, आर्थिक समृद्धि र दिगो विकास,
७. प्रेस स्वतन्त्रता र सूचनाको अधिकार,
८. योग्यताका आधारमा निष्पक्ष चयन प्रणाली,
९. मानवतावादी मूल्य मान्यता,
१०. नवीनता र प्रविधिमैत्री शासन,
११. समता र समानतामूलक समावेशिता,
१२. वातावरणीय अधिकार र जलवायु न्याय,

१३. डिजिटल डेमोक्रेसी,

१४. युवामा आधारित नेतृत्व,

१५. सन्तुलित परराष्ट्र नीति ।

**१०. उद्देश्यः दलको उद्देश्य देहाय बमोजिम हुनेछः-**

संविधान र ऐनको अधीनमा रही समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरू लाई संगठित गरी समुन्नत, समृद्ध र सामाजिक न्याय सहितको स्वाभिमानी राष्ट्र निर्माणका लागि शान्तिपूर्ण राजनीतिक गतिविधि सञ्चालन गर्ने ।

क) लोकतान्त्रिक समाजवादको मूल्य र सिद्धान्तलाई व्यवहारमा उतारी, पूर्ण समावेशी सहभागिता र सामाजिक न्यायसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ पार्ने ।

ख) नेपालको गौरवमय इतिहास, राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता र सार्वभौमिकताको संरक्षण गर्दै समुन्नत, विकसित, स्वाभिमानी राष्ट्र निर्माण गर्ने ।

ग) पार्टीको आन्तरिक लोकतन्त्रलाई व्यवस्थित र पारदर्शी बनाउनुका साथै राजनीतिलाई सुसज्जित, सुसंस्कृत, जनउत्तरदायी, मर्यादित र नैतिकवान बनाउने ।

घ) मानव अधिकारको पूर्ण सम्मान गर्दै प्रत्येक नागरिकको राजनीतिक, आर्थिक, सामाजिक, भाषिक, सांस्कृतिक र धार्मिक अधिकार तथा वैयक्तिक स्वतन्त्रताको सुनिश्चितता गर्ने ।

ङ) राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम राख्दै बहुसांस्कृतिक विविधतालाई राष्ट्रको शक्ति र विकासको स्रोतको रूपमा स्थापित गर्ने ।

च) प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई व्यवस्थापन गर्दै सञ्चार माध्यमको स्वतन्त्रता सुनिश्चितता गर्ने तथा जनतासम्म सूचनाको पहुँच अभिवृद्धि गर्ने ।

छ) सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री, प्रभावकारी, पारदर्शी, जवाफदेही र जनउत्तरदायी बनाई सुशासन, भ्रष्टाचारमा शुन्य सहनशिलता र सार्वजनिक विश्वसनीयता अभिवृद्धि गर्ने ।

ज) समाजिक र आर्थिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाती, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न वर्गको समुन्नत विकास, सहभागिता, आत्मसम्मान, समान पहुँच र अधिकार सुनिश्चित गर्ने ।

झ) कृषि, पर्यटन, उद्योग, जलविद्युत, पूर्वाधार विकास, उद्यमशीलता र दक्ष मानव श्रोतको विकास गरी दिगो आर्थिक विकास र उच्च आर्थिक वृद्धिदर हासिल गर्ने ।

ञ) विज्ञान प्रविधि, कृत्रिम बौद्धिकता र डिजिटलाइजेशनलाई प्रोत्साहन गरी, सूचना प्रविधि क्षेत्रको सशक्त विकास र डिजिटल पूर्वाधार विस्तार मार्फत आधुनिक अर्थतन्त्र निर्माण गर्ने ।

ट) सामाजिक न्याय सहितको उदार अर्थतन्त्र र युवा केन्द्रित रोजगारमुखी नीति अवलम्बन गरी रोजगारीका अवसर सिर्जना, श्रम, सीप र उत्पादकत्व अभिवृद्धि, नवप्रवर्तन तथा सिर्जनात्मक अर्थतन्त्रको विकास मार्फत समग्र आर्थिक प्रगति र समृद्धि सुनिश्चित गर्ने ।

ठ) प्राकृतिक स्रोतहरू को दिगो उपयोग, वातावरण संरक्षण, जलवायु न्यायको प्रवर्द्धन र प्रभावकारी विपद् व्यवस्थापन मार्फत सुरक्षित र सन्तुलित समाज निर्माण गर्ने ।

ड) योग्यतामा आधारित शासन प्रणाली स्थापना गरी दक्ष, इमानदार र जिम्मेवार नेतृत्वद्वारा पारदर्शी, प्रभावकारी र जनउत्तरदायी राजनैतिक तथा प्रशासनिक संरचना निर्माण गर्ने ।

ढ) बहुपक्षियतामा सार्थक संलग्नता तथा बहुध्रुवीयमा रणनीतिक स्वायत्तता र सन्तुलित कूटनीति अवलम्बन गरी अन्तर्राष्ट्रिय सम्बन्धलाई प्रभावकारी बनाउने ।

ण) अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, अभिसन्धि र प्रतिवद्धताहरूको वकालत, प्रभावकारी कार्यान्वयन, निगरानी र उत्तरदायित्व सुनिश्चित गर्ने ।

त) समावेशितालाई न्यायको प्रारम्भ, सहभागितालाई लोकतन्त्रको आत्मा, सेवा नै नेतृत्वको धर्म, र योग्यताको सम्मान नै विकासको आधारको रुपमा स्थापित गर्ने ।

११. **उद्देश्य प्राप्तिका लागि गरिने कार्य :-**

(१) आयोगबाट विधान स्वीकृत भई पार्टी दर्ता भएपछि मात्र पार्टीले धारा-१० मा उल्लेख भएका उद्देश्य प्राप्तिका लागि कार्य सञ्चालन गर्नेछ ।

(२) धारा-१० बमोजिमका उद्देश्य प्राप्त गर्न पार्टीले देहाय बमोजिमका काम गर्नेछ-

(क) पार्टीलाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) पार्टीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरू निर्धारण गर्ने,

(ग) बैंकमा खाता खोली पार्टीलाई प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने,

(घ) पार्टीको कार्य सञ्चालनको लागि आवश्यकता अनुसार अचल सम्पत्ति खरिद गर्ने एवम् विधान र पार्टीको नियमावली बमोजिम उक्त सम्पत्ति बेचबिखन गर्ने,

(ङ) आफ्ना नीति, कार्यक्रम, योजना वा रणनीति सार्वजनिक गर्ने वा सो विषयमा प्रचार प्रसार गर्ने,

(च) संविधान र ऐन बमोजिम आफूसँग सम्बद्ध संस्थाको गठन गर्ने वा गराउने,

(छ) आफ्ना नीति, कार्यक्रम वा योजना कार्यान्वयन गर्न वा गराउन आवश्यकता अनुसार शान्तिपूर्ण जुलुस, आमसभा वा र्‍याली आयोजना गर्ने,

(ज) पार्टीको उद्देश्य तथा कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार प्रसार गर्ने गराउने,

(झ) प्रतिस्पर्धात्मक बहुदलीय, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरणसम्बन्धी कार्य गर्ने,

(ञ) मुलुकको आर्थिक, सामाजिक वा सांस्कृतिक विकासको नीति, योजना र कार्यक्रम जनसमक्ष ल्याउने,

(ट) राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्न योगदान पुऱ्याउने,

(ठ) राजनीतिक वा नागरिक विकासको उत्प्रेरक प्रतिनिधिको रूपमा जनताको राजनीतिक सचेतना अभिवृद्धि गर्ने,

(ड) नागरिकका हक, हित र सरोकार पहिचान गर्ने र त्यस्ता हकको प्रचलन, हित तथा सरोकारको सम्बोधन गर्न आवश्यक प्रयास गर्ने,

(ढ) सबै किसिमका सामाजिक भेदभाव, हिंसा, छुवाछुत वा विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न योगदान पुऱ्याउने,

(ण) सुशासन पाउने नागरिकको हकलाई व्यवहारिक रूपले कार्यान्वयनमा ल्याउन सरकारी, निजी क्षेत्र वा गैर-सरकारी क्षेत्रमा आवश्यक पहल गर्ने र त्यस प्रयोजनका लागि सरकारी संयन्त्रलाई सहयोग गर्ने,

(त) लोकतन्त्रको प्रवर्द्धन, विकास तथा सुदृढीकरणका लागि अन्य आवश्यक काम गर्ने वा गराउने ।

(थ) स्वयंसेवी भावनाको विकास, सार्वभौमिकताको प्रवर्द्धन, मानव अधिकार, सामाजिक न्याय, शान्ति र अहिंसालाई उत्प्रेरित हुने खालका कार्यक्रम सञ्चालन गर्दै सामाजिक सद्भाव र एकता अभिवृद्धि गर्ने,

(द) पार्टीको उद्देश्य पूरा गर्न तोकिए बमोजिम आवश्यक अन्य काम गर्ने,

## १२. नीति तथा कार्यक्रम निर्माण :-

(१) पार्टीको राष्ट्रिय महाधिवेशनबाट पाँच वर्षका लागि पार्टीको नीति तथा कार्यक्रम र बजेट स्वीकृत गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको नीति तथा कार्यक्रम र बजेटमा सम्भव भएसम्म सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका लागि अलग-अलग नीति तथा कार्यक्रम तयार गर्न सकिनेछ ।

(३) सम्बन्धित तहका कमिटीहरू को लागि सम्बन्धित तहको अधिवेशनले उक्त अधिवेशन अवधिभरका लागि नीति तथा कार्यक्रम र बजेट स्वीकृत गरिनेछ ।

(४) सम्बन्धित तहको कमिटीले उक्त तहको महाधिवेशनमा पेश गर्न तयार गर्ने नीति तथा कार्यक्रम र बजेट धारा- १३ बमोजिम तयार गर्नु पर्नेछ ।

## १३. नीति तथा कार्यक्रम निर्माणमा सहभागिता :-

पार्टीको नीति तथा कार्यक्रम तर्जुमा गर्दा सहभागितासम्बन्धी विषय तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## पार्टी सदस्यता, नवीकरण शुल्क र अभिलेख सम्बन्धी व्यवस्था

### १४. सदस्यताको प्रकार :-

पार्टीमा देहाय बमोजिमका सदस्यहरू रहने छन्-

(क) शुभेच्छुक सदस्य : पार्टीका सिद्धान्त, विचार, नीति तथा कार्यक्रम प्रति समर्थन जनाउने तर पार्टी सदस्यता लिएर सक्रिय रुपमा पार्टीमा जिम्मेवारी वहन गर्न नचाहने व्यक्ति शुभेच्छुक सदस्य बन्न सक्नेछ ।

(ख) पार्टी सदस्य : पार्टीले तोकेको फारम भरी सदस्यता शुल्क तिरेर पार्टी सदस्य भएकाहरू ।

(ग) मानार्थ सदस्य : समाज र राष्ट्रको लागि योगदान पुऱ्याएका प्रतिष्ठित व्यक्तिलाई सङ्घीय कमिटीले पार्टीको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

### १५. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता :-

पार्टीको सदस्यता प्राप्त गर्नका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ-

(क) नेपाली नागरिक भएको,

(ख) अठार वर्ष उमेर पूरा गरेको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धिकरण, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौज्दारी कसूरमा कैदको सजाय नपाएको,

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक, कर्मचारीको पदमा बहाल नरहेको,

(ङ) कुनै सार्वजनिक पद धारण गरेको कारणबाट संविधान तथा कानून बमोजिम राजनीतिक दलको सदस्य हुन अयोग्य नरहेको ।

### १६. सदस्य हुन नसक्ने :-

देहायको अवस्था भएको कुनै पनि व्यक्ति पार्टीको सदस्य हुन योग्य हुने छैन-

(क) गैह्र नेपाली नागरिक,

(ख) अठार वर्ष उमेर पूरा नभएको,

(ग) दामासाहीमा परेको,

(घ) मगज बिग्रिएको वा होस ठेगानमा नरहेको,

(ङ) कुनै प्रकारको चोरी, ठगी किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भुक्तान नभएको ।

### १७. सदस्यता समाप्ति :-

(१) देहायको अवस्थामा कुनै पनि व्यक्ति पार्टीको सदस्यता कायम रहने छैन-

(क) धारा-१५ बमोजिम सदस्यता प्राप्त गर्न नसक्ने भएमा,

(ख) यस विधान बमोजिमको प्रक्रिया पूरा गरी पार्टीले सदस्यताबाट हटाएमा,

(ग) आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) मृत्यु भएमा,

(ङ) ऐन बमोजिम पार्टीले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरे, गराएको प्रमाणित भएमा,

(च) सम्बन्धित सदस्यले पार्टी त्याग गरेको लिखित सूचना दिएमा,

(छ) ऐन बमोजिम पार्टी त्याग गरेको मानिने कार्य गरे वा गराएमा,

(ज) अर्को पार्टीको सदस्यता प्राप्त गरेमा ।

(२) उपधारा (१) को खण्ड (ख), (ङ), (च) र (ज) बमोजिम सदस्यता कायम नरहने निर्णय गर्नुअघि सम्बन्धित सदस्यलाई निजको सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपधारा (२) बमोजिम मौका दिएकोमा निजले सफाई पेश गरेपछि वा सफाई पेश गर्ने अवधि समाप्त भएपछि मात्र सदस्यता कायम रहने वा नरहने सम्बन्धमा अन्तिम निर्णय गर्नु पर्नेछ ।

(४) उपधारा (३) बमोजिम पार्टीले गरेको निर्णयउपर चित्त नबुझ्ने सदस्यले पार्टीबाट भएको निर्णयउपर यस विधान बमोजिमको पुनरावेदन कमिटीमा पुनरावेदन गर्नसक्नेछ ।

(५) उपधारा (३) बमोजिम भएको निर्णय उपधारा (४) बमोजिम पुनरावेदन परेकोमा पुनरावेदनको सुनुवाईबाट भएको निर्णय बमोजिम र पुनरावेदन नपरेकोमा पुनरावेदन गर्ने म्याद समाप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

## १८. सदस्यता शुल्क :-

पार्टीको सदस्यता शुल्क देहाय बमोजिम हुनेछ-

(क) पार्टी सदस्यताको लागि प्रवेश शुल्क वापत रु. २००/- (दुई सय रुपैंया) र नविकरण शुल्क वापत वार्षिक रु. २००/- (दुई सय) बुझाउनु पर्नेछ ।

(ख) शुभेच्छुक सदस्य र मानार्थ सदस्यहरू को लागि सदस्यता शुल्क लाग्ने छैन ।

## १९. पार्टीको सदस्यता प्रदान गर्ने कार्यविधि :-

(१) धारा-१५ बमोजिमको योग्यता पुगेको व्यक्तिले पार्टीको सदस्यता लिने कार्यविधि पार्टीले तोके बमोजिम हुनेछ ।

## २०. सदस्यता पुनः प्राप्ति :-

(१) अनुशासनको कारबाहीमा परी पार्टीको सदस्यता समाप्त भएको व्यक्तिले तोकिएको प्रक्रिया पूरा गरी पुनः सदस्यता प्राप्ति गर्न सक्नेछ ।

(२) सम्बन्धित कमिटीले कारवाही फिर्ता लिएको वा कारवाहीको स्वरुप परिवर्तन गरेकोमा बाहेक अनुशासनको कारवाहीमा परी पार्टी सदस्यबाट निष्कासित व्यक्तिले तोकिएको शर्त पूरा गरी लगातार एक वर्षसम्म पार्टीको काममा सक्रिय भई काम गरेमा सदस्यताका लागि आवेदन दिन सक्नेछ ।

(३) पार्टी सदस्यता नवीकरण नगरेको कारण सदस्यता गुमाउन पुगेका व्यक्तिले तोकिए बमोजिम पुनः नवीकरण गरेमा निजको सदस्यता कायम हुनेछ ।

(४) सदस्यता पुनः प्राप्ती सम्बन्धी अन्य व्यवस्था तोकिए बमाजिम हुनेछ ।

## २१. सदस्यता नवीकरण :-

सदस्यतासम्बन्धी व्यवस्था पार्टीले तोके बमोजिम हुनेछ-

(१) सदस्यता नवीकरण वार्षिक रूपमा गर्नु पर्नेछ ।

(२) यदि ५ वर्षको एकमुष्ठ शुल्क बुझाएमा ५ वर्षसम्मका लागि एकै पटक सदस्यता नवीकरण गर्न सकिनेछ ।

(३) सदस्यता नवीकरण सम्बन्धी अन्य व्यवस्था पार्टीले तोके बमोजिम हुनेछ ।

## २२. सदस्यता दर्ता किताब :-

(१) यस परिच्छेद बमोजिम दलले प्रदान गरेको प्रत्येक सदस्यको सदस्यताको प्रकार खुल्ने गरी अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तह, जिल्ला, प्रदेश र सङ्घीय तहमा सदस्यता दर्ता किताब राखिनेछ ।

(२) सदस्यता प्रदान गरेको मितिले सम्बन्धित स्थानीय तह स्तरको कमिटीले १५ दिनभित्र जिल्ला र प्रदेश कमिटीले एक महिनाभित्र र सङ्घीय कमिटीले तीन महिनाभित्र उपधारा (१) बमोजिमको दर्ता किताबमा सदस्यको अभिलेख कायम गर्नेछन् ।

(३) उपधारा (२) बमोजिम कायम भएको दर्ता किताब बमोजिमको अभिलेख विवरण सङ्घीय कमिटीमार्फत प्रत्येक वर्षको चैत्र मसान्तभित्र आयोगमा पेश गरिनेछ ।

## २३. सदस्यता सम्बन्धी अन्य व्यवस्था :-

(१) पार्टीको सदस्यले सदस्यता प्राप्त गरेपछि अनुसूची-५ बमोजिमको सपथ-ग्रहण गर्नु पर्नेछ ।

(२) पार्टीको सदस्यको परीक्षण काल तथा परीक्षणसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ-

(क) पार्टीको सदस्यता लिएको मितिले ६ महिनाभित्र पार्टीको विचार, सिद्धान्त, कार्यक्रम र नीति लगायतको विषयहरू मा प्रशिक्षण लिनु पर्नेछ । प्रशिक्षण सम्बन्धी व्यवस्था पार्टी स्कूल तथा प्रशिक्षण विभागले अनलाइन मोड्युलमार्फत गर्नेछ ।

(ख) पार्टीको निर्णय तथा तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक पालना गरेको हुनु पर्नेछ ।

(३) पार्टी सदस्य सम्बन्धी अन्य व्यवस्था सङ्घीय कमिटी र सम्बन्धित तहगत कमिटीको निर्णय अनुसार हुनेछ ।

## २४. पार्टी सदस्यको काम, कर्तव्य र अधिकार :-

पार्टीको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(१) पार्टी कमिटी, निकाय, विभाग वा तोकिएको संयन्त्रमा संगठित भई कार्य गर्ने ।

(२) तोकिए बमोजिम बैठक, भेला, परिषद्, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने र सम्बन्धित कमिटी, निकाय, विभाग वा तोकिएको संयन्त्रमा आफ्नो मत जाहेर गर्ने ।

(३) तोकिए बमोजिम पार्टी निर्णयप्रति आफ्नो सहमति, असहमतिको मत दिने ।

(४) पार्टीप्रति इमान्दार रही पार्टीका आधिकारिक दस्तावेजहरू को अध्ययन तथा पार्टीद्वारा व्यवस्था गरिएको प्रशिक्षण कार्यक्रममा सहभागी भई सुसूचित हुने र क्षमता अभिबृद्धि गर्ने ।

(५) पार्टीका विचार, विधान वा राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका मुद्दामा विचार तथा एजेण्डा राख्ने ।

(६) पार्टी प्रद्धत्त आन्तरिक लोकतन्त्रको अधिकारलाई प्रयोग गर्दै पार्टीले गरेका कुनै पनि प्रकारको सजायको प्रतिवाद, सुनवाई र पुनरावेदनको अधिकारको उपयोग गर्ने ।

(७) पार्टीको निर्णय, निर्देशन र कार्यक्रम लगायतका दस्तावेजहरू अध्ययन गरी सुसूचित हुने एवम् अनुशरण गर्ने साथै शुभचिन्तक तथा अन्य व्यक्तिलाई जानकारी गराउने ।

(८) पार्टी सदस्यताको नियमित रूपमा नवीकरण गर्ने र पार्टीको कार्यक्रमहरू मा सक्रिय भई जिज्ञासा, अवलोकन, सल्लाह, सुझाव र रचनात्मक आलोचना गर्ने ।

(९) पार्टीको संगठनात्मक अनुशासनलाई निष्ठापूर्वक पालना गर्दै पार्टीको एकता, गोपनियता र प्रतिष्ठालाई जोगाउन पहल गर्ने ।

## परिच्छेद-६
## पार्टीको संगठनात्मक संरचना सम्बन्धी व्यवस्था

**२५. संठनात्मक संरचना :-**

(१) पार्टीको संगठनात्मक संरचना देहाय बमोजिम हुनेछ-

(क) राष्ट्रिय महाधिवेशन,
(ख) राष्ट्रिय प्रतिनिधि परिषद्,
(ग) सङ्घीय कमिटी,
(घ) प्रदेश अधिवेशन,
(ङ) प्रदेश प्रतिनिधि परिषद्,
(च) प्रदेश कमिटी,
(छ) जिल्ला समन्वय कमिटी
(ज) स्थानीय तह अधिवेशन,
(झ) स्थानीय तह कमिटी,
(ज) वडा अधिवेशन,
(ञ) वडा कमिटी,
(त) विभागहरू ,
(द) प्रवास कमिटीहरू ।

(२) उपधारा (१) बमोजिमको निकायहरू सहितको पार्टीको संठनात्मक संरचना अनुसूची-८ मा उल्लेख गरिए बमोजिमको ढाँचामा हुनेछ ।

(३) उपधारा (२) बमोजिमको ढाँचामा प्रतिकूल असर नपर्ने गरी दलको सङ्घीय कमिटीले आवश्यकता अनुसार पार्टीको संठनात्मक संरचनामा सामान्य हेरफेर गर्न सक्नेछ ।

(४) उपधारा (३) बमोजिम संरचनामा हेरफेर गरिएकोमा सो सम्बन्धी निर्णय भएको मितिले तीस दिनभित्र आयोगलाई जानकारी दिनु पर्नेछ ।

(५) उपधारा (३) बमोजिम भएको संरचनाको हेरफेरको निर्णय भएपश्चात लगत्तै सम्पन्न हुने महाधिवेशनमा अनुमोदनका लागि पेश गर्नु पर्नेछ ।

(६) उपधारा (५) बमोजिम महाधिवेशनमा पेश भएकोमा प्रस्ताव स्वीकृत भएमा अनुसूचीमा संशोधन गर्नु पर्नेछ तर प्रस्ताव अस्वीकृत भएमा तत्काल कायम रहेको व्यवस्था बमोजिम हुनेछ ।

(७) उपधारा (६) बमोजिम महाधिवेशनबाट प्रस्ताव अस्वीकृत भएमा संरचना हेरफेरसम्बन्धी सम्पूर्ण कार्य निष्क्रिय हुनेछ ।

## परिच्छेद-७

## कमिटी र पदाधिकारी सम्बन्धी व्यवस्था

**२६. सङ्घीय कमिटी :-**

(१) सङ्घीय तहमा कार्यकारी अधिकारसहितको बढीमा ३०१ सदस्यीय एक सङ्घीय कमिटी रहनेछ ।

(२) उपधारा (१) बमोजिमको कमिटीमा देहाय अनुसारका पदाधिकारीहरू रहनेछन्-

| | |
|---|---|
| (क) अध्यक्ष | - १ |
| (ख) बरिष्ठ नेता | - १ (निवर्तमान अध्यक्ष) |
| (ग) उपाध्यक्ष | - २ (कम्तीमा १ महिला सहित) |
| (घ) महासचिव | - १ |
| (ङ) उपमहासचिव | - २ (कम्तीमा १ महिला सहित) |
| (च) सचिव | - ७ (कम्तीमा ३ महिला सहित) |
| (छ) कोषाध्यक्ष | - १ |

(३) उपधारा (२) बमोजिमको पदाधिकारीहरू को निर्वाचन राष्ट्रिय महाधिवेशनबाट प्रत्येक ५ बर्षमा गरिनेछन् ।

(४) उपधारा (१) बमोजिमको सङ्घीय कमिटीमा कूल सदस्य संख्याको कम्तीमा एक तिहाई महिला सदस्य र एक तिहाई युवाहरू को प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

(५) उपधारा (१) बमोजिमको सङ्घीय कमिटीमा निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिविम्बित हुने गरी पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा तोकिए बमोजिमको संख्यामा रहनेछन् ।

(६) उपधारा (२) बमोजिमको पदाधिकारीमध्ये अध्यक्ष बाहेक अन्य पदाधिकारी तथा सदस्यहरू राष्ट्रिय महाधिवेशनबाट प्रत्यक्ष निर्वाचन विधिबाट पहिलो चरणमा नै निर्वाचित हुनेछन् । अध्यक्ष पदमा पहिलो चरणको निर्वाचनमा ५० प्रतिशत भन्दा बढी मत ल्याउन नसकेमा पहिलो र दोस्रो मत ल्याउने २ जना उम्मेदवारबीच पुनः निर्वाचन प्रक्रियाबाट अध्यक्ष निर्वाचित हुनेछ । दोस्रो हुने उम्मेदवारले सचिवालय सदस्यको रुपमा सङ्घीय कमिटीमा प्रतिनिधित्व गर्नेछ ।

(७) सङ्घीय कमिटीमा अध्यक्ष, पदाधिकारीहरू र सङ्घीय सदस्यहरू समेतले एउटै पदमा लगातार दुई कार्यकाल भन्दा बढी उम्मेदवार हुन पाइने छैन ।

(८) सङ्घीय कमिटीका पदाधिकारीहरू सहित सङ्घीय कमिटिको सदस्यहरू मध्येबाट सर्वसम्मत वा निर्वाचनको विधिबाट कमिटीको कूल संख्याको १० प्रतिशत थप सदस्य रहने गरी सङ्घीय सचिवालय कमिटी गठन गरिनेछ ।

(९) पार्टी अध्यक्षले पदाधिकारी वा सदस्यहरू मध्येबाट एकजनालाई पार्टी प्रवक्ता मनोनित गर्नेछ ।

(१०) सङ्घीय कमिटी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## २७. प्रदेश कमिटी :-

(१) प्रत्येक प्रदेशमा कार्यकारी अधिकारसहितको ९९ सदस्यीय प्रदेश कमिटी रहनेछ ।

(२) उपधारा (१) बमोजिमको प्रदेश कमिटीमा देहाय अनुसार पदाधिकारीहरू रहनेछन्-

| | |
|---|---|
| (क) अध्यक्ष | - १ |
| (ख) उपाध्यक्ष | - २ (कम्तीमा १ महिलासहित) |
| (ग) सचिव | - १ |
| (घ) उपसचिव | - २ (कम्तीमा १ महिलासहित) |
| (ङ) कोषाध्यक्ष | - १ |

(३) उपधारा (२) बमोजिमको पदाधिकारीहरू को निर्वाचन प्रदेश अधिवेशनबाट प्रत्येक ५ बर्षमा गरिनेछन ।

(४) उपधारा (१) बमोजिमको प्रदेश कमिटीमा कूल सदस्य संख्याको कम्तीमा एक तिहाई महिला सदस्य र एक तिहाई युवाहरू को प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

(५) उपधारा (२) बमोजिमको प्रदेश कमिटीमा निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा एक तिहाई महिलासहित सामाजिक विविधता प्रतिविम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको सङ्ख्यामा सदस्य रहनेछन् ।

(६) उपधारा (२) बमोजिमको प्रदेश कमिटीमा अध्यक्ष, पदाधिकारीहरू र सदस्यहरू समेत एउटै पदमा लगातार दुई कार्यकाल भन्दा बढी उम्मेदवार हुन पाइने छैन ।

(७) प्रदेश कमिटीका पदाधिकारीहरू सहित प्रदेश कमिटी कूल संख्याको १० प्रतिशत थप सदस्य रहने गरी प्रदेश **सचिवालय कमिटी गठन** गरिनेछ । प्रदेश कमिटिको सदस्यहरू मध्येबाट सर्वसम्मत वा निर्वाचनको विधिबाट सचिवालय सदस्यहरू चयन गरिनेछ ।

(८) प्रदेश कमिटीसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## २८. स्थानीय कमिटी :-

(१) प्रत्येक जिल्लामा स्थानीय तह कमिटीको पदाधिकारीहरू को भेलाले ७५ सदस्यीय जिल्ला समन्वय कमिटी चयन गर्नेछन् ।

(२) उपधारा (१) बमोजिमको जिल्ला समन्वय कमिटीमा देहाय बमोजिम पदाधिकारीहरू रहनेछन् ।

(क) अध्यक्ष - १

(ख) उपाध्यक्ष - २ (कम्तीमा १ महिला)

(ग) सचिव - १

(घ) उपसचिव - २ (कम्तीमा १ महिला)

(ङ) कोषाध्यक्ष - १

(३) प्रत्येक नगरपालिकामा कार्यकारी अधिकार सहितको बढीमा ७५ सदस्यीय नगर कमिटी रहनेछ ।

(४) उपधारा (३) बमोजिमको नगर कमिटीमा देहाय अनुसारका पदाधिकारीहरू रहनेछन् ।

(क) अध्यक्ष - १

(ख) उपाध्यक्ष - २ (कम्तीमा १ महिला)

(ग) सचिव - १

(घ) उपसचिव - २ (कम्तीमा १ महिला)

(ङ) कोषाध्यक्ष - १

(५) प्रत्येक गाउँपालिकामा कार्यकारी अधिकार सहितको बढीमा ७५ सदस्यीय गाउँपालिका कमिटी रहनेछ ।

(६) उपधारा (५) बमोजिमको गाउँ कमिटीमा देहाय अनुसारका पदाधिकारीहरू

(क) अध्यक्ष - १

(ख) उपाध्यक्ष - २ (कम्तीमा १ महिला)

(ग) सचिव - १

(घ) उपसचिव - २ (कम्तीमा १ महिला)

(ङ) कोषाध्यक्ष - १

(७) प्रत्येक वडामा बढीमा २५ सदस्यीय वडा कमिटी रहनेछन् र वडा कमिटीमा देहाय अनुसारका पदाधिकारीहरू रहनेछन् ।

(क) अध्यक्ष - १

(ख) उपाध्यक्ष - २ (कम्तीमा १ महिला)

(ग) सचिव - १

(घ) कोषाध्यक्ष - १

(८) उपधारा (२) बमोजिमका पदाधिकारीहरू को निर्वाचन सम्बन्धित जिल्ला अधिवेशनबाट, उपधारा (४) र (६) बमोजिमका पदाधिकारीहरू को निर्वाचन सम्बन्धित गाउँ/नगर अधिवेशनबाट प्रत्येक ३ वर्षमा गरिनेछ ।

(९) उपधारा (१), (३), (५) र (७) बमोजिमको कमिटीमा कुल सदस्य संख्याको कम्तीमा एक तिहाई महिला सदस्य रहनेछन् ।

(१०)उपधारा (१), (३), (५) र (७) बमोजिमको कमिटीमा निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा सामाजिक विविधता प्रतिविम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको संख्यामा गरिनेछ ।

(११) कमिटीका पदाधिकारीहरू सहित कमिटीको कूल संख्याको १० प्रतिशत थप सदस्य रहने गरी **सचिवालय कमिटी गठन** गरिनेछ । कमिटिको सदस्यहरू मध्येबाट सर्वसम्मत वा निर्वाचनको विधिबाट सचिवालय सदस्यहरू चयन गरिनेछ ।

(१२) स्थानीय कमिटी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२९. अन्य कमिटीहरू :** (१) धारा २८ बमोजिमको कमिटी बाहेक दलले यस धारामा उल्लेख भए अनुसारका अन्य कमिटी, परिषदहरू को गठन र परिचालन गर्नेछ ।

(२) दलको देहाय अनुसारको सभा परिषद रहने छः-

(क) राष्ट्रिय प्रतिनिधि परिषद्

(ख) प्रदेश प्रतिनिधि परिषद् ।

(३) दलको देहाय अनुसारको अन्य कमिटी रहने छः-

(क) सङ्घीय सल्लाहकार परिषद्

(ख) सङ्घीय अनुशासन आयोग

(ग) सङ्घीय लेखा आयोग

(घ) सङ्घीय निर्वाचन आयोग

(ङ) सङ्घीय बिज्ञ परिषद (विचार केन्द्र)

(च) प्रवास कमिटीहरू ।

(४) उपधारा (२) को खण्ड (क) बमोजिमको राष्ट्रिय प्रतिनिधि परिषद देहाय अनुसार गठन हुनेछन् :-

(क) सङ्घीय कमिटीका पदाधिकारी तथा सदस्यहरू ,

(ख) सङ्घीय सल्लाहकार कमिटीका पदाधिकारी तथा सदस्यहरू ,

(ग) सङ्घीय अनुशासन आयोग, सङ्घीय लेखा आयोग, सङ्घीय निर्वाचन आयोगका पदाधिकारी तथा सदस्यहरू ,

(घ) सङ्घीय विभागीय पदाधिकारी र सदस्यहरू ,

(ङ) पार्टीको तर्फबाट निर्वाचित प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यहरू ,

(च) प्रदेश कमिटीका पदाधिकारीहरू ,

(छ) जिल्ला समन्वय कमिटीका अध्यक्ष

(ज) स्थानीय तह गाउँ/नगर कमिटीका अध्यक्ष

(झ) प्रवास कमिटीका अध्यक्ष,

(ञ) सङ्घीय कमिटीको प्रस्तावमा ५ बर्षको अवधिमा कम्तीमा एक परिषद् बस्नेछ ।

(५) उपधारा (२) को खण्ड (ख) बमोजिमको **प्रदेश परिषद** देहाय अनुसार गठन हुनेछन् :- ।

(क) प्रदेश कमिटीका सबै पदाधिकारी तथा सदस्यहरू

(ख) प्रदेश सल्लाहकार परिषदका पदाधिकारी र सदस्यहरू

(ग) प्रदेश अनुशासन आयोग, प्रदेश लेखा आयोगका र निर्वाचन आयोगको पदाधिकारी तथा सदस्यहरू

(घ) प्रदेश विभागको पदाधिकारी र सदस्यहरू

(ङ) जिल्ला समन्वय कमिटीका पदाधिकारीहरू

(च) स्थानीय तह गाउँ/नगर कमिटीका पदाधिकारीहरू

(छ) प्रदेश परिषद् ५ बर्षको बीचमा कम्तीमा १ पटक बस्नेछ ।

(६) उपधारा (३) को खण्ड (क) बमोजिमको **सङ्घीय सल्लाहकार परिषद** देहाय अनुसार गठन हुनेछन् :-

(१) पार्टीलाई आवश्यकता अनुसार सल्लाह, सुझाव दिनका लागि सङ्घीय कमिटीको कुल सदस्य सङ्ख्याको एक तिहाई नबढ्ने गरी सङ्घीय सल्लाहकार परिषद गठन गरिनेछ,

(२) सङ्घीय सल्लाहकार परिषदमा अध्यक्ष-१, उपाध्यक्ष-१ र सचिव-१ सहित सङ्घीय कमिटीले तोकिएको सङ्ख्यामा सदस्यहरू लाई मनोनयन गर्नेछ,

(४) सल्लाहकार परिषद अध्यक्षको मर्यादा पदाधिकारी सरह हुनेछ भने उपाध्यक्ष, सचिव र सदस्यहरू को मर्यादाक्रम सङ्घीय सदस्य सरह हुनेछ,

(५) सल्लाहकार परिषदको अध्यक्षले सङ्घीय सचिवालय र सङ्घीय कमिटिको बैठकमा भाग लिएपनि मताधिकारको अधिकार हुने छैन,

(६) सङ्घीय सल्लाहकार परिषदको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन्-

(क) सल्लाहकार परिषदको अध्यक्षले पार्टी अध्यक्षसँग परामर्श लिई बैठक बोलाउन सचिवलाई निर्देशन दिने, बैठकको अध्यक्षता गर्ने,

(ख) सङ्घीय परिषदलाई आवश्यकता अनुसार विशेष सल्लाह, सुझाव दिने,

(ग) सङ्घीय परिषदले तोकेको अन्य अन्य कार्यहरू गर्ने ।

(७) उपधारा (३) को खण्ड (ख) बमोजिमको **सङ्घीय अनुशासन आयोग** देहाय अनुसार गठन हुने छन् :-

(१) राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष-१, सचिव-१ र सदस्य-२३ सहित २५ सदस्यीय सङ्घीय अनुशासन आयोगको निर्वाचन हुनेछ,

(२) आयोगको अध्यक्षको मर्यादा सचिवालय सरह हुनेछ भने सचिव र सदस्यहरू को मर्यादा सङ्घीय सदस्य सरह हुनेछ ।

(३) अध्यक्षले सङ्घीय कमिटी र सचिवालय बैठकमा भाग लिन सक्नेछन् तर निजलाई मताधिकार हुने छैन,

(४) आयोग सङ्घीय महाधिवेशन र सङ्घीय महाधिवेशन प्रतिनिधि परिषद्प्रति उत्तरदायी रहनेछ,

(५) सङ्घीय अनुशासन आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) पार्टीको सबै तहको कमिटीहरू  र सदस्यले पार्टीको निर्णय, निर्देशन र अनुशासनको पालना गरे, नगरेको अनुगमन गर्ने, अनुशासन पालना गर्न, गराउन सम्बन्धित कमिटी र सदस्यलाई निर्देशन दिने,

(ख) कुनैपनि तहको सदस्य उपर पार्टी निर्णय विपरीतको क्रियाकलाप गरेको, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा लिखित, मौखिक उजुरी आए सो सम्बन्धमा छानवीन गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिने,

(ग) अनुशासनको कार्वाही र पुनरावेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित कमिटीलाई दिनुका साथै सबै खालका निर्णयहरू को जानकारी सङ्घीय कमिटीलाई दिने,

(घ) पार्टी सदस्य कुनैपनि जनप्रतिनिधिमुलक संस्था वा लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यको नियुक्ति हुँदा र बहाल रहँदा वा अवकाश लिँदाको अवस्थामा निजको सम्पत्ति विवरण लिई अभिलेख राख्ने र आवश्यकता अनुसार छानविन गर्ने,

(ङ) सङ्घीय अनुशासन आयोगले आफ्नो कामको प्रतिवेदन सङ्घीय कमिटी, सङ्घीय महाधिवेशन प्रतिनिधि परिषद् र विधान महाधिवेशनमा प्रस्तुत गर्ने,

(च) आयोगको पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा सो पदमा बाँकी कार्यकालका लागि मनोनयन गर्ने,

(छ) आयोगले गर्ने कामको कार्य सम्पादन नियमावली आफैले बनाउने तर यस्तो नियमावलीलाई सङ्घीय सचिवालय बैठकले अनुमोदन गर्नुपर्नेछ ।

(ज) सङ्घीय कमिटीले तोकेको अन्य अन्य कार्यहरू  गर्ने ।

(८) उपधारा (३) को खण्ड (ग) बमोजिमको **सङ्घीय लेखा आयोग** देहाय अनुसार गठन हुनेछन् :-

(१) राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष-१, सचिव-१ र सदस्य-२३ सहित २५ सदस्यीय सङ्घीय लेखा आयोगको निर्वाचन हुनेछ,

(२) आयोगको अध्यक्षको मर्यादा सचिवालय सरह हुनेछ भने सचिव र सदस्यहरू को मर्यादा सङ्घीय सदस्य सरह हुनेछ ।

(३) आयोगको अध्यक्षले सङ्घीय कमिटी र सचिवालय बैठकमा भाग लिन सक्नेछन् तर निजलाई मताधिकार हुने छैन,

(४) सङ्घीय महाधिवेशन र महाधिवेशन प्रतिनिधि परिषद्प्रति उत्तरदायी रहनेछ,

(५) सङ्घीय लेखा आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) पार्टीको सङ्घीय कमिटीको आय-व्यय नियमित अनुगमन तथा वार्षिक रुपमा लेखापरीक्षण गर्ने, यसका लागि आवश्यकता अनुसार लेखा परीक्षक तथा विज्ञहरू नियुक्त गर्ने,

(ख) पार्टी मातहतका कमिटीहरू को लेखा परीक्षण गर्ने, आवश्यकता अनुसार ती कमिटीहरू को आय-व्ययको निरीक्षण गरी सुझावसहितको प्रतिवेदन सङ्घीय कमिटीमा प्रस्तुत गर्ने,

(ग) लेखा प्रणालीलाई व्यस्थित गर्न सङ्घीय कार्यालयसँगको संयोजनमा लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने,

(घ) सङ्घीय लेखा आयोगले आफ्नो कामको प्रतिवेदन सङ्घीय कमिटी, सङ्घीय महाधिवेशन प्रतिनिधि परिषद् र विधान महाधिवेशनमा प्रस्तुत गर्ने,

(ङ) आयोगको पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा सो पदमा बाँकी कार्यकालका लागि मनोनयन गर्ने,

(च) पार्टीको लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी नियमावली बनाई अनुमोदनका लागि सङ्घीय सचिवालयमा पेश गर्ने,

(छ) सङ्घीय कमिटीले तोकेको अन्य अन्य कार्यहरू गर्ने ।

(९) उपधारा (३) को खण्ड (घ) बमोजिमको **सङ्घीय निर्वाचन आयोग** देहाय अनुसार गठन हुनेछन् :-

(१) राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष-१, सचिव-१ र सदस्य-२३ सहित २५ सदस्यीय सङ्घीय निर्वाचन आयोगको निर्वाचन हुनेछ,

(२) आयोगको अध्यक्षको मर्यादा सचिवालय सरह हुनेछ भने सचिव र सदस्यहरू को मर्यादा सङ्घीय सदस्य सरह हुनेछ ।

(३) आयोगको अध्यक्षले सङ्घीय कमिटी र सचिवालय बैठकमा भाग लिन सक्नेछन् तर निजलाई मताधिकार हुने छैन,

(४) आयोग सङ्घीय महाधिवेशन र महाधिवेशन प्रतिनिधि परिषद्प्रति उत्तरदायी रहनेछ,

(५) सङ्घीय निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) पार्टीको सङ्घीय कमिटी र सङ्घीय आयोगहरू को निर्वाचन गर्ने, गराउने,

(ख) प्रदेश कमिटी तथा जिल्ला समन्वय कमिटीका पदाधिकारी एवम् सदस्यहरू को निर्वाचन गर्ने, गराउने,

(ग) प्रदेश तथा जिल्ला समन्वय कमिटीका मातहतका पदाधिकारी एवम् सदस्यहरू को निर्वाचन सम्बन्धी कार्यमा आवश्यक निर्देशन दिने र अनुगमन गर्ने,

(घ) सङ्घीय निर्वाचन आयोगले आफ्नो कामको प्रतिवेदन सङ्घीय कमिटी, सङ्घीय महाधिवेशन प्रतिनिधि परिषद् र विधान महाधिवेशनमा प्रस्तुत गर्ने,

(ङ) आयोगको पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा सो पदमा बाँकी कार्यकालका लागि मनोनयन गर्ने,

(च) पार्टीको निर्वाचन सम्बन्धी नियमावली बनाई अनुमोदनका लागि सचिवालयमा पेश गर्ने,

(छ) सङ्घीय कमिटीले तोकेको अन्य अन्य कार्यहरू गर्ने ।

(१०) उपधारा (३) को खण्ड (ङ) बमोजिमको **विज्ञ परिषद (विचार केन्द्र)** देहाय अनुसार गठन हुनेछन् :-

(१) सङ्घीय कमिटीको बैठकले अध्यक्ष-१, सचिव-१ र सदस्य-२३ सहित बढीमा २५ सदस्यीय सङ्घीय विज्ञ परिषद (बिचार केन्द्र) गठन गरिनेछ ।

(२) विज्ञ परिषदको अध्यक्षको मर्यादा सचिवालय सदस्य सरह हुनेछ भने सचिव र सदस्यहरू को मर्यादा सङ्घीय सदस्य सरह हुनेछ ।

(३) विज्ञ परिषदको अध्यक्षले सङ्घीय कमिटी र सचिवालय बैठकमा भाग लिन सक्नेछन् तर निजलाई मताधिकार हुने छैन,

(४) विज्ञ परिषद सङ्घीय कमिटी प्रति उत्तरदायी रहनेछ,

(५) विज्ञ परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) विज्ञ परिषद (विचार केन्द्र) ले पार्टीको वैचारिक संयन्त्रको रूपमा कार्य गर्ने र निर्णायक विषयहरूमा दिशानिर्देशन प्रदान गर्ने ।

(ख) पार्टीको विधान, उद्देश्य र सिद्धान्तको व्याख्या तथा संरक्षण गर्ने, नीति निर्माण गर्ने, र निर्णय प्रकृयामा मार्गदर्शन प्रदान गर्ने ।

(ग) पार्टीको कुनै पनि निर्णय, नीति र कार्यसम्पादन पार्टीको विधान अनुरूप छन् कि छैनन् भन्ने समीक्षा गर्ने, सुधारात्मक सिफारिस गर्ने ।

(घ) विभाग तथा आयोगहरू को कार्य सम्पादनका लागि मार्गदर्शन र सन्दर्भ सामाग्रीहरू तयार गर्ने ।

(ङ) पार्टीभित्र वैचारिक विवाद उत्पन्न भएमा समाधान गर्ने ।

(च) विज्ञ परिषद (विचार केन्द्र) ले गर्ने कामको कार्य सम्पादन नियमावली आफैले बनाउने तर यस्तो नियमावलीलाई सङ्घीय सचिवालय बैठकले अनुमोदन गर्नुपर्नेछ ।

(छ) सङ्घीय कमिटीले तोकेको अन्य अन्य कार्यहरू गर्ने ।

(११) उपधारा (३) को खण्ड (च) बमोजिमको प्रवास कमिटी बढीमा २५ सदस्यीय हुनेछन् र कमिटीमा देहाय अनुसार पदाधिकारीहरू रहनेछन् । प्रवास कमिटीको पदाधिकारीहरुको मर्यादा प्रदेश कमिटी सरह र सदस्यहरु जिल्ला समन्वय कमिटी सरह हुनेछ । पार्टी सदस्य र भुगोलको आधारमा एउटै देशभित्र प्रादेशिक प्रवास कमिटीहरु गठन गर्न सकिनेछ । सो सम्बन्धी कार्यविधि तोके बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) अध्यक्ष | - १ |
| (ख) उपाध्यक्ष | - २ (कम्तीमा १ महिला) |
| (ग) सचिव | - १ |
| (घ) कोषाध्यक्ष | - १ |

**३०. विभागहरू :** (१) दलको काम कारबाहीलाई सबै वर्ग, समुदाय, जातजाति, भाषाभाषी र क्षेत्र सम्म सहज रुपमा सञ्चालन गर्न गराउन दलले यस दफामा उल्लेख भए अनुसार विभिन्न तहमा विभागहरू को गठन र परिचालन गर्नेछ ।

(१) पार्टीको काम, कारवाहीलाई सबै वर्ग, समुदाय, जातजाति, भाषाभाषी र क्षेत्रसम्म सहज रूपमा सञ्चालन गर्न, गराउन दलले यस दफामा उल्लेख भएअनुसार विभिन्न विभागहरू को गठन र परिचालन गर्नेछ ।

(२) पार्टीको सङ्घीय तहमा देहायअनुसारका विभागहरू रहने छन्-

(१) संगठन विभाग,

(२) स्कूल तथा प्रशिक्षण विभाग,

(३) अन्तर्राष्ट्रिय सम्बन्ध विभाग,

(४) नीति अनुसन्धान विभाग,

(५) कोष तथा आर्थिक व्यवस्थापन विभाग,

(६) प्रचारप्रसार तथा प्रकाशन विभाग,

(७) कानुन तथा न्याय विभाग,

(८) निर्वाचन विभाग,

(९) विपद् व्यवस्थापन तथा मानवीय सहायता विभाग,

(१०) सामाजिक सेवा विभाग,

(११) उद्योग तथा वाणिज्य विभाग,

(१२) उपभोक्ता हित संरक्षण विभाग,

(१३) कृषि तथा भुमिसुधार विभाग,

(१४) खानेपानी तथा सरसफाई विभाग,

(१५) ऊर्जा, सिंचाई तथा जलस्रोत विभाग,

(१६) पर्यटन प्रवर्द्धन तथा नागरिक उड्डयन विभाग,

(१७) पूर्वाधार विकास तथा यातायात विभाग,

(१८) शिक्षा तथा मानव स्रोत विभाग,

(१९) विज्ञान तथा सूचना प्रविधि विभाग,

(२०) खेलकुद विभाग,

(२१) वन, वातावरण तथा जलवायु परिवर्तन विभाग,

(२२) श्रम तथा रोजगार विभाग,

(२३) गरिबी निवारण तथा सहकारी विभाग,

(२४) शहरी विकास विभाग,

(२५) स्वास्थ्य तथा जनसङ्ख्या विभाग,

(२६) महिला, वालवालिका तथा समावेशी विभाग,

(२७) सङ्घीय मामिला विभाग,

(२८) शासकिय मामिला विभाग,

(२९) संसदीय विभाग,

(३०) पेशागत तथा बुद्धिजीवी विभाग,

(३१) मानव अधिकार तथा सामाजिक न्याय विभाग,

(३२) कला, साहित्य तथा संस्कृति विभाग,

(३३) नवप्रवर्तन तथा उद्यमशिलता विकास विभाग

(३४) मेलमिलाप तथा द्वन्द्व व्यवस्थापन विभाग,

(३५) सार्वजनिक लेखा अनुगमन तथा सुशासन विभाग,

(३६) सम्पर्क कमिटी समन्वय विभाग,

(३७) विशेष सूचना तथा संजालीकरण विभाग,

(३८) युवा तथा विद्यार्थी विभाग,

(३९) स्थानीय तह विभाग,

(४०) अन्तरपार्टी समन्वय विभाग ।

(३) उपधारा (२) बमोजिमका विभागमा तोकिए बमोजिमको पदाधिकारी र सदस्यहरू रहनेछन् ।

(४) प्रदेश तहमा देहाय अनुसारका विभागहरू रहने छन्-

(१) संगठन विभाग,

(२) स्कूल तथा प्रशिक्षण विभाग,

(३) नीति अनुसन्धान विभाग,

(४) कोष तथा आर्थिक व्यवस्थापन विभाग,

(५) प्रचारप्रसार तथा प्रकाशन विभाग,

(६) विपद व्यवस्थापन तथा मानवीय सहायता विभाग,

(७) सामाजिक सेवा विभाग,

(८) उद्योग तथा वाणिज्य विभाग,

(९) उपभोक्ता हित संरक्षण विभाग,

(१०) कृषि तथा भुमिसुधार विभाग,

(११) खानेपानी तथा सरसफाई विभाग,

(१२) ऊर्जा, सिंचाई तथा जलस्रोत विभाग,

(१३) पर्यटन विभाग,

(१४) पूर्वाधार विकास तथा यातायात विभाग,

(१५) शिक्षा तथा मानव स्रोत विभाग,

(१६) खेलकुद विभाग,

(१७) वन, वातावरण तथा जलवायु परिवर्तन विभाग,

(१८) श्रम तथा रोजगार विभाग,

(१९) गरिबी निवारण तथा सहकारी विभाग,

(२०) स्वास्थ्य तथा जनसङ्ख्या विभाग,

(२१) महिला, वालवालिका तथा समावेशी विभाग,

(२२) संसदीय विभाग,

(२३) पेशागत तथा बुद्धिजीवी विभाग,

(२४) मानव अधिकार तथा सामाजिक न्याय विभाग,

(२५) कला, साहित्य तथा संस्कृति विभाग,

(२६) नवप्रवर्तन तथा उद्यमशिलता विकास विभाग,

(२७) मेलमिलाप तथा द्वन्द्व व्यवस्थापन विभाग,

(२८) सार्वजनिक लेखा अनुगमन तथा सुशासन विभाग,

(२९) सम्पर्क कमिटी समन्वय विभाग,

(३०) युवा विद्यार्थी विभाग,

(३१) अन्तरपार्टी समन्वय विभाग ।

(५) उपधारा (४) बमोजिमका विभागमा तोकिए बमोजिमको पदाधिकारी र सदस्यहरू रहनेछन् ।

(६) दलको स्थानीय तहमा देहाय अनुसारका विभागहरू रहने छन्-

(१) संगठन विभाग,

(२) स्कूल तथा प्रशिक्षण विभाग,

(३) कोष तथा आर्थिक व्यवस्थापन विभाग,

(४) प्रचारप्रसार तथा प्रकाशन विभाग,

(५) विपद व्यवस्थापन तथा मानवीय सहायता विभाग,

(६) सामाजिक सेवा विभाग,

(७) कृषि विभाग,

(८) खानेपानी तथा सरसफाई विभाग,

(९) शिक्षा विभाग,

(१०) खेलकुद विभाग,

(११) स्वास्थ्य विभाग,

(१२) मेलमिलाप तथा द्वन्द्व व्यवस्थापन विभाग,

(१३) सार्वजनिक लेखा अनुगमन तथा सुशासन विभाग,

(१४) युवा विद्यार्थी विभाग,

(१५) अन्तरपार्टी समन्वय विभाग ।

(७) उपधारा (६) बमोजिमका विभागमा तोकिए बमोजिमको पदाधिकारी र सदस्यहरू रहनेछन् ।

(८) उपधारा २, ४ र ६ बमोजिमका विभागहरू मा रहने पदाधिकारीहरू को छनौट सम्बन्धित पार्टी कमिटीले गरिनेछ ।

(९) उपधारा २, ४ र ६ बमोजिमका विभागहरू मा कुल सदस्य संख्याको कम्तिमा एक तिहाई महिला सदस्य रहनेछन् ।

(१०)उपधारा २, ४ र ६ बमोजिमका विभागहरू मा समावेशी समूहबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको संख्यामा सदस्य रहनेछन् ।

(११) यस धारा बमोजिम गठन हुने विभागको सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३१. पदावधि :-** (१) सङ्घीय कमिटी तथा प्रदेश कमिटी तथा सङ्घीय र प्रदेश तहमा रहने कमिटी, विभाग, परिषदको पदावधि ५ वर्षको हुनेछ ।

(२) जिल्ला तथा गाउँ/नगर कमिटी र जिल्ला तथा गाउँ/नगर तहमा रहने कमिटी, विभाग, परिषदको पदावधि वर्षको ३ हुनेछ ।

(३) वडा कमिटीको पदावधि ३ वर्षको हुनेछ ।

(४) प्रवास तथा अन्य कमिटीको पदावधि ३ बर्षको हुनेछ ।

**३२. संसदीय दल :-**

(१) सङ्घीय संसद वा प्रदेश सभाको निर्वाचनमा दलको तर्फबाट निर्वाचित प्रत्येक सदस्यहरू संसदीय दलको सदस्य रहने गरी सङ्घीय तथा प्रदेश सभा संसदीय दल गठन गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको प्रतिनिधिसभा तथा प्रदेशसभा संसदीय दलमा देहाय अनुसार पदाधिकारीहरू रहने छन्-

(क) दलको नेता,

(ख) दलको उपनेता,

(ग) प्रमुख सचेतक,

(घ) सचेतक ।

(३) दलको सङ्घीय तथा प्रदेश संसदीय दलसम्बन्धी अन्य व्यवस्था सम्बन्धित संसदीय दलको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) स्थानीय तहमा दलको तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरू रहेको स्थानीय तह दल गठन गर्न सकिनेछ ।

(५) उपधारा (४) बमोजिम गठन हुने स्थानीय तह दलसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) यस उपधारा बमोजिम गठन हुने संसदीय दल तथा संसदीय कमिटीको पदावधि सम्बन्धित तहको संसद, सभाको अवधिभर हुनेछ ।

## परिच्छेद- ८

## निर्वाचन र मनोनयनसम्बन्धी व्यवस्था

**३३. निर्वाचन प्रणाली :-**

(१) पार्टीको सङ्घीय कमिटी, प्रदेश कमिटी, जिल्ला समन्वय कमिटी, स्थानीय तह कमिटी, वडा कमिटी लगायत दलको विभिन्न कमिटी र आयोगहरू मा रहने पदाधिकारीको निर्वाचनका लागि प्रत्यक्ष निर्वाचित निर्वाचन प्रणाली अपनाइनेछ ।

**(२) सङ्घीय कमिटीको पदाधिकारीहरू को निर्वाचन देहाय अनुसार गरिनेछ-**

(क) राष्ट्रिय महाधिवेशनबाट सङ्घीय कमिटीका पदाधिकारी र सदस्यहरू प्रत्यक्ष निर्वाचन विधि मार्फत महाधिवेशन प्रतिनिधिहरू ले सर्वसम्मत वा मतदानबाट चयन गरिनेछ । अध्यक्ष पदको निर्वाचित अध्यक्षले ५० प्रतिशत भन्दा बढी मत ल्याउनु पर्नेछ । पहिलो चरणमा ५० प्रतिशत भन्द बढी मत ल्याउन नसकेमा पहिलो र दोस्रो मत ल्याउने उम्मेदवारबीच पुनः निर्वाचन गरी अध्यक्ष निर्वाचित गर्नेछ ।

(ख) निर्वाचन सम्बन्धी व्यवस्था सङ्घीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावली बमोजिम हुनेछ,

(ग) निर्वाचित सङ्घीय कमिटीहरू समावेशी सिद्धान्त अनुसार हुनेछन् ।

**(३) प्रदेश कमिटीको पदाधिकारीहरू को निर्वाचन देहाय अनुसार गरिनेछ-**

(क) प्रदेश कमिटीका पदाधिकारी एवम् सदस्यहरू को निर्वाचन सङ्घीय निर्वाचन आयोगले प्रत्यक्ष निर्वाचन विधि मार्फत अधिवेशन प्रतिनिधिहरू ले सर्वसम्मत वा मतदानबाट गरिनेछ ।

(ख) निर्वाचन सम्बन्धी व्यवस्था सङ्घीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावली बमोजिम हुनेछ,

(ग) निर्वाचित प्रदेश कमिटीहरू समावेशी सिद्धान्तअनुसार हुनेछन् ।

**(४) जिल्ला समन्वय कमिटीको पदाधिकारीहरू को निर्वाचन देहायअनुसार गरिनेछ-**

(क) जिल्ला समन्वय कमिटीका पदाधिकारी एवम् सदस्यहरू को निर्वाचन सङ्घीय निर्वाचन आयोगले गराउनेछ। जिल्ला समन्वय कमिटीको निर्वाचन प्रयोजनको लागि भएको भेलाको प्रतिनिधिहरू जिल्ला भित्रका गाउँ/नगर कमिटीको पदाधिकारीहरू सबै र सो को दोब्बर संख्या हुने गरी पार्टी सदस्य संख्याको आधारमा जिल्ला समन्वय कमिटीले तोके अनुसार स्थानीय तह कमिटीबाट प्रतिनिधिहरु चयन हुनेछन् । कूल संख्याको पाँच प्रतिशत प्रतिनिधिहरु मनोनित हुनेछन् ।

(ख) निर्वाचन सम्बन्धी व्यवस्था सङ्घीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावली बमोजिम हुनेछ,

(ग) निर्वाचित जिल्ला कमिटीहरू समावेशी सिद्धान्त अनुसार हुनेछन् ।

**(५) स्थानीय तह कमिटीको पदाधिकारीहरू को निर्वाचन देहाय अनुसार गरिनेछ-**

(क) स्थानीय तह कमिटीका पदाधिकारी एवम् सदस्यहरू को निर्वाचन प्रदेश कमिटीद्वारा गठित निर्वाचन कमिटीले गराउनेछ,

(ख) निर्वाचनसम्बन्धी व्यवस्था सङ्घीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावली बमोजिम हुनेछ,

(ग) निर्वाचित स्थानीय तह कमिटीहरू समावेशी सिद्धान्तअनुसार हुनेछन् ।

**(६) वडा कमिटीको पदाधिकारीहरू को निर्वाचन देहाय अनुसार गरिनेछ-**

(क) वडा कमिटीका पदाधिकारी एवम् सदस्यहरू को निर्वाचन स्थानीय तह कमिटीद्वारा गठित निर्वाचन कमिटीले गराउनेछ,

(ख) निर्वाचनसम्बन्धी व्यवस्था सङ्घीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावली बमोजिम हुनेछ,

(ग) निर्वाचित वडा कमिटीहरू समावेशी सिद्धान्तअनुसार हुनेछन् ।

**(७) अन्य कमिटीको पदाधिकारीहरू को निर्वाचन देहायअनुसार गरिनेछ-**

(क) अन्य कमिटीका पदाधिकारी एवम् सदस्यहरू को निर्वाचन कमिटीद्वारा गठित निर्वाचन कमिटीले गराउनेछ,

(ख) निर्वाचनसम्बन्धी व्यवस्था सङ्घीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावली बमोजिम हुनेछ,

**(८) दलको विभिन्न तहमा रहने कमिटीको पदाधिकारीहरू को निर्वाचन देहाय अनुसार गरिनेछ-**

(क) विभिन्न तहमा रहने विभागको पदाधिकारीहरू को चयन अध्यक्षको प्रस्तावमा सम्बन्धित कमिटीको बैठकले गरिनेछ। विभागको प्रमुख तथा उपप्रमुख सम्बन्धित कमिटीको सदस्यहरू मध्येबाट चयन गरिनेछ।

**(९) दलको परिषद्को पदाधिकारीहरू को निर्वाचन देहाय अनुसार गरिनेछ-**

(क) सम्बन्धित तहको परिषदमा बिधानमा व्यवस्था भए अनुसार छनौट भएको परिषदको प्रतिनिधिहरु रहनेछन् ।

(१०) पार्टीको कार्य सञ्चालनका लागि आवश्यक अन्य कमिटीको निर्वाचन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ३४. निर्वाचन कमिटी :-

(१) सङ्घीय कमिटी, प्रदेश कमिटी, जिल्ला समन्वय कमिटी, स्थानीय तह कमिटी, वडा कमिटी लगायत विधान बमोजिम गठन गर्नुपर्ने अन्य कमिटीको निर्वाचन सम्पन्न गर्नका लागि सङ्घीय, प्रदेश, स्थानीय तह तथा अन्य आवश्यक निकाय वा स्तरमा स्थायी संरचनाको रूपमा एक निर्वाचन कमिटी रहनेछ ।

(२) उपधारा (१) बमोजिमको निर्वाचन कमिटीमा देहाय अनुसारका पदाधिकारीहरू  रहने छन्-

(क) अध्यक्ष -१ जना,

(ख) सचिव -१ जना,

(ग) सदस्य -३ जना,

(३) उपधारा (२) बमोजिमको निर्वाचन कमिटीमा एक तिहाई महिला सदस्य रहने छन् ।

(४) निर्वाचन कमिटीका पदाधिकारीहरू को निर्वाचन राष्ट्रिय महाधिवेशन तथा सम्बन्धित तहको अधिवेशनबाट प्रत्यक्ष निर्वाचन प्रणाली बमोजिम हुनेछ ।

(५) सम्बन्धित तहको निर्वाचन कमिटीका पदाधिकारीहरू  सम्बन्धित तहको कमिटीका पदेन सदस्य रहने छन् ।

(६) निर्वाचनसम्बधी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ३५. निर्वाचन कमिटीको काम, कर्तव्य र अधिकार :-

(१) निर्वाचन कमिटीको काम, कर्तव्य र अधिकार देहाय बोजिम हुनेछन्-

(क) मतदाता नामावली तयार गर्ने,

(ख) सम्बन्धित तहको कमिटीको निर्वाचनका लागि निर्वाचनको मिति, स्थान र समयको घोषणा गर्ने,

(ग) सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनबाट उक्त तहको कमिटी, निर्वाचन कमिटी वा विधान बमोजिमका अन्य कमिटीमा निर्वाचन गर्नुपर्ने पदाधिकारीहरू को निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

(घ) मतदान स्थल तथा मतगणना स्थलको सुरक्षा व्यवस्था मिलाउने,

(ङ) उमेदवारको अयोग्यता सम्बन्धमा परेको उजुरी उपर निर्णय गर्ने,

(च) निर्वाचन तथा मतदान प्रक्रिया निर्धारण गर्ने,

(छ) निर्वाचन आचारसंहिताको निर्माण र लागू गर्ने ।

(२) उपधारा (१) बमोजिम निर्वाचन कमिटीको कार्यमा सहयोग गर्नु सम्बन्धित तहको अधिवेशन आयोजक कमिटीको कर्तव्य हुनेछ ।

(३) निर्वाचन कमिटीको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**३६. मतदाता :-**

(१) सङ्घीय कमिटी, प्रदेश कमिटी, जिल्ला समन्वय कमिटी, स्थानीय तह कमिटी लगायत विधान बमोजिम गठन गर्नुपर्ने अन्य कमिटीको निर्वाचनका लागि सम्बन्धित तहको महाधिवेशन वा अधिवेशन प्रतिनिधिहरू नै मतदाता कायम हुनेछन् । महाधिवेशन वा अधिवेशन प्रतिनिधिहरू छनौट सम्बन्धी कार्यविधि, प्रतिनिधिहरू को संख्या र निर्वाचन क्षेत्र निर्धारण सम्बन्धित कमिटीको निर्णय बमोजिम हुनेछ ।

(२) उपधारा (१) बमोजिम कायम हुने मतदाताहरू को नामावली तयार गर्ने कार्य निर्वाचन कमिटीको हुनेछ ।

(३) मतदाता नामावली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३७. महाधिवेशन तथा अधिवेशनमा प्रतिनिधिको योग्यता :-**

**(१) राष्ट्रिय महाधिवेशनको प्रतिनिधि हुनका लागि देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ-**

(क) राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि चुनिनका लागि पार्टी सदस्य हुनुपर्नेछ ।

**(२) प्रदेश अधिवेशनको प्रतिनिधि हुनका लागि देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ-**

(क) प्रदेश अधिवेशनमा प्रतिनिधि चुनिनका लागि कम्तिमा पार्टी सदस्य हुनु पर्नेछ ।

**(३) जिल्ला समन्वय कमिटीको प्रतिनिधि हुनका लागि देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ-**

(क) जिल्ला भेलामा प्रतिनिधि चुनिनका लागि स्थानीय तह कमिटीको पदाधिकारीहरु र स्थानीय तहबाट प्रतिनिधि चुनिनका लागि पार्टी सदस्य हुनु पर्नेछ ।

**(४) स्थानीय तह अधिवेशनको प्रतिनिधि हुनका लागि देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ-**

(क) स्थानीय तह अधिवेशनमा प्रतिनिधि चुनिनका लागि पार्टी सदस्य हुनु पर्नेछ ।

**(५) वडा अधिवेशनको प्रतिनिधि हुनका लागि देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ-**

(क) वडा अधिवेशनमा प्रतिनिधि चुनिनका लागि पार्टी सदस्य हुनु पर्नेछ ।

(६) राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको प्रतिनिधि हुन देहायको अवस्थाको कुनैपनि व्यक्ति अयोग्य हुनेछः-

(क) राष्ट्रिय महाधिवेशनको लागि उपधारा (१), प्रदेश अधिवेशनको लागि उपधारा (२), जिल्ला भेलाको लागि उपधारा (३), गाउँ/नगर अधिवेशनको लागि उपधारा (४) र वडा अधिवेशनको लागि उपधारा (५) बमोजिमको योग्यता पूरा नभएको,

(ख) सम्बन्धित कमिटीले तोके बमोजिम छनौट भएका प्रतिनिधिहरू बाहेकको सदस्यहरू

## ३८. राष्ट्रिय महाधिवेशन तथा अधिवेशन प्रतिनिधिको निर्वाचन :-

(१) विधानमा भएको व्यवस्था तथा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी महाधिवेशन तथा अधिवेशन प्रतिनिधिको निर्वाचन सम्बन्धित तहको निर्वाचन कमिटीले गर्नेछ ।

(२) राष्ट्रिय महाधिवेशनमा ६६ प्रतिशत प्रतिनिधिहरू सङ्घीय कमिटीले पार्टी सदस्य संख्याको आधारमा प्रदेश अनुसार तोके बमोजिमको संख्यामा महाधिवेशन प्रतिनिधि निर्वाचित हुनेछन् । ३३ प्रतिशत प्रतिनिधिहरू देहाय बमोजिम चयन हुनेछन् ।

(क) सङ्घीय कमिटीका पदाधिकारी तथा सदस्यहरू ,

(ख) सङ्घीय अनुशासन आयोग, सङ्घीय लेखा आयोग, सङ्घीय निर्वाचन आयोगका पदाधिकारी तथा सदस्यहरू ,

(ग) सङ्घीय सल्लाहकार परिषद् र विज्ञ परिषद्का पदाधिकारीहरू ,

(घ) सङ्घीय विभागीय पदाधिकारीहरू ,

(ङ) प्रदेश कमिटीका पदाधिकारी,

(च) जिल्ला समन्वय कमिटीको अध्यक्ष,

(छ) स्थानीय तह कमिटीको अध्यक्ष,

(ज) प्रवास कमिटीका अध्यक्ष ।

(३) सङ्घीय कमिटीको बैठकबाट राष्ट्रिय महाधिवेशनमा छनौट भएका कूल प्रतिनिधिको बढीमा पाँच प्रतिशत प्रतिनिधिहरू मनोनित हुनेछन् ।

(४) प्रदेश अधिवेशनमा ६६ प्रतिशत प्रतिनिधिहरू प्रदेश कमिटीले पार्टी सदस्य संख्याको आधारमा जिल्ला अनुसार तोके बमोजिमको संख्यामा अधिवेशन प्रतिनिधि निर्वाचित हुनेछन् । ३३ प्रतिशत प्रतिनिधिहरू देहाय बमोजिम चयन हुनेछन् ।

(क) प्रदेश कमिटीका पदाधिकारी र सदस्यहरू ,

(ख) प्रदेश लेखा आयोगका पदाधिकारी र सदस्यहरू ,

(ग) प्रदेश सल्लाहकार परिषद्का पदाधिकारीहरू ,

(घ) प्रदेश विभागीय पदाधिकारीहरू ,

(ङ) जिल्ला समन्वय कमिटीको अध्यक्ष,

(च) स्थानीय तह कमिटीका अध्यक्ष ।

(५) सङ्घीय कमिटीको बैठकबाट राष्ट्रिय महाधिवेशनमा छनौट भएका कूल प्रतिनिधिको बढीमा पाँच प्रतिशत प्रतिनिधिहरू मनोनित हुनेछन् ।

(६) स्थानीय तह कमिटीको अधिवेशनमा स्थानीय तह कमिटीले वडागत रुपमा तोके बमोजिमको प्रतिनिधिहरू ले प्रतिनिधित्व गर्नेछन् ।

(७) विधानमा भएको व्यवस्था तथा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी मनोनयन भएको महाधिवेशन तथा अधिवेशन प्रतिनिधिहरू सम्बन्धित तहको कमिटी र विधान बमोजिम निर्वाचन गर्नुपर्ने अन्य कमिटीहरू को निर्वाचनका लागि मतदाताको रूपमा कायम हुनेछन् ।

(८) महाधिवेशन तथा अधिवेशन प्रतिनिधिको निर्वाचनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ३९. सङ्घीय तहका उमेदवारको योग्यता :-

(१) सङ्घीय कमिटी, निर्वाचन आयोग तथा विधान बमोजिम अन्य सङ्घीय तहमा रहने कमिटीको निर्वाचनमा उमेदवार हुनका लागि देहायको योग्यता पुगेको हुनु पर्नेछ-

(क) सङ्घीय कमिटीको अध्यक्ष पदमा उमेदवार बन्नका कम्तीमा १ बर्ष पार्टी सदस्य भई काम गरेको हुनु पर्नेछ ।

(ख) सङ्घीय कमिटीको पदाधिकारी तथा सदस्यहरू को उमेदवार बन्नका लागि पार्टी सदस्य भई पार्टीको हितमा काम गरेको हुनु पर्नेछ ।

(२) देहायको अवस्थामा कुनै पनि व्यक्ति सङ्घीय कमिटी, निर्वाचन कमिटी तथा विधान बमोजिम प्रदेश तहमा रहने अन्य कमिटीको निर्वाचनमा उमेदवार हुनका लागि अयोग्य हुनेछ ।

(क) उपधारा (१) बमोजिमको योग्यता पूरा नभएको ।

## ४०. सङ्घीय कमिटीका पदाधिकारीको निर्वाचन :-

(१) सङ्घीय कमिटी, विभाग, निर्वाचन कमिटी वा विधान बमोजिम अन्य सङ्घीय तहमा रहने कमिटीको निर्वाचन प्रत्येक ५ वर्षमा गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको निर्वाचनमा महाधिवेशन प्रतिनिधिहरू मतदाताको रुपमा रहने छन् ।

(३) उपधारा (२) बमोजिमको मतदाताले निर्वाचन कमिटीले निर्धारण गरेको निर्वाचन तथा मतदानको प्रक्रिया अनुरुप विधान बमोजिमको सङ्घीय कमिटी, निर्वाचन आयोग तथा अन्य सङ्घीय कमिटीका पदाधिकारीको निर्वाचन गर्नेछन् ।

(४) सङ्घीय कमिटी, निर्वाचन कमिटी तथा विधान बमोजिम अन्य सङ्घीय तहमा रहने कमिटीका पदाधिकारीको निर्वाचन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४१. प्रदेश तहका कमिटीका उमेदवारको योग्यता :-**

(१) प्रदेश कमिटी, विभाग, निर्वाचन कमिटी तथा विधान बमोजिम प्रदेश तहमा रहने अन्य कमिटीको निर्वाचनमा उमेदवार हुनका लागि देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ-

(क) प्रदेश कमिटीको अध्यक्ष पदमा उमेदवार बन्नका कम्तीमा १ बर्ष पार्टी सदस्य भई काम गरेको हुनु पर्नेछ ।

(ख) प्रदेश कमिटीको पदाधिकारी तथा सदस्यहरू को उमेदवार बन्नका लागि पार्टी सदस्य भई पार्टीको हितमा काम गरेको हुनु पर्नेछ ।

(२) देहायको अवस्थाको कुनै पनि व्यक्ति प्रदेश कमिटी, निर्वाचन कमिटी वा विधान बमोजिम प्रदेश तहमा रहने अन्य कमिटीको निर्वाचनमा उमेदवार हुनका लागि अयोग्य हुनेछ-

(क) उपधारा (१) बमोजिमको योग्यता पूरा नभएको ।

**४२. प्रदेश तहको कमिटीका पदाधिकारीको निर्वाचन :-**

(१) प्रदेश कमिटी, विभाग, निर्वाचन कमिटी वा विधान बमोजिम अन्य कमिटीको निर्वाचन प्रत्येक ५ वर्षमा गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको निर्वाचनमा प्रदेश अधिवेशन प्रतिनिधिहरू मतदाताको रूपमा रहनेछन् ।

(३) उपधारा (२) बमोजिमको मतदाताले निर्वाचन कमिटीले निर्धारण गरेको निर्वाचन तथा मतदानको प्रक्रिया अनुरुप विधान बमोजिमको प्रदेश कमिटी, तथा अन्य प्रदेश कमिटीका पदाधिकारीको निर्वाचन गर्नेछन् ।

(३) प्रदेश कमिटी तथा विधान बमोजिम अन्य प्रदेश तहमा रहने कमिटीका पदाधिकारीको निर्वाचनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४३. जिल्ला समन्वय कमिटीका उमेदवारको योग्यता :-**

(१) जिल्ला समन्वय कमिटी तथा विधान बमोजिम जिल्ला तहमा रहने अन्य कमिटीको निर्वाचनमा उमेदवार हुनका लागि देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ ।

(क) जिल्ला कमिटीको सदस्य उमेदवार हुनका लागि सम्बन्धित स्थानीय तह कमिटीको पदाधिकारी हुनु पर्नेछ ।

(ख) स्थानीय तह कमिटीबाट तोके बमोजिमको संख्यामा छनौट भएका प्रतिनिधिहरु हुनु पर्नेछ ।

(२) देहायको अवस्थाको कुनै पनि व्यक्ति जिल्ला समन्वय कमिटी वा विधान बमोजिम जिल्ला तहमा रहने अन्य कमिटीको निर्वाचनमा उमेदवार हुनका लागि अयोग्य हुनेछ-

(क) उपधारा (१) बमोजिमको योग्यता पूरा नभएको ।

**४४. जिल्ला समन्वय कमिटीका पदाधिकारीको निर्वाचन :-**

(१) जिल्ला कमिटी, विभाग, निर्वाचन कमिटी वा विधान बमोजिम अन्य जिल्ला तहमा रहने कमिटीको निर्वाचन प्रत्येक ३ बर्षमा गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको निर्वाचनमा जिल्ला अधिवेशन प्रतिनिधिहरू मतदाताको रूपमा रहने छन् ।

(३) उपधारा (२) बमोजिमको मतदाताले निर्वाचन कमिटीले निर्धारण गरेको निर्वाचन तथा मतदानको प्रक्रिया अनुरुप विधान बमोजिमको जिल्ला कमिटी र विधान बमोजिम जिल्ला तहमा रहने अन्य कमिटीका पदाधिकारीको निर्वाचन गर्नेछन् ।

(४) जिल्ला कमिटी, निर्वाचन कमिटी तथा विधान बमोजिम अन्य जिल्ला तहमा रहने कमिटीका पदाधिकारीको निर्वाचनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४५. स्थानीय तहका कमिटीका उम्मेदवारको योग्यता :-**

(१) गाउँ/नगर कमिटी तथा विधान बमोजिम स्थानीय तहमा रहने अन्य कमिटीको निर्वाचनमा उमेदवार हुनका लागि देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ ।

(क) स्थानीय तह कमिटीको सदस्य उमेदवार हुनका लागि पार्टी सदस्य हुनु पर्नेछ ।

(२) देहायको अवस्थाको कुनै पनि व्यक्ति स्थानीय तह कमिटी, निर्वाचन कमिटी वा विधान बमोजिम स्थानीय तह तहमा रहने अन्य कमिटीको निर्वाचनमा उमेदवार हुनका लागि अयोग्य हुनेछ-

(क) उपधारा (१) बमोजिमको योग्यता पूरा नभएको ।

**४६. निर्वाचन कार्यक्रम :-**

(१) निर्वाचन कमिटीले निर्वाचन गर्नका लागि निर्वाचनको तथा मतदानको प्रक्रियासहित यस दफामा उल्लेख भएअनुसारका क्रियाकलापहरू सञ्चालन हुने गरी निर्वाचन कार्यक्रम प्रकाशन गर्नु पर्नेछ ।

(२) उपधारा (१) बमोजिमको प्रकाशन गरिने निर्वाचन कार्यक्रममा देहायका क्रियाकलापहरू समेटिएको हुनु पर्नेछ-

(क) मतदाता नामावली प्रकाशन र सो उपर दाबी विरोध गर्ने समयावधि,

(ख) अन्तिम मतदाता नामावली प्रकाशन,

(ग) उम्मेदवार मनोनयन,

(घ) मनोनयनपत्र दर्ता गर्ने उमेदवारको नामावली प्रकाशन,

(ङ) मनोनयन पत्र दर्ता गर्ने उमेदवारको योग्यता सम्बन्धमा दाबी, विरोध,

(च) खण्ड (ङ) बमोजिम परेको दाबी विरोधउपर सुनुवाई र निर्णय,

(छ) उमेदवारको अन्तिम नामावली प्रकाशन,

(ज) मतदानको मिति, समय र स्थान,

(झ) मतगणना र मत परिणाम प्रकाशन गरिने मिति, समय र स्थान ।

(३) निर्वाचन कार्यक्रमसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४७. उम्मेदवार मनोनयन :-**

(१) यस परिच्छेदमा सम्बन्धित तहको कमिटीको पदाधिकारीहरू उमेदवार हुन अयोग्यता नभएको तथा सम्बन्धित तहको महाधिवेशन वा अधिवेशन प्रतिनिधि निर्वाचनमा तोकिए बमोजिम उमेदवार हुन सक्नेछ ।

(२) उपधारा (१) बमोजिम उमेदवार मनोनयन गर्दा सम्बन्धित तहको महाधिवेशन वा अधिवेशन प्रतिनिधिमध्ये एक जना प्रस्तावक र समर्थक हुनु पर्नेछ ।

(३) उपधारा (२) बमोजिम कुनै व्यक्तिलाई उमेदवारको रूपमा प्रस्ताव गरिएको अवस्थामा त्यस्तो उमेदवारले मनोनयन पत्रमा आफ्नो मन्जुरी लेखी सहीछाप गरेको हुनु पर्नेछ ।

(४) उपधारा (२) र (३) बमोजिमको रीत नपुऱ्याई मनोनयन पत्र दाखिला भएको अवस्थामा त्यस्तो उमेदवारलाई निर्वाचन कमिटीले उमेदवारको रूपमा मान्यता दिने छैन ।

(५) उपधारा (२) बमोजिम कुनै व्यक्तिलाई उमेदवारको रूपमा प्रस्तावक र समर्थन गर्ने व्यक्तिले सोही पदका लागि अन्य व्यक्तिलाई उमेदवारको रूपमा प्रस्तावक र समर्थन गर्न पाउने छैन ।

(६) मनोनयन पत्र सम्बन्धित उमेदवार वा निजको प्रस्तावक र समर्थकले निर्वाचन कमिटीले तोकेको मिति, समय र स्थानमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी दर्ता गर्नु पर्नेछ ।

(७) उमेदवार मनोयनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४८. मनोनयन पत्र बदर हुने अवस्था :-**

(१) देहायको अवस्थामा मनोनयन पत्र बदर हुनेछ-

(क) विधान बमोजिम उमेदवारको योग्यता नभएमा,

(ख) उमेदवारको प्रस्तावक र समर्थकको सहीछाप नभएमा वा किर्ते सहीछाप भएमा,

(ग) तोकिएको समयभित्र मनोनयन पत्र दर्ता नभएमा,

(घ) तोकिए बमोजिमको धरौटी दाखिला नभएमा,

(ङ) विधानको धारा ४७ बमोजिम मनोनयन रीतपूर्वकको नभएमा ।

(२) मनोनयन पत्र बदर हुने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४९. मतदान, मतगणना र मतपरिणाम घोषणा :-**

(१) निर्वाचन कमिटीले तोकेको मिति, समय र स्थानमा मतदानको कार्य सम्पन्न हुनेछ ।

(२) उपधारा (१) बमोजिम मतदानको प्रक्रिया निर्वाचन कमिटीले तोके बमोजिम हुनेछ ।

(३) मतदान कार्य सम्पन्न भए पश्चात निर्वाचन कमिटीले तोकेको मिति, समय र स्थानमा मतगणनाको कार्य हुनेछ ।

(४) मतगणना कार्य सम्पन्न भएपछि निर्वाचन कमिटीले मतपरिणाम घोषणा गरी विजयी उमेदवारलाई अनुसूची-७ बमोजिमको ढाँचामा विजयी प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(५) मतदान, मतगणना र मतपरिणाम घोषणा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ५०. पदाधिकारी मनोनयन गर्न सकिने :-

(१) सङ्घीय, प्रदेश तथा स्थानीय तहका कमिटीहरू को पदाधिकारी महाधिवेशन वा अधिवेशनबाट प्रत्यक्ष निर्वाचित हुनेछ । अध्यक्षको प्रस्तावमा सम्बन्धित कमिटीको निर्णयबाट आवश्यकता र औचित्यताको आधारमा कुल सदस्य सङ्ख्याको बढीमा १० प्रतिशतसम्म कमिटीको सदस्य मनोनयन गर्न सकिनेछ ।

(२) मनोनित गर्दा महाधिवेशन वा अधिवेशनबाट विधान बमोजिम एक तिहाई महिला सदस्य निर्वाचित हुन नसकेको अवस्थामा उक्त सङ्ख्या मनोनित गरिने पदाधिकारीबाट पूरा गर्ने गरी गरिनेछ ।

(३) सदस्य मनोनयन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ५१. महाधिवेशन तथा अधिवेशनबाट निर्वाचन हुने :-

(१) विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सङ्घीय, प्रदेश तथा स्थानीय तहका कमिटीको निर्वाचन सम्बन्धित तहको महाधिवेशन तथा अधिवेशनबाट मात्र गरिनेछ ।

(२) विधान बमोजिम सम्बन्धित तहको कमिटीमा महिलाको संख्या निर्वाचनबाट पूर्ति हुन नसकेमा धारा- ५० बमोजिम मनोनयन हुने संख्याबाट उक्त संख्या पूर्ति गरिनेछ ।

## ५२. पदबाट राजीनामा दिन सक्ने :-

(१) अध्यक्षले सम्बन्धित तहको कमिटी समक्ष तथा अन्य पदाधिकारीले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन् ।

(२) उपधारा (१) बमोजिम दिएको राजीनामा सम्बन्धित तहको कमिटीको कुल सदस्य सङ्ख्याको बहुमत सदस्य सङ्ख्याको निर्णयबाट स्वीकृत हुनेछ ।

(३) उपधारा (१) बमोजिम आएको राजीनामा उपधारा (२) बमोजिम स्वीकृत भएमा त्यस्तो पदाधिकारीको पद रिक्त हुनेछ ।

(४) अध्यक्षको राजीनामा स्वीकृत भएमा अध्यक्षको निर्वाचन नभएसम्मका लागि उपाध्यक्षले कार्यवाहक अध्यक्षको रूपमा कार्य गर्नेछ ।

(५) पदाधिकारीको राजीनामा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ५३. अविश्वासको प्रस्ताव :-

(१) पार्टीको सबै तहको कमिटीका अध्यक्ष लगायत प्रमुख पदाधिकारी विरुद्ध सम्बन्धित तहका सदस्यहरू को ५१ प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव सम्बन्धित तहको निर्वाचन कमिटीमा दर्ता गराउन सक्नेछन् ।

(२) उपधारा (१) बमोजिम दर्ता हुन आएको अविश्वासको प्रस्तावका सम्बन्धमा निर्वाचन कमिटीले तोके बमोजिमको प्रक्रिया पूरा गरी आधिकारिकता जाँच गर्नु पर्नेछ ।

(३) उपधारा (१) बमोजिम पर्न आएको अविश्वासको प्रस्ताव उपधारा (२) बमोजिम जाँच गर्दा आधिकारिक रहेको पाइएमा सम्बन्धित तहको कमिटीमा साठी दिनभित्र निर्णयार्थ पेश गर्न सम्बन्धित तहको कमिटीमा पठाउनु पर्नेछ ।

(४) उपधारा (३) बमोजिम निर्वाचन कमिटीले पठाएको प्रस्ताव सम्बन्धित तहको कमिटीले साठी दिनभित्र निर्णयार्थ सम्बन्धित तहको कमिटीमा पेश गर्नु पर्नेछ ।

(५) उपधारा (३) बमोजिम निर्वाचन कमिटीबाट प्राप्त प्रस्ताव उपधारा (४) बमोजिम निर्णयार्थ पेश नभएमा निर्वाचन कमिटीले उपधारा (४) बमोजिमको अवधि समाप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित तहको कमिटीको बैठक बोलाई उक्त बैठकमा निर्णयार्थ पेश गर्नु पर्नेछ ।

(६) उपधारा (४) वा (५) बमोजिम पेश हुन आएको अविश्वासको प्रस्तावको पक्षमा सम्बन्धित तहको कमिटीको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तिमा दुई तिहाई मत प्राप्त भएमा त्यस्तो प्रस्ताव पारित हुनेछ ।

(७) उपधारा (१) बमोजिम अन्य पदाधिकारी विरुद्ध सम्बन्धित तहका कमिटीका सदस्यहरू को ५१ प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव सम्बन्धित तहको निर्वाचन कमिटीमा दर्ता गराउन सक्नेछन् ।

(८) उपधारा (७) बमोजिम दर्ता हुन आएको अविश्वासको प्रस्तावका सम्बन्धमा निर्वाचन कमिटीले उपधारा (२) बमोजिमको प्रक्रिया पूरा गरी आधिकारिकता जाँच गर्नु पर्नेछ ।

(९) उपधारा (७) बमोजिम पर्न आएको अविश्वासको प्रस्ताव उपधारा (८) बमोजिम जाँच गर्दा आधिकारिक रहेको पाइएमा निर्वाचन कमिटीले सम्बन्धित तहको कमिटीमा साठी दिनभित्र निर्णयार्थ पेश गर्न सम्बन्धित तहको कमिटीमा पठाउनु पर्नेछ ।

(१०) उपधारा (९) बमोजिम निर्वाचन कमिटीले पठाएको प्रस्ताव सम्बन्धित तहको कमिटीले साठी दिनभित्र निर्णयार्थ सम्बन्धित कमिटीमा पेश गर्नु पर्नेछ ।

(११) उपधारा (९) बमोजिम निर्वाचन कमिटीबाट प्राप्त प्रस्ताव उपधारा (१०) बमोजिम निर्णयार्थ पेश नभएमा निर्वाचन आयोगले उपधारा (१०) बमोजिमको अवधि समाप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित तहको कमिटीको बैठक बोलाई उक्त बैठकमा निर्णयार्थ पेश गर्नु पर्नेछ ।

(१२) उपधारा (१०) र (११) बमोजिम पेश हुन आएको अविश्वासको प्रस्तावको पक्षमा सम्बन्धित तहको कमिटीको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तिमा दुई तिहाई मत प्राप्त भएमा त्यस्तो प्रस्ताव पारित हुनेछ ।

(१३) अध्यक्षको विरुद्ध परेका अविश्वासको प्रस्तावमाथि निर्णय गर्न बोलाइएको बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ ।

(१४) यस धारा बमोजिम अविश्वासको प्रस्तावउपर निर्णयमा निर्वाचन कमिटीका पदाधिकारीहरू ले मतदान गर्न पाउने छैनन् ।

(१५) अविश्वासको प्रस्तावसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ५४. पदाधिकारीको पद रिक्त हुने :-

देहायको अवस्थामा पार्टीको कुनैपनि पदाधिकारी वा सदस्यको पद रिक्त हुनेछ-

(१) मृत्यु भएमा वा मानसिक सन्तुलन ठिक नरहेमा,

(२) पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(३) पार्टी परित्याग गरेमा,

(४) अनुशासनको कार्वाहीमा परी पदबाट निष्कासित भएमा,

(५) निज विरुद्धको अविश्वास प्रस्ताव पारित भएमा,

**५५. रिक्त पदपूर्ति :-**

(१) अध्यक्ष, प्रमुख पदाधिकारी लगायत अन्य पदाधिकारीको पदावधि एक वर्षभन्दा बढी रहेको अवस्थामा पद रिक्त हुन गएमा त्यस्तो पद यस धारा बमोजिम पूर्ति गरिनेछ ।

(२) अध्यक्ष लगायत प्रमुख पदाधिकारीको पद रिक्त भएमा सम्बन्धित तहको निर्वाचन आयोगले पद रिक्त भएको मितिले साठी दिनभित्र सम्बन्धित तहको कमिटीको बैठक बोलाई रिक्त पदको निर्वाचन सम्पन्न गर्नु पर्नेछ ।

(३) उपधारा (१) बमोजिम अध्यक्ष लगायत प्रमुख पदाधिकारी बाहेक अन्य पदाधिकारीको पद रिक्त भएमा सम्बन्धित तहको निर्वाचन कमिटीले पद रिक्त भएको मितिले साठी दिनभित्र सम्बन्धित तहको कमिटीको बैठक बोलाई रिक्त पदको निर्वाचन सम्पन्न गर्नु पर्नेछ ।

(४) रिक्त पदपूर्ति गर्दा त्यस्तो पद रिक्त गर्ने पदाधिकारीको निर्वाचन वा मनोनयन जुन विधिद्वारा पूर्ति भएको हो, सोही विधिद्वारा पदपूर्ति गरिनेछ ।

(५) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएपनि मनोनित सदस्यको हकमा सम्बन्धित तहको कमिटीको सम्पूर्ण सदस्य सङ्ख्याको बहुमत सदस्यको निर्णयबाट अर्को सदस्य मनोनित गर्न सकिनेछ ।

(६) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## महाधिवेशन तथा अधिवेशनसम्बन्धी व्यवस्था

**५६. राष्ट्रिय महाधिवेशन तथा अधिवेशन :-**

(१) दलको महाधिवेशन तथा अधिवेशनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ-

(क) राष्ट्रिय महाधिवेशन,

(ख) प्रदेश अधिवेशन,

(ग) स्थानीय तह अधिवेशन,

(२) राष्ट्रिय महाधिवेशन दलको सर्वोच्च निकायको रूपमा रहनेछ र तहगत अधिवेशनहरू सम्बन्धित तहको कमिटीको हकमा माथिल्लो निकायको रूपमा रहने छन् ।

(३) उपधारा (१) को खण्ड (क) बमोजिमको महाधिवेशन निर्वाचन प्रयोजनका लागि प्रत्येक पाँच वर्षमा आयोजना गरिनेछ ।

(४) उपधारा (१) को खण्ड (ग) बमोजिमको अधिवेशन निर्वाचन प्रयोजनका लागि प्रत्येक पाँच वर्षमा सम्पन्न गरिनेछ र यस्तो अधिवेशन उपधारा (३) बमोजिम सम्पन्न हुने महाधिवेशन भन्दा ६ महिना अघि आयोजना गरिनेछ ।

(५) उपधारा (१) को खण्ड (ग) बमोजिमको अधिवेशन निर्वाचन प्रयोजनका लागि प्रत्येक तीन वर्षमा आयोजना गरिनेछ ।

(६) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएपनि कुनै राष्ट्रिय विपत्ती, महामारी वा विपद्को कारण तोकिएको अवधिभित्रै महाधिवेशन वा अधिवेशन सम्पन्न गर्न नसकिने अवस्था सिर्जना भएमा महाधिवेशनको हकमा पार्टीको सङ्घीय कमिटी र अधिवेशनको हकमा सम्बन्धित अधिवेशन आयोजना गर्नुपर्ने दायित्व भएको सम्बन्धित तहको कमिटीले बढीमा अर्को ६ महिनाभित्र महाधिवेशन वा अधिवेशन आयोजना गर्ने गरी निर्णय गर्न सक्नेछ ।

(७) उपधारा (६) बमोजिम निर्णय भएकोमा महाधिवेशनको हकमा सङ्घीय कमिटीले निर्वाचन आयोगलाई, प्रदेश अधिवेशनको हकमा प्रदेश कमिटीले सङ्घीय कमिटी र प्रदेश निर्वाचन कार्यालयलाई र स्थानीय तह अधिवेशनको हकमा सम्बन्धित स्थानीय तहको कमिटीले दलको माथिल्लो तहको कमिटी र जिल्ला निर्वाचन कार्यालयलाई निर्णय भएको मितिले पन्ध्र दिनभित्र जानकारी दिनु पर्नेछ ।

(८) महाधिवेशन तथा अधिवेशनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५७. महाधिवेशन तथा अधिवेशन प्रतिनिधि :-**

**(१) दलको राष्ट्रिय महाधिवेशन प्रतिनिधिसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ-**

(क) सङ्घीय कमिटीको आयोजनामा गरिने राष्ट्रिय महाधिवेशनमा दफा ३८ को उपदफा २ बमोजिम सङ्घीय कमिटीको निर्णय अनुसार महाधिवेशन प्रतिनिधिहरू छनौट हुनेछ ।

(ख) राष्ट्रिय महाधिवेशनमा छनौट भएका कुल प्रतिनिधि संख्याको पाँच प्रतिशत प्रतिनिधिहरू अध्यक्षको सिफारिसमा सङ्घीय कमिटीको निर्णय अनुसार मनोनयन गरिनेछ ।

(ग) महाधिवेशनको पर्यवेक्षकको हकमा सङ्घीय कमिटीले तोके बमाजिम हुनेछ । पर्यवेक्षकले उमेदवारी हुन र मतदान गर्न पाइने छैन ।

**(२) दलको प्रदेश अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ-**

(क) प्रदेश कमिटीको आयोजनामा गरिने प्रदेश अधिवेशनमा दफा- ३८ को उपदफा ४ बमोजिम प्रदेश कमिटीको निर्णय अनुसार अधिवेशन प्रतिनिधिहरू छनौट हुनेछ ।

(ख) अधिवेशनमा छनौट भएका कुल प्रतिनिधि संख्याको पाँच प्रतिशत प्रतिनिधिहरू अध्यक्षको सिफारिसमा प्रदेश कमिटीको निर्णय अनुसार मनोनयन गरिनेछ ।

**(३) दलको जिल्ला अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ-**

(क) जिल्ला अधिवेशन भेलाको प्रतिनिधिहरू स्थानीय तह गाउँ/नगर कमिटीको पदाधिकारीहरू हुनेछन् ।

**(४) दलको स्थानीय तह अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ-**

(क) स्थानीय तह कमिटीले प्रत्येक ३ वर्षमा आफ्नो तहको अधिवेशनको आयोजना गर्नेछ ।

(ख) स्थानीय तह अन्तर्गतका वडा कमिटीका पदाधिकारी तथा सदस्यहरू स्थानीय तह अधिवेशनको प्रतिनिधि रहनेछ ।

(ग) अधिवेशनमा छनौट भएका कुल प्रतिनिधि संख्याको पाँच प्रतिशत प्रतिनिधिहरू अध्यक्षको सिफारिसमा जिल्ला कमिटीको निर्णय अनुसार मनोनयन गरिनेछ ।

**(५) दलको वडा अधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ-**

(क) वडा कमिटीले तोके बमोजिम पार्टी सदस्यबाट छनौट भएका प्रतिनिधिहरू ।

## ५८. विशेष महाधिवेशन तथा अधिवेशन :-

**(१) दलको विशेष राष्ट्रिय महाधिवेशन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्-**

(क) स्पष्ट कार्यसूची र उचित कारण उल्लेख गरी सम्बन्धित कमिटीको बहुमत सदस्यले लिखित माग गरेमा मागपत्र दर्ता गरेको मितिले छ महिनाभित्र सम्बन्धित कमिटीले विशेष महाधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) विशेष राष्ट्रिय महाधिवेशनको विधि र प्रक्रिया महाधिवेशनको व्यवस्था अनुरुप हुनेछ ।

(ग) विशेष परिस्थिति उत्पन्न भई सङ्घीय कमिटीले आवश्यक ठानेको अवस्थामा विशेष महाधिवेशन हुन सक्नेछ ।

**(२) दलको विशेष प्रदेश अधिवेशनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्-**

(क) स्पष्ट कार्यसूची र उचित कारण उल्लेख गरी सम्बन्धित कमिटीको बहुमतद्वारा निर्णय गरी लिखित माग गरेमा मागपत्र दर्ता गरेको मितिले छ महिनाभित्र प्रदेश कमिटीले विशेष प्रदेश अधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) विशेष प्रदेश अधिवेशनको विधि र प्रक्रिया अधिवेशनको व्यवस्था अनुरुप हुनेछ ।

(ग) विशेष परिस्थिति उत्पन्न भई प्रदेश कमिटीले आवश्यक ठानेको अवस्थामा विशेष प्रदेश अधिवेशन हुन सक्नेछ ।

**(३) दलको विशेष जिल्ला अधिवेशनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्-**

(क) स्पष्ट कार्यसूची र उचित कारण उल्लेख गरी सम्बन्धित कमिटीको बहुमतद्वारा निर्णय गरी लिखित माग गरेमा मागपत्र दर्ता गरेको मितिले छ महिनाभित्र जिल्ला कमिटीले विशेष जिल्ला अधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) विशेष जिल्ला अधिवेशनको विधि र प्रक्रिया अधिवेशनको व्यवस्था अनुरुप हुनेछ ।

(ग) विशेष परिस्थिति उत्पन्न भई जिल्ला कमिटीले आवश्यक ठानेको अवस्थामा विशेष जिल्ला अधिवेशन हुन सक्नेछ ।

**(४) दलको विशेष स्थानीय तह अधिवेशनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्-**

(क) स्पष्ट कार्यसूची र उचित कारण उल्लेख गरी सम्बन्धित कमिटीको बहुमतद्वारा लिखित माग गरेमा मागपत्र दर्ता गरेको मितिले छ महिनाभित्र स्थानीय तह कमिटीले विशेष स्थानीय तह अधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) विशेष स्थानीय तह अधिवेशनको विधि र प्रक्रिया अधिवेशनको व्यवस्था अनुरुप हुनेछ ।

(ग) विशेष परिस्थिति उत्पन्न भई स्थानीय तह कमिटीले आवश्यक ठानेको अवस्थामा विशेष स्थानीय तह अधिवेशन हुन सक्नेछ ।

**(५) दलको विशेष वडा अधिवेशनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्-**

(क) स्पष्ट कार्यसूची र उचित कारण उल्लेख गरी सम्बन्धित कमिटीको बहुमतद्वारा लिखित माग गरेमा मागपत्र दर्ता गरेको मितिले छ महिनाभित्र वडा कमिटीले विशेष वडा अधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) विशेष वडा अधिवेशनको विधि र प्रक्रिया अधिवेशनको व्यवस्था अनुरुप हुनेछ ।

(ग) विशेष परिस्थिति उत्पन्न भई वडा कमिटीले आवश्यक ठानेको अवस्थामा विशेष वडा अधिवेशन हुन सक्नेछ ।

**५९. राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको काम, कर्तव्य र अधिकार :-**

**(१) राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्-**

(क) राष्ट्रिय महाधिवेशन सञ्चालन गर्न विभिन्न संयन्त्र तथा आवश्यक कमिटीहरू  गठन गर्ने,

(ख) सङ्घीय कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, आर्थिक र सांगठनिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(ग) सङ्घीय सल्लाहकार कमिटी, निर्वाचन आयोग, अनुशासन आयोग र लेखा आयोग लगायत अन्य कमिटीहरू ले पेश गरेका प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(घ) विधान बमोजिमको सङ्घीय कमिटीका पदाधिकारी र सदस्यहरू , आयोगका पदाधिकारी तथा सदस्यहरू को निर्वाचन गर्ने ।

(ङ) पार्टीको आवश्यकताअनुसार विधान संशोधन गर्ने,

(च) महाधिवेशनले गर्नुपर्ने कार्य सङ्घीय कमिटीले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

**(२) प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्-**

(क) प्रदेश अधिवेशन सञ्चालन गर्न विभिन्न संयन्त्र तथा आवश्यक कमिटीहरू  गठन गर्ने,

(ख) प्रदेश कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, आर्थिक र सांगठनिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(ग) प्रदेश सल्लाहकार कमिटी, प्रदेश निर्वाचन आयोग, प्रदेश अनुशासन आयोग र प्रदेश लेखा आयोग लगायत अन्य कमिटीहरू ले पेश गरेका प्रतिवेदन पारित गर्ने,

(घ) विधान बमोजिमको प्रदेश कमिटीका पदाधिकारी र सदस्यहरू तथा प्रादेशिक निकायहरू को निर्वाचन गर्ने ।

(ङ) पार्टीको प्रदेशस्तरीय नीति, कार्यक्रम पारित गर्ने,

(च) प्रदेश अधिवेशनले गर्नुपर्ने कुनै कार्य प्रदेश कमिटीले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

**(३) जिल्ला अधिवेशन/भेलाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्-**

(क) जिल्ला अधिवेशन/भेलाको सञ्चालन गर्न आवश्यक उपकमिटीहरू गठन गर्ने,

(ख) जिल्ला समन्वय कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, आर्थिक र सांगठनिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(ग) विधान बमोजिमको जिल्ला समन्वय कमिटीका पदाधिकारी र सदस्यहरू तथा जिल्ला निकायहरू को निर्वाचन गर्ने ।

(घ) पार्टीको जिल्लास्तरीय नीति, कार्यक्रम पारित गर्ने,

(ङ) जिल्ला अधिवेशनले गर्नुपर्ने कुनै कार्य जिल्ला समन्वय कमिटीले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

**(४) स्थानीय तह अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्-**

(क) स्थानीय तह अधिवेशन सञ्चालन गर्न विभिन्न संयन्त्र तथा आवश्यक कमिटीहरू गठन गर्ने,

(ख) स्थानीय तह कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, आर्थिक र सांगठनिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(ग) स्थानीय तह सल्लाहकार कमिटी, स्थानीय तह निर्वाचन आयोग, स्थानीय तह अनुशासन आयोग र स्थानीय तह लेखा आयोग लगायत अन्य कमिटीहरू ले पेश गरेका प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(घ) विधान बमोजिमको स्थानीय तह कमिटीका पदाधिकारी र सदस्यहरू तथा स्थानीय तह निकायहरू को निर्वाचन गर्ने,

(ङ) पार्टीको स्थानीय तहस्तरीय नीति, कार्यक्रम पारित गर्ने,

(च) आवश्यकता अनुसार बुथ कमिटी गठन गरी परिचालन गर्ने ।

(छ) स्थानीय तह अधिवेशनले गर्नुपर्ने कुनै कार्य स्थानीय तह कमिटीले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

**(५) वडा अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्-**

(क) वडा अधिवेशन सञ्चालन गर्न विभिन्न संयन्त्र तथा आवश्यक कमिटीहरू गठन गर्ने,

(ख) वडा कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, आर्थिक र सांगठनिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(ग) वडा सल्लाहकार कमिटी, निर्वाचन आयोग, अनुशासन आयोग र लेखा आयोग लगायत अन्य कमिटीहरू ले पेश गरेका प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

(घ) विधान बमोजिमको वडा कमिटीका पदाधिकारी र सदस्यहरू तथा वडा निकायहरू को निर्वाचन गर्ने,

(ङ) पार्टीको वडास्तरीय नीति, कार्यक्रम पारित गर्ने,

(च) वडा अधिवेशनले गर्नुपर्ने कुनै कार्य वडा कमिटीले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

**(६) दलको अन्य अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) अधिवेशन सञ्चालन गर्नका लागि आवश्यक विभिन्न संयन्त्र तथा कमिटीहरूको गठन गर्ने,

(ख) अधिवेशनमा सम्बन्धित कमिटी तथा विधान बमोजिमका निकायबाट प्रस्तुत प्रतिवेदन उपर छलफल तथा आगामी मार्गचित्र तयार गर्ने,

(ग) दलको सम्बन्धित कमिटीको नीति, कार्यक्रम तथा बजेटमाथि छलफल र स्वीकृत गर्ने,

(घ) दलको सम्बन्धित कमिटी तथा विधान बमोजिमका निकायहरूको निर्वाचन गर्ने,

(ङ) अधिवेशनले गर्नु पर्ने कुनै कार्य दलको सम्बन्धित कमिटीले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

**६०. राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको घोषणा :-**

(१) राष्ट्रिय महाधिवेशन सम्पन्न गरिने मिति, स्थान र समय तोकी महाधिवेशनको घोषणा सङ्घीय कमिटीले गर्नेछ ।

(२) प्रदेश, जिल्ला, स्थानीय तह, वडा अधिवेशन सम्पन्न गरिने मिति, स्थान र समय तोकी अधिवेशनको घोषणा सम्बन्धित तहको कमिटीले गर्नेछ ।

(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए पनि विधान बमोजिम अधिवेशन गर्नुपर्ने अवधिमा सम्बन्धित तहको कमिटीले अधिवेशन आह्वान नगरे वा गराउन नसकेमा निकटतम माथिल्लो तहको कमिटीले त्यस्तो अधिवेशन गर्ने मिति, स्थान र समय तोकी अधिवेशन आह्वान गर्नु पर्नेछ ।

(४) उपधारा (१), (२) र (३) बमोजिम महाधिवेशन तथा अधिवेशनको घोषणा भएपछि सम्बन्धित तहको कमिटी स्वतः महाधिवेशन तथा अधिवेशन आयोजक कमिटीमा रुपान्तरण हुनेछ ।

(५) उपधारा (४) बमोजिमको महाधिवेशन तथा अधिवेशन आयोजक कमिटीले यस विधानमा उल्लेख भएको तथा यस विधान बमोजिम तोकिए बमोजिमको प्रक्रिया पूरा गरी महाधिवेशन वा अधिवेशन सम्पन्न गर्नु पर्नेछ ।

(६) महाधिवेशन तथा अधिवेशन घोषणा तथा सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ६१. राष्ट्रिय महाधिवेशन तथा अधिवेशनको निर्णय प्रमाणिकरण :-

(१) राष्ट्रिय महाधिवेशनको निर्णय प्रमाणिकरणको लागि महाधिवेशनले महाधिवेशन प्रतिनिधिहरू मध्येबाट कम्तिमा एक तिहाई महिलासहित सात जना सदस्य रहेको निर्णय प्रमाणिकरण कमिटी गठन गरिनेछ ।

(२) अधिवेशनको निर्णय प्रमाणिकरणका लागि सम्बन्धित तहको अधिवेशनले अधिवेशन प्रतिनिधिहरू मध्येबाट एक तिहाई महिला सहित पाँच जना सदस्य रहेको निर्णय प्रमाणिकरण कमिटी गठन गर्नु पर्नेछ ।

(३) यस धारा बमोजिम गठन भएको निर्णय प्रमाणिकरण कमिटीबाट निर्णय प्रमाणिकरण भएपछि मात्र निर्णयले आधिकारिकता पाउने र कार्यान्वयनमा आउनेछ ।

(४) निर्णय प्रमाणिकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद-१०

# विभिन्न तहका परिषद्, कमिटी, विभाग तथा पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

## ६२. सङ्घीय कमिटीको काम, कर्तव्य र अधिकार :-

(१) सङ्घीय कमिटीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) राष्ट्रिय महाधिवेशन र राष्ट्रिय प्रतिनिधि परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ख) राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने । राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने ।

(ग) सङ्घीय संसद, प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि पार्टीका सम्पूर्ण निकायलाई परिचालन गर्ने । सङ्घीय संसद, प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा नेतृत्व प्रदान गर्ने ।

(घ) विधानमा निर्धारण गरिए बमोजिम कमिटी, विभाग, आयोग तथा अन्य आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने । पार्टीका कमिटी, विभाग, आयोग, कार्यदल र अन्य संयन्त्रबीच आवश्यक समन्वय र संयोजन गर्ने ।

(ङ) पार्टीको सङ्घीय स्तरका कमिटी, विभाग, आयोग तथा संयन्त्रका प्रमुख, पदाधिकारी र सदस्यको नियुक्ति मनोनयन तथा हेरफेर गर्ने तर विधानमा यस्ता नियुक्ति मनोनयन तथा हेरफेर पार्टीको अन्य निकाय वा कमिटीलाई भए सो निकाय वा कमिटीले नै त्यस्तो नियुक्ति मनोनयनको हेरफेर गर्नेछ ।

(च) आवश्यकताअनुसार केन्द्रीय कमिटीका सदस्यहरूको कार्य विभाजन गर्ने तथा आवश्यकता अनुसार पार्टी संयन्त्रहरू थपघट, विस्तार गरी संयन्त्रहरूको कार्यविभाजन गर्ने ।

(छ) विधान बमोजिम राष्ट्रिय महाधिवेशन र राष्ट्रिय प्रतिनिधि परिषद्को आयोजना गर्ने ।

(ज) पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने ।

(झ) पार्टी कार्यालयलाई पार्टीको प्रशासनिक एवं दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(ञ) यस विधानमा केन्द्रीय कमिटीले गर्ने भनी उल्लेख भएका कार्य गर्ने । विधान कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने, नियमावली बनाउने ।

(ट) संघिय कमिटीले निर्णय गरी आवश्यकता अनुसार राष्ट्रिय कमिटीहरू बनाउन सकिनेछ ।

(ठ) पार्टीका अन्य संयन्त्र वा निकायको अधिकार भनी नतोकिएको र प्रचलित कानुनमा पार्टीले गर्ने भनी तोकिएका सबै काम गर्ने ।

(२) सङ्घीय कमिटीको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ६३. प्रतिनिधि परिषद्को काम, कर्तव्य र अधिकार :-

(१) संघ र प्रदेश तहमा क्रमशः राष्ट्रिय र प्रदेश प्रतिनिधि परिषद्को गठन हुनेछ ।

(२) प्रतिनिधि परिषद्मा विधानको दफा २९ (४) बमोजिमको प्रतिनिधिहरू हुनेछन् ।

(३) सङ्घीय कमिटीको निर्णयअनुसार ५ वर्षको अवधिमा कम्तिमा एकपटक परिषद् बस्नेछ ।

(४) प्रतिनिधि परिषद्मा पार्टीको विधान संशोधन, नीतिगत तथा समसामयिक विषयमा छलफल तथा निर्णय गरी सम्बन्धित कमिटीलाई कार्यान्वयनका लागि निर्देशन दिनेछ ।

(५) प्रतिनिधि परिषद् सम्बन्धित तहको महाधिवेशन तथा अधिवेशनप्रति उत्तरदायी हुनेछ ।

## ६४. विभागको काम, कर्तव्य र अधिकार :-

(१) पार्टीले गर्ने विभिन्न क्षेत्रको काम, कारवाहीलाई सशक्त ढंगबाट अघि बढाउन पार्टीको नियमावलीमा उल्लेख भएअनुसार संघ तथा मातहतका कमिटीले आवश्यकताअनुसार विभिन्न ३८ वटा विभागहरू गठन गरिनेछ ।

(२) विभागको काम, कर्तव्य र अधिकार विस्तृतमा पार्टीको नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

(३) सामान्यतया सबै विभागहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्-

(क) पार्टीको नीति, रणनीति र कार्यदिशा निर्माणमा सुझाव, सल्लाह र अध्ययनका आधारमा योगदान दिने ।

(ख) सम्बन्धित विषयमा अनुसन्धान, तथ्याङ्क सङ्कलन, अध्ययन-विश्लेषण गरी पार्टीका निर्णय र नीति निर्माण प्रक्रियालाई सुदृढ बनाउने ।

(ग) सम्बन्धित विषय वा क्षेत्रको नीतिगत सुधार र विकासका लागि व्यावहारिक सिफारिसहरू तयार गरी सङ्घीइ कमिटीमा पेस गर्ने ।

(घ) पार्टीका विभिन्न तहबीच नीति, कार्यक्रम र सन्देशको प्रभावकारी सञ्जाल निर्माण गर्न समन्वय, सूचना आदान-प्रदान र परामर्श गर्ने ।

(ङ) विभागीय सदस्य र सरोकारवालाहरू बीच सहकार्य, साझेदारी र सहमति निर्माण गरी साझा लक्ष्य प्राप्तिमा योगदान गर्ने ।

(च) सरोकारवाला निकायहरू (सरकार, निजी क्षेत्र, नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरू आदि) सँग विषयगत समन्वय गर्ने ।

(छ) पार्टीका दीर्घकालीन रणनीति तथा अभियानहरू मा विभागीय विशेषज्ञता प्रदान गर्ने ।

(ज) पार्टीका विचार, दृष्टिकोण, नीति र कार्यक्रमलाई व्यवहारमा उतार्न विभागीय जिम्मेवारी अनुसार सक्रिय भूमिका निर्वाह गर्ने ।

(झ) पार्टीको महाधिवेशन, अधिवेशन, सङ्घीय कमिटी र सम्बन्धित कमिटीले तोकेको अन्य कार्यहरू गर्ने ।

**६५. सङ्घीय तहमा रहने अन्य कमिटीको काम, कर्तव्य र अधिकार :-** (१) सङ्घीय तहमा रहने अन्य कमिटीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि परिषद् र सङ्घीय कमिटीको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ख) राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने । राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने ।

(ग) आवश्यकताअनुसार कमिटीका सदस्यहरूको कार्य विभाजन गर्ने तथा आवश्यकता अनुसार पार्टी संयन्त्रहरू थपघट, विस्तार गरी संयन्त्रहरू को कार्यविभाजन गर्ने ।

(घ) पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने ।

(ङ) विधान कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने, नियमावली बनाउने ।

(२) यस धारा बमोजिम सङ्घीय तहमा रहने अन्य कमिटीको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६६. प्रदेश कमिटीको काम, कर्तव्य र अधिकार :-**

(१) प्रदेश तहमा पार्टी गतिविधिको नेतृत्व गर्ने ।

(२) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि परिषद्, सङ्घीय कमिटी, सचिवालय र प्रदेश अधिवेशनले गरेका निर्णयहरू, निर्देशन कार्यान्वयन गर्ने, राजनीतिक र संगठनात्मक विषयमा निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।

(३) प्रदेश अधिवेशन र प्रदेश कमिटीले गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने । कार्यान्वयन भए, नभएको अनुगमन गर्ने र मातहतका कमिटीहरू लाई कार्यान्वयनका लागि परिपत्र जारी गर्ने ।

(४) प्रदेश कार्यालय कमिटी गठन गर्ने ।

(५) प्रदेशभित्रका जिल्ला र विशेष संरचना कमिटीहरू लाई परिचालन गर्ने ।

(६) जिल्ला कमिटीहरू बाट प्राप्त संगठित सदस्यहरू को सदस्यताको सिफारिसका आधारमा संगठित सदस्यसम्बन्धी निर्णय गर्ने र आवश्यकता परे मातहत कमिटीको संगठित सदस्यता प्रदान गर्ने सिफारिस अध्ययन गरी निर्णय लिने ।

(७) पार्टीको लक्ष्य, उद्देश्य र मुद्दाहरूमा आधारित भई जनपरिचालन र शान्तिपूर्ण आन्दोलनका कार्यक्रमहरू सञ्चालन गर्ने ।

(८) प्रदेश सल्लाहकार कमिटी तथा विभागहरू  गठन गर्ने,

(९) आवश्यकता अनुसार प्रशिक्षण, अन्तरक्रिया आदि सञ्चालन गर्ने ।

(१०) पार्टी आचारसंहिताको पालना गराउने । मातहतका कमिटीलाई सचेत गराउने । अनुशासनको उल्लङ्घन भएको पाइएमा कार्वाही गर्ने ।

(११) कुनै कारणले पदरिक्त भएमा बाँकी कार्यकालका लागि विधान बमोजिम पदपूर्ति गर्ने ।

**६७. प्रदेश प्रतिनिधि परिषद्को काम, कर्तव्य र अधिकार :-**

(१) प्रदेश प्रतिनिधि परिषद्मा पार्टीको विधान संशोधन सम्बन्धी सुझाव संकलन, नीतिगत तथा समसामयिक विषयमा छलफल तथा निर्णय गरी सम्बन्धित कमिटीलाई कार्यान्वयनका लागि निर्देशन दिनेछ ।

(५) प्रदेश प्रतिनिधि परिषद् प्रदेश अधिवेशनप्रति उत्तरदायी हुनेछ ।

**६८. प्रदेश तहमा रहने अन्य कमिटीको काम, कर्तव्य र अधिकार :-** (१) प्रदेश तहमा रहने अन्य कमिटीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि परिषद्, सङ्घीय कमिटी, प्रदेश अधिवेशन र प्रदेश कमिटीको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ख) राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने ।

(ग) आवश्यकता अनुसार कमिटीका सदस्यहरू को कार्य विभाजन गर्ने तथा आवश्यकता अनुसार पार्टी संयन्त्रहरू  थपघट, विस्तार गरी संयन्त्रहरू को कार्यविभाजन गर्ने ।

(घ) पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने ।

(ङ) विधान कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने, नियमावली बनाउने ।

(२) यस धारा बमोजिम प्रदेश तहमा रहने अन्य कमिटीको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६९. जिल्ला समन्वय कमिटीको काम, कर्तव्य र अधिकार :-**

(१) जिल्लाभित्रका स्थानीय तह कमिटीबीच आवश्यकता अनुसार पुलको रूपमा समन्वय र सहजिकरण गर्ने ।

(२) जिल्ला समन्वय कमिटीका पदाधिकारी, सचिवालय र सदस्यहरूको कार्य विभाजन गर्ने ।

(३) विधान अनुरुप नियमित बैठकको आयोजना गर्ने, योजना बनाउने, कार्यान्वयन गर्ने र मातहतको कमिटीहरू लाई परिपत्र जारी गर्ने तथा माथिल्लो कमिटीका निर्णय र निर्देशनहरू  कार्यान्वयन गर्ने, गराउने ।

(४) मातहतका कमिटीहरू को अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

(५) जिल्लाभित्रका अन्य राजनीतिक संगठन र संघसंस्थासँग आवश्यक समन्वय, सहकार्य गर्ने ।

(६) दलको घोषणापत्र, उद्देश्य, नीति तथा कार्यक्रमको प्रचारप्रसार गर्ने, त्यसका लागि अन्तरक्रिया, प्रशिक्षण कार्यक्रम आयोजना गर्ने ।

(७) माथिल्लो कमिटीको निर्णय, निर्देशन अनुसार तोकिएको सबै काम गर्ने ।

**७०. जिल्ला भेलाको काम, कर्तव्य र अधिकार :-**

(१) जिल्लाको वार्षिक भेलामा पार्टीको नीतिगत तथा समसामयिक विषयमा छलफल तथा निर्णय गरी सम्बन्धित कमिटीलाई कार्यान्वयनका लागि निर्देशन दिनेछ ।

(२) जिल्ला भेलाको प्रतिनिधिहरू स्थानीय तह कमिटीका पदाधिकारीहरू र तोके बमाजिम स्थानीय तह कमिटीबाट छनौट भएका प्रतिनिधिहरु हुनेछन् ।

**७१. स्थानीय तह कमिटीको काम, कर्तव्य र अधिकार :-** (१) गाउँ/नगर कमिटीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) स्थानीय तहभित्र पार्टीको नेतृत्व गर्ने ।

(२) स्थानीय तह कमिटीको पदाधिकारी सहितको सचिवालय गठन गर्ने ।

(३) पार्टीको नीति, निर्णय अनुसार स्थानीय तह स्तरमा आवश्यकता अनुसार राजनीतिक तथा संगठनात्मक विषयमा निर्णय गर्ने ।

(४) माथिल्लो कमिटीबाट जारी भएका र स्थानीय तह कमिटीले गरेका निर्णयहरू कार्यान्वयन गर्ने ।

(५) प्रारम्भिक तथा संगठित सदस्यता वितरण गर्ने, नवीकरणका लागि माथिल्लो कमिटीमा पठाउने ।

(६) स्थानीय तह अन्तर्गतका वडा कमिटीहरू लाई आवश्यक निर्देशन, समन्वय गर्ने ।

(७) पार्टीको तर्फबाट निर्वाचित जनप्रतिधिहरू सँग आवश्यक समन्वय गर्ने, विकास निर्माणका कार्यमा सहयोग पुऱ्याउने ।

(८) आवश्यकताअनुसार विभिन्न कमिटी, उपकमिटीहरू गठन गर्ने ।

(९) निर्वाचनको समयमा निर्वाचन तथा मतदातासँग सम्बन्धित आवश्यक परिचालन र व्यवस्थापन गर्ने ।

(१०)आवश्यकता अनुसार स्थानीय तह सल्लाहकार कमिटी, विभाग, संयन्त्र र कार्यदल गठन गरी तिनको कर्तव्य र अधिकार तोकी परिचालन गर्ने ।

(११)पार्टी अनुशासनको पालना नगर्ने मातहत कमिटीको विघटन, पुनर्गठन र माथिल्लो कमिटीमा जानकारी गराउने ।

(१२)कमिटी मातहतका पदाधिकारी र सदस्यहरू लाई अनुशासनको कार्वाही गर्ने, सचेत गराउने, उजुरीमाथि निर्णय लिने ।

(१३)विधान बमोजिम अन्य आवश्यक कार्य गर्ने ।

**७२. स्थानीय तह परिषद्को काम, कर्तव्य र अधिकार :-**

(१) स्थानीय तह गाउँ/नगर प्रतिनिधि परिषद्मा पार्टीको नीतिगत तथा समसामयिक विषयमा छलफल तथा निर्णय गरी सम्बन्धित कमिटीलाई कार्यान्वयनका लागि निर्देशन दिनेछ ।

(२) गाउँ/नगर प्रतिनिधि प्रतिनिधि परिषद् गाउँ/नगर अधिवेशनप्रति उत्तरदायी हुनेछ ।

**७३. संसदीय दलको काम, कर्तव्य र अधिकार :-**

(१) संसदीय दलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) संसदीय दलमा प्रतिनिधिसभाका सदस्यहरू ले आफूमध्येबाट संसदीय दलको नेताको निर्वाचन गर्नेछन् ।

(ख) संसदीय दलको काम, कर्तव्य र कार्य सञ्चालन सङ्घीय कमिटीद्वारा स्वीकृत संसदीय दलको विधानअनुसार हुनेछ ।

(ग) सङ्घीय संसदीय दलले आफ्नो विधान र नियमावली निर्माण गरी पार्टी सङ्घीय कमिटीबाट अनुमोदन गराउनेछ र त्यसैका आधारमा कार्य गर्नेछ ।

(घ) सङ्घीय संसदीय दलका सदस्यहरू ले पार्टी सङ्घीय कमिटीले तोकेको जिम्मेवारी पूरा गर्नु पर्नेछ र आफूसम्बद्ध कमिटीले तोकेको कार्यक्षेत्र एवम् आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा कार्यरत रहनु पर्नेछ ।

(ङ) सङ्घीय संसदीय दल र सांसदहरू देश, जनता र पार्टीप्रति उत्तरदायी हुनेछन् । पार्टीको नीति, घोषणापत्र र निर्णयहरू को पालना गर्नु दलका सदस्यहरू को कर्तव्य हुनेछ ।

(२) संसदीय दलको काम, कर्तव्य र अधिकारसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७४. सङ्घीय कमिटीको पदाधिकारीहरू को काम कर्तव्य र अधिकारः**

(१) अध्यक्षको अधिकार र कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) समग्र पार्टीको नेतृत्व गर्ने,

(ख) राजनीतिक तथा वैचारिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने,

(ग) पार्टीलाई पूर्ण रुपमा रेखदेख, नियन्त्रण र आवश्यक निर्देशन दिने,

(घ) महाधिवेशन र सङ्घीय कमिटीको निर्णयहरू कार्यान्वयन गराउने,

(ङ) राष्ट्रिय महाविधेशन, सङ्घीय कमिटी र सचिवालय बैठकको अध्यक्षता गर्नुका साथै बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

(च) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि, सङ्घीय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(छ) पार्टीको हितको लागि अन्य कार्यहरू गर्ने ।

(२) उपाध्यक्षको अधिकार र कर्तव्य,

(क) अध्यक्षको काममा आवश्यकता अनुसार सहयोग पुऱ्याउने,

(ख) अध्यक्ष अनुपस्थितिमा पहिलो वरियताको उपाध्यक्षले अध्यक्षको जिम्मेवारी लिई सम्पूर्ण कार्यहरू गर्ने,

(ग) अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(घ) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि, सङ्घीय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(३) महासचिवको अधिकार र कर्तव्य,

(क) राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र विशेष महाधिवेशनबाट पारित नीति-निर्णयहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गरी सचिवालय बैठकमा प्रस्तुत गर्ने,

(ख) अध्यक्षसँग परामर्श लिई सङ्घीय कमिटी र सचिवालयको बैठक बोलाउने,

(ग) सङ्घीय महाधिवेशन, केन्द्रीय कमिटीको बैठकमा सांगठनिक प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) सङ्घीय कमिटी, सचिवालयको बैठक सञ्चालन गर्ने र निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ङ) समसामयिक सरोकारको विषयमा तत्काल धारणा सार्वजनिक गर्नु पर्ने भएमा अध्यक्ष र विज्ञ परिषद्सँग परामर्श गरी धारणा सार्वजनिक गर्ने,

(च) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि, सङ्घीय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(४) उपमहासचिवको अधिकार र कर्तव्य,

(क) महासचिवको काममा सहयोग पुऱ्याउने,

(ख) महासचिवको अनुपस्थितिमा का.वा. महासचिवको जिम्मेवारी लिई सम्पूर्ण कार्यहरू गर्ने,

(ग) महासचिवले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(घ) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि, सङ्घीय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(५) सचिवको अधिकार र कर्तव्य,

(क) महासचिव र उपमहासचिवको काममा आवश्यकता अनुसार सहयोग पुऱ्याउने,

(ख) महासचिव र उपमहासचिवको अनुपस्थितिमा निजहरू ले गर्ने सबै काम गर्ने,

(ग) महासचिवले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(घ) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि, सङ्घीय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(७) कोषाध्यक्षको अधिकार र कर्तव्य,

(क) पार्टीको बैठकमा उपस्थित भई छलफल गर्ने, राय प्रस्तुत गर्ने र पार्टी हितमा आवश्यक निर्णय दिने,

(ख) पार्टीको आर्थिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने र पार्टीको हितमा अधिकतम आयस्रोत परिचालन गर्न प्रस्ताव गर्ने ।

(ग) पार्टीको आर्थिक विनियमले तोकेका कामहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने ।

(घ) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि, सङ्घीय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(८) सह कोषाध्यक्षको अधिकार र कर्तव्य,

(क) कोषाध्यक्षको काममा सहयोग पुऱ्याउने,

(ख) कोषाध्यक्षको अनुपस्थितिमा का.वा. कोषाध्यक्षको जिम्मेवारी लिई सम्पूर्ण कार्यहरू गर्ने,

(ग) कोषाध्यक्षले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(ग) पार्टीको आर्थिक विनियमले तोकेका कामहरू  प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने ।

(घ) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि, सङ्घीय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(९) सङ्घीय कमिटीका पदाधिकारीहरू को काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७५. सङ्घीय तहमा रहने विभागीय कमिटीका पदाधिकारीहरू को काम, कर्तव्य र अधिकारः** (१) सङ्घीय तहमा रहने विभागका पदाधिकारीको काम, कर्तव्य र अधिकार यस दफामा उल्लेख भए बमोजिम हुनेछ ।

(१) सङ्घीय विभागका पदाधिकारीहरू को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विभाग प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) विभागको सम्पूर्ण नीति, योजना र कार्यक्रमको नेतृत्व गर्ने ।

(२) पार्टीको केन्द्रीय नीति र दिशानिर्देश अनुसार विभागीय कार्ययोजना तयार पार्ने र प्रस्तुत गर्ने ।

(३) विभागका सदस्यहरू को क्षमता अभिवृद्धि तथा परिचालनमा नेतृत्व प्रदान गर्ने ।

(४) विभागीय गतिविधि र उपलब्धिहरू को मूल्याङ्कन गरी पार्टी नेतृत्वमा प्रतिवेदन पेस गर्ने ।

(५) विभागीय काममा उत्पन्न समस्या समाधान गर्न र अन्तरविभागीय समन्वय कायम गर्ने ।

(ख) विभाग उप-प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) विभागको प्रमुखको काममा सहयोग गर्ने ।

(२) विभाग प्रमुख अनुपस्थित रहेको समयमा विभाग प्रमुखले गर्ने सम्पूर्ण कार्य गर्ने ।

(ग) विभाग सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) विभाग प्रमुखलाई नीति, योजना र कार्यक्रम कार्यान्वयनमा आवश्यक प्रशासनिक तथा प्राविधिक सहयोग पुऱ्याउने ।

(२) विभागका बैठकका कार्यसूची तयार गर्ने, माइन्युट लेख्ने र निर्णयहरू को अभिलेख राख्ने ।

(३) विभागीय सूचना संकलन, दस्तावेज व्यवस्थापन र प्रतिवेदन तयार पार्ने जिम्मेवारी वहन गर्ने

(४) विभागका सदस्यहरू बीच सूचना प्रवाह, समन्वय र सहकार्य सुनिश्चित गर्ने।

(५) विभाग प्रमुख अनुपस्थित हुँदा कार्यवाहक जिम्मेवारी सम्हाल्ने र नियमित कार्यहरू  अघि बढाउने ।

**७६. सङ्घीय तहमा रहने अन्य कमिटीका पदाधिकारीको काम, कर्तव्य र अधिकारः**

(१) सङ्घीय तहमा रहने अन्य कमिटीका पदाधिकारीको काम, कर्तव्य र अधिकार यस दफामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) सङ्घीय सल्लाहकार परिषद पदाधिकारीहरू को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सङ्घीय सल्लाहकार परिषद अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) पार्टी अध्यक्षसँग परामर्श लिई बैठक बोलाउन सचिवलाई निर्देशन दिने, बैठकको अध्यक्षता गर्ने ।

(२) सङ्घीय परिषदलाई आवश्यकता अनुसार विशेष सल्लाह, सुझाव दिने ।

(३) पार्टीको सङ्घीय नीति र दिशानिर्देश अनुसार कार्ययोजना तयार पार्ने ।

(४) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि र सङ्घीय कमिटीले तोकेको अन्य कार्यहरू गर्ने ।

(ख) उपाध्यक्षको अधिकार र कर्तव्य,

(१) अध्यक्षको काममा आवश्यकता अनुसार सहयोग पुऱ्याउने,

(२) अध्यक्ष अनुपस्थितिमा अध्यक्षको जिम्मेवारी लिई सम्पूर्ण कार्यहरू गर्ने,

(३) अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(४) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि, सङ्घीय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(ग) सचिवको अधिकार र कर्तव्य,

(१) अध्यक्षसँग परामर्श लिई सङ्घीय सल्लाहकार कमिटीको बैठक बोलाउने,

(२) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि, सङ्घीय कमिटीको बैठकमा प्रस्तुत प्रतिवेदन तयार गर्ने,

(३) सङ्घीय महाधिवेशन, सङ्घीय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(३) अनुशासन आयोग, लेखा आयोग र निर्वाचन आयोगका पदाधिकारीहरू को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) पार्टी अध्यक्षसँग परामर्श लिई आयोगको बैठक बोलाउन सचिवलाई निर्देशन दिने, बैठकको अध्यक्षता गर्ने ।

(२) सङ्घीय कमिटीलाई आवश्यकता अनुसार विशेष सल्लाह, सुझाव दिने ।

(३) पार्टीको सङ्घीय नीति र दिशानिर्देश अनुसार कार्ययोजना तयार पार्ने ।

(४) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि र सङ्घीय कमिटीले तोकेको अन्य कार्यहरू गर्ने ।

(ख) उपाध्यक्षको अधिकार र कर्तव्य,

(१) अध्यक्षको काममा आवश्यकता अनुसार सहयोग पुऱ्याउने,

(२) अध्यक्ष अनुपस्थितिमो अध्यक्षको जिम्मेवारी लिई सम्पूर्ण कार्यहरू गर्ने,

(३) अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(४) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि, सङ्घीय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(ग) सचिवको अधिकार र कर्तव्य,

(१) अध्यक्षसँग परामर्श लिई आयोगको बैठक बोलाउने,

(२) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि, सङ्घीय कमिटीको बैठकमा प्रस्तुत प्रतिवेदन तयार गर्ने,

(३) सङ्घीय महाधिवेशन, सङ्घीय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(४) सङ्घीय विज्ञ परिषद्का पदाधिकारीहरू को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) पार्टी अध्यक्षसँग परामर्श लिई विज्ञ परिषदको बैठक बोलाउन सचिवलाई निर्देशन दिने, बैठकको अध्यक्षता गर्ने ।

(२) विज्ञ परिषदको अध्यक्षले विचार केन्द्रको नेतृत्वकर्ताको रुपमा पार्टीको विधान तथा सिद्धान्तको व्याख्या गर्ने, नीति निर्माण गर्ने र निर्णय प्रक्रियामा मार्गदर्शन प्रदान गर्ने वैचारिक संयन्त्रको रूपमा कार्य गर्नेछ ।

(३) पाटीको सङ्घीय नीति र दिशानिर्देश अनुसार कार्ययोजना तयार पार्ने ।

(४) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि र सङ्घीय कमिटीले तोकेको अन्य कार्यहरू गर्ने ।

(ख) उपाध्यक्षको अधिकार र कर्तव्य,

(१) अध्यक्षको काममा आवश्यकता अनुसार सहयोग पुऱ्याउने,

(२) अध्यक्ष अनुपस्थितिमा अध्यक्षको जिम्मेवारी लिई सम्पूर्ण कार्यहरू गर्ने,

(३) अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

(४) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि, सङ्घीय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(ग) सचिवको अधिकार र कर्तव्य,

(१) अध्यक्षसँग परामर्श लिई आयोगको बैठक बोलाउने,

(२) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय प्रतिनिधि परिषद्, सङ्घीय कमिटीको बैठकमा प्रस्तुत प्रतिवेदन तयार गर्ने,

(३) सङ्घीय महाधिवेशन, सङ्घीय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

**७७. प्रदेश कमिटीका पदाधिकारीको कर्तव्य र अधिकार,**

**(१) अध्यक्षको काम र कर्तव्य देहाय बमोजिम हुनेछ-**

(क) प्रदेश तहमा पार्टीको प्रमुख भई काम गर्ने,

(ख) माथिल्लो कमिटी, प्रदेश अधिवेशन र प्रदेश कमिटी बैठकले गरेका निर्णयहरू कार्यान्वयन गर्ने,

(ग) प्रदेश कमिटी, सचिवालय र कार्यालय कमिटीको बैठकको अध्यक्षता गर्ने, कमिटीको बैठक बोलाउन निर्देशन दिने,

(घ) कार्यालयको दस्तावेज तथा आय-व्ययको लेखा व्यवस्थित राख्न लगाउने,

(ङ) सम्बन्धित कमिटीले तोकेको अन्य कार्यहरू गर्ने ।

(२) **उपाध्यक्षको अध्यक्षको काम र कर्तव्य देहाय बमोजिम हुनेछ ।**

(क) अध्यक्षको काममा आवश्यक सहयोग पुऱ्याउने,

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै काम गर्ने,

(ग) प्रदेश कमिटी र सचिवालयले गर्ने अन्य कार्यहरू  गर्ने ।

(३) **सचिवको अध्यक्षको काम र कर्तव्य देहाय बमोजिम हुनेछ ।**

(क) पार्टीको माथिल्लो कमिटी र प्रदेश अधिवेशनको निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने,

(ख) प्रदेश कमिटीको कार्यालय सञ्चालन गर्ने,

(ग) प्रदेशको क्षेत्राधिकारभित्रको संगठनात्मक कार्यको अनुगमन गर्ने, अभिलेख राख्ने,

(घ) प्रदेश अधिवेशन र कमिटीको बैठकमा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

(ङ) प्रदेश कमिटीको बैठक सञ्चालन गर्ने,

(च) प्रदेश कमिटीले तोकेको अन्य कार्यहरू गर्ने ।

(४) **उपसचिवको अध्यक्षको काम र कर्तव्य देहाय बमोजिम हुनेछ ।**

(क) सचिवको काममा आवश्यक सहयोग पुऱ्याउने,

(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने,

(ग) प्रदेश कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(५) **कोषाध्यक्षको अध्यक्षको काम र कर्तव्य देहाय बमोजिम हुनेछ ।**

(क) प्रदेश कमिटीको आर्थिक कोषको संरक्षण, सम्वर्द्धन र आय-व्ययको अभिलेख राख्ने,

(ख) कोष निर्माण तथा व्यवस्थापनको योजना बनाउने, आय-व्ययलाई वार्षिक रूपमा प्रदेश कमिटीबाट पास गराउने,

(ग) आयस्रोतको सङ्कलन, परिचालन गर्नुका साथै प्रदेश कमिटीको निर्णय अनुसार बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने,

(घ) वार्षिक रुपमा लेखापरीक्षण कार्य सम्पन्न गर्ने,

(ङ) प्रदेश कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(६) प्रदेश कमिटीका पदाधिकारीहरू को काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७८. **प्रदेश प्रतिनिधि परिषद् पदाधिकारीहरू को काम, कर्तव्य र अधिकारः** (१) प्रदेश प्रतिनिधि परिषद् अध्यक्ष तथा पदाधिकारीहरू  प्रदेश कमिटीका पदाधिकारीहरू  नै हुने भएकोले सोही अनुसारको काम र कर्तव्य हुनेछ ।

(२) प्रदेश प्रतिनिधि परिषद्का पदाधिकारीहरू को काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७९. **जिल्ला समन्वय कमिटीका पदाधिकारी तथा सदस्यको कर्तव्य र अधिकार,**

(१) **अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) जिल्ला समन्वय कमिटीमा पार्टीको प्रमुख भई काम गर्ने,

(ख) माथिल्लो कमिटी र जिल्ला समन्वय कमिटीको बैठकले गरेका निर्णयहरू  कार्यान्वयन गर्ने,

(ग) जिल्ला समन्वय कमिटीको बैठकको अध्यक्षता गर्ने, कमिटीको बैठक बोलाउन निर्देशन दिने,
(घ) जिल्ला समन्वय कमिटी र जिल्ला भेलामा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,
(ङ) जिल्ला समन्वय कमिटी र माथिल्लो कमिटीले तोकेको अन्य कार्यहरू गर्ने ।

**(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) अध्यक्षको काममा आवश्यक सहयोग पुऱ्याउने,
(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै काम गर्ने,
(ग) जिल्ला समन्वय कमिटी र सचिवालयले गर्ने अन्य कार्यहरू गर्ने ।

**(३) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) पार्टीको माथिल्लो कमिटी र जिल्ला भेलाको निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने, जिल्ला समन्वय कमिटीसमक्ष प्रस्तुत गर्ने,
(ख) जिल्ला समन्वय कमिटीको कार्यालय सञ्चालन गर्ने,
(ग) जिल्लाको क्षेत्राधिकारभित्रको संगठनात्मक कार्यको अनुगमन गर्ने, अभिलेख राख्ने,
(घ) जिल्ला भेला र समन्वय कमिटीको बैठकमा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,
(ङ) जिल्ला समन्वय कमिटी र सचिवालयको बैठक सञ्चालन गर्ने,
(च) जिल्ला समन्वय कमिटीले तोकेको अन्य कार्यहरू गर्ने ।

**(४) उपसचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) सचिवको काममा आवश्यक सहयोग पुऱ्याउने,
(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने,
(ग) जिल्ला समन्वय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

**(५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) आर्थिक कोषको संरक्षण, सम्वर्द्धन र आय-व्ययको अभिलेख राख्ने,
(ख) कोष निर्माण तथा व्यवस्थापनको योजना बनाउने, आय-व्ययलाई वार्षिक रुपमा जिल्लाको बैठकबाट पास गराउने,
(ग) आयस्रोतको सङ्कलन, परिचालन गर्नुका साथै जिल्ला समन्वय कमिटीको निर्णय अनुसार बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने,
(घ) वार्षिक रूपमा कोषको लेखापरीक्षण कार्य सम्पन्न गर्ने,
(ङ) जिल्ला समन्वय कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(६) जिल्ला समन्वय कमिटीका पदाधिकारीहरू को काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८०. जिल्ला प्रतिनिधि परिषद् पदाधिकारीहरू को काम, कर्तव्य र अधिकारः** (१) जिल्ला प्रतिनिधि परिषद् अध्यक्ष तथा पदाधिकारीहरू जिल्ला कमिटीका पदाधिकारीहरू नै हुने भएकोले सोही अनुसारको काम र कर्तव्य हुनेछ ।

(२) जिल्ला प्रतिनिधि परिषदका पदाधिकारीहरू को काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८१. गाउँ/नगर कमिटीका पदाधिकारीहरू को काम, कर्तव्य र अधिकार,**

**(१) अध्यक्षको काम र कर्तव्य,**

(क) गाउँ/नगर स्तरमा पार्टीको प्रमुख भई काम गर्ने,

(ख) माथिल्लो कमिटी र गाउँ/नगर कमिटीको बैठकले गरेका निर्णयहरू कार्यान्वयन गर्ने,

(ग) गाउँ/नगर कमिटीको बैठकको अध्यक्षता गर्ने, कमिटीको बैठक बोलाउन निर्देशन दिने, बैठकको अध्यक्षता गर्ने,

(घ) गाउँ/नगर कमिटी र गाउँ/नगर अधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

(ङ) गाउँ/नगर कमिटी र माथिल्लो कमिटीले तोकेको अन्य कार्यहरू गर्ने ।

**(२) उपाध्यक्षको काम र कर्तव्य,**

(क) अध्यक्षको काममा आवश्यक सहयोग पुऱ्याउने,

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै काम गर्ने,

(ग) गाउँ/नगर कमिटीले गर्ने अन्य कार्यहरू गर्ने ।

**(३) सचिवको काम र कर्तव्य,**

(क) पार्टीको माथिल्लो कमिटी र गाउँ/नगर कमिटीको निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने, गाउँ/नगर कमिटी समक्ष प्रस्तुत गर्ने,

(ख) गाउँ/नगर कमिटीको कार्यालय सञ्चालन गर्ने,

(ग) गाउँ/नगर कमिटीको क्षेत्राधिकारभित्रको संगठनात्मक कार्यको अनुगमन गर्ने, अभिलेख राख्ने,

(घ) गाउँ/नगर कमिटीको अधिवेशन र बैठकमा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

(ङ) गाउँ/नगर कमिटी र सचिवालयको बैठक सञ्चालन गर्ने,

(च) गाउँ/नगर कमिटीले तोकेको अन्य कार्यहरू गर्ने ।

**(४) सह-सचिवको काम र कर्तव्य,**

(क) सचिवको काममा आवश्यक सहयोग पुऱ्याउने,

(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने,

(ग) गाउँ/नगर कमिटी र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

**(५) कोषाध्यक्षको काम र कर्तव्य,**

(क) आर्थिक कोषको संरक्षण, सम्वर्द्धन र आय-व्ययको अभिलेख राख्ने,

(ख) कोष निर्माण तथा व्यवस्थापनको योजना बनाउने, आय-व्ययलाई वार्षिक रुपमा पालिका कमिटीको बैठकबाट पास गराउने,

(ग) आयस्रोतको सङ्कलन, परिचालन गर्नुका साथै पालिका कमिटीको निर्णय अनुसार बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने,

(घ) वार्षिक रुपमा कोषको लेखापरीक्षण कार्य सम्पन्न गर्ने,

(ङ) गाउँ/नगर र सचिवालयले तोकेको अन्य कार्यहरू गर्ने ।

(६) जिल्ला कमिटीका पदाधिकारीहरू को काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८२. गाउँ/नगर प्रतिनिधि परिषद् पदाधिकारीहरू को काम, कर्तव्य र अधिकारः** (१)गाउँ/नगर प्रतिनिधि परिषद् अध्यक्ष तथा पदाधिकारीहरू गाउँ/नगर कमिटीका पदाधिकारीहरू नै हुने भएकोले सोही अनुसारको काम र कर्तव्य हुनेछ ।

(२) गाउँ/नगर प्रतिनिधि परिषद्का पदाधिकारीहरू को काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११
## बैठक र निर्णयसम्बन्धी व्यवस्था

**८३. राष्ट्रिय प्रतिनिधि परिषदको बैठक :** (१) सामान्यतया राष्ट्रिय प्रतिनिधि परिषदको भेला ५ बर्षमा बढीमा १ पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक ५ बर्ष भन्दा बढी हुने छैन ।

(२) राष्ट्रिय प्रतिनिधि परिषदको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८४. सङ्घीय कमिटीको बैठक :-**

(१) सामान्यतया सङ्घीय कमिटीको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ । एक बैठकको फरक समय ६ महिनाभन्दा बढी हुने छैन ।

(२) सङ्घीय कमिटीको बैठक सम्बन्धी व्यवस्था कमिटीले तोके बमोजिम हुनेछ ।

**८५. प्रदेश प्रतिनिधि परिषद्को बैठक :** (१) सामान्यतया प्रदेश प्रतिनिधि परिषदको भेला ५ बर्षमा बढीमा १ पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक ५ बर्ष भन्दा बढी हुने छैन ।

(२) प्रदेश प्रतिनिधि परिषद्को बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८६. प्रदेश कमिटीको बैठक :-**

(१) सामान्यतया प्रदेश कमिटीको बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ । एक बैठकको फरक समय चार महिनाभन्दा बढी हुने छैन ।

(२) प्रदेश कमिटीको बैठकसम्बन्धी व्यवस्था कमिटीले तोके बमोजिम हुनेछ ।

**८७. जिल्ला प्रतिनिधि परिषद्को बैठक :** (१) सामान्यतया जिल्ला प्रतिनिधि परिषद्को भेला एक बर्ष छ महिनामा १ पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक एक बर्ष छ महिना भन्दा बढी हुने छैन ।

(२) जिल्ला प्रतिनिधि परिषद्/भेलाको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८८. जिल्ला कमिटीको बैठक :-**

(१) सामान्यतया जिल्ला कमिटीको बैठक कम्तीमा चार महिनामा एकपटक बस्नेछ । एक बैठकको फरक समय चार महिनाभन्दा बढी हुने छैन ।

(२) जिल्ला कमिटीको बैठकसम्बन्धी व्यवस्था बैठकको निर्णयले तोके बमोजिम हुनेछ ।

**८९. गाउँ/नगर प्रतिनिधि परिषदको बैठक :** (१) सामान्यतया गाउँ/नगर प्रतिनिधि परिषदको भेला ३ बर्षमा बढीमा १ पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक ३ बर्ष भन्दा बढी हुने छैन ।

(२) गाउँ/नगर प्रतिनिधि परिषदको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९०. गाउँ/नगर कमिटीको बैठक :-**

(१) सामान्यतया स्थानीय तह कमिटीको बैठक कम्तीमा तीन महिनामा एकपटक बस्नेछ । एक बैठकको फरक समय तीन महिनाभन्दा बढी हुने छैन ।

(२) स्थानीय तह कमिटीको बैठक सम्बन्धी व्यवस्था बैठकको निर्णयले तोके बमोजिम हुनेछ ।

**९१. संसदीय दलको बैठक :-**

(१) सामान्यतया संसदीय दलको बैठक तीन महिनामा एकपटक बस्नेछ । एक बैठकको फरक समय तीन महिनाभन्दा बढी हुने छैन ।

(२) संसदीय दलको बैठक सम्बन्धी अन्य व्यवस्था सम्बन्धित संसदीय दलको विधान तथा यस विधान बमोजिम बनेको नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१२

## अनुशासन सम्बन्धी कारबाही र पुनरावेदन

**९२. आचारसंहिता :-**

(१) दलले सबै तहका पदाधिकारी तथा अन्य सदस्यले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्नेछ ।

(२) उपधारा (१) बमोजिमको आचारसंहिता सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनबाट पारित गरी लागू गरिनेछ ।

(३) उपधारा (२) बमोजिम लागू भएको आचारसंहिताको पालना गर्नु सबै तहका प्रत्येक पदाधिकारी तथा अन्य सबै सदस्यको कर्तव्य हुनेछ ।

(४) पार्टीको विधि, पद्धति, संस्कार र प्रक्रिया अनुसार सञ्चालन गर्न, विधान बमोजिम प्रतिबद्ध हुन र उत्तरदायित्व पूरा गर्न तथा सार्वजनिक रुपमा विश्वास कायम गर्न पार्टीको विभिन्न कमिटी, निकाय, विभागका सदस्यहरू ले इमान्दारीपूर्वक पार्टीको आचारसंहिता पालना गर्नुपर्नेछ । आचारसंहिता अनुसूची ११ बमोजिम उल्लेख भए बमोजिमको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

**९३. पदाधिकारी तथा सदस्यले पालना गर्नुपर्ने अनुशासनको नियम :-**

(१) दलले सबै तहका पदाधिकारी एवम् सदस्यहरू ले पालना गर्नुपर्ने अनुशासन सम्बन्धी नियमको व्यवस्था गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिम पालना गर्नुपर्ने अनुशासनको नियमसम्बन्धी विषय दलको सङ्घीय कमिटीको बैठकबाट स्वीकृत गरी लागू गरिनेछ ।

(३) उपधारा (२) बमोजिम स्वीकृत भई लागू भएको अनुशासनको नियमको पालना गर्नु प्रत्येक पदाधिकारी तथा दलका सदस्यको कर्तव्य हुनेछ ।

(४) दलको अनुशासन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९४. आचारसंहिता तथा अनुशासनको नियमको उल्लंघन गरेको मानिने :-**

(१) पदाधिकारी, सदस्य तथा निकायले देहाय बमोजिमको कार्य गरे गराएमा धारा ९३ वा ९४ बमोजिम जारी आचारसंहिता वा अनुशासनको उल्लंघन गरेको मानिनेछः-

(क) दलको आदर्श, सिद्धान्त, विधान, नियमावली एवम् नीति तथा कार्यक्रम विपरीत कार्य गरे, गराएमा,

(ख) नेपालको संविधान र प्रचलित कानुन बमोजिम जननिर्वाचित प्रतिनिधिले चलाउने निकायको निर्वाचनमा दलको निर्णय विपरीत उमेदवार बनेमा, पार्टीको उमेदवारविरुद्ध प्रचार गरेमा वा पार्टीको उमेदवारका विरुद्धमा उठ्ने अन्य कुनै उमेदवारको प्रस्तावक र समर्थक बनेमा वा त्यस्तो उमेदवारको पक्षमा कुनै काम गरेमा,

(ग) नैतिक पतन देखिने फौजदारी कसुर गरेको वा भ्रष्ट क्रियाकलाप गरेको वा अवाञ्छित तत्वसँग साँठगाँठ गरी राष्ट्रको हित विपरीत काम गरेको,

(घ) पदीय आचरण वा पार्टी हितविपरीत आर्थिक अनुशासनहीनता वा पार्टी सम्पत्तिको हिनामिनामा संलग्न भएको वा राष्ट्रको सम्पत्तिको हिनामिना गरेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको,

(ङ) छुवाछूत, जातीय भेदभाव, बहुविवाह र लैङ्गिक हिंसाका क्रियाकलाप गरेको,

(२) आचारसंहिता वा अनुशासनका नियम उल्लंघनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९५. अनुशासन सम्बन्धी कारवाही :-**

(१) दलको सबै तहका कमिटिको निर्वाचन भएको तीस दिनभित्र सम्बन्धित कमिटीको बैठकले एक जना संयोजक र कम्तिमा एक तिहाई महिला सदस्य रहनेगरी ५ सदस्यीय एक अनुशासन कमिटी गठन गर्नुपर्नेछ ।

(२) कुनै पनि पदाधिकारी तथा सदस्यले धारा ९३ वा ९४ बमोजिम जारी भएको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा सम्बन्धित तहको अनुशासन कमिटीले आचारसंहिता उल्लंघन

भएको हो, होइन छानबीन गरी कारबाहीको लागि सम्बन्धित तहको कमिटीमा सिफारिस गर्नु पर्नेछ ।

(३) उपधारा (२) बमोजिम कारवाहीका लागि सिफारिस गर्नुपूर्व सम्बन्धित पदाधिकारी वा सदस्यलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(४) उपधारा (२) बमोजिम कारवाहीको लागि सिफारिस भई आएकोमा सम्बन्धित तहको कमिटीले कारवाहीको निर्णय गर्नेछ ।

(५) उपधारा (४) बमोजिम सम्बन्धित कमिटीले कारवाहीको निर्णय गर्दा पुनरावेदन गर्नको लागि पन्ध्र दिनको हदम्याद दिनु पर्नेछ ।

(६) अनुशासनात्मक कारवाही तथा कारवाही गर्दा अपनाउनु पर्ने कार्यविधिसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९६. कारवाही :-**

(१) देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा एकपटकलाई चेतावनी दिइनेछ-

(क) पार्टीले दिएको जिम्मेवारी बहन नगरेमा,

(ख) पार्टीको नीति, निर्देशन पालना नगरेमा,

(ग) दफा ९५ को उपदफा १ बमोजिम कार्य गरेमा ।

(२) देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा बढीमा एक वर्षसम्म निलम्बन गर्न सकिनेछ-

(क) पार्टीभित्र गुटबन्दी वा षड्यन्त्र गरेको प्रमाणित भएमा,

(ख) पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र वैधानिक व्यवस्थाको विपक्षमा कार्य गरेको प्रमाणित भएमा,

(ग) पार्टी कमिटीको गोपनीयता भङ्ग गरेमा,

(घ) दफा ९५ को उपदफा २ बमोजिम कार्य गरेमा ।

(३) देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा दलको पदाधिकारीबाट हटाउन सकिनेछ-

(क) दफा ९५ को उपदफा ३, ४ र ५ बमोजिम गरेको कार्य प्रमाणित भएमा ।

(४) देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा आगामी महाधिवेशन वा अधिवेशनमा दलको कुनै पनि तहमा र पदमा उमेदवार बन्नबाट बञ्चित गर्न सकिनेछ-

(क) दफा ९५ को उपदफा ३, ४ र ५ बमोजिम गरेको कार्य प्रमाणित भएमा ।

(ख) पार्टीले माग गरेको अवस्थामा सम्पत्तिको यथार्थ विवरण नदिई लुकाएर राखेको, झुट्टा विवरण पेस गरेको वा स्रोत खुलाउन नचाहेको,

(५) देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा बढीमा ५ वर्षसम्म निलम्बन गर्न सकिनेछ-

(क) संघ तथा प्रदेश सरकार, स्थानीय तह र जनप्रतिनिधि संस्था लगायत पार्टीले पठाएको कुनै पनि जिम्मेवारीमा रहँदा पार्टी निर्णय र निर्देशन विपरीत कार्य गरेमा,

(ख) दफा ९५ को उपदफा २ बमोजिम गरेको कार्य प्रमाणित भएमा ।

(६) देहाय अनुसारको आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा दलको साधारण सदस्य समेत नरहने गरी हटाउन सकिनेछ-

(क) नैतिक पतन देखिने फौजदारी कसुर गरेको, भ्रष्ट तथा अनैतिक आचरण गरेको र अवाञ्छित तत्वसँग साँठगाँठ गरेको तथा राष्ट्र र पार्टी हितविपरीत काम गरेमा,

(ख) दफा ९५ को उपदफा ३, ४ र ५ बमोजिम गरेको कार्य प्रमाणित भएमा ।

## ९७. पुनरावेदन कमिटी :-

(१) दलको सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनबाट देहायअनुसार प्रत्येक तहमा एक पुनरावेदन कमिटीको निर्वाचन हुनेछ-

(क) सङ्घीय तहमा महाधिवेशनबाट एक जना संयोजक र कम्तिमा एक तिहाई महिला सदस्य रहनेगरी बढी ५ सदस्यीय पुनरावेदन कमिटी,

(ख) प्रदेश तहमा प्रदेश अधिवेशनबाट एक जना संयोजक र कम्तिमा एक तिहाई महिला सदस्य रहने गरी बढी ३ सदस्यीय पुनरावेदन कमिटी,

(ग) जिल्ला तहमा जिल्ला अधिवेशनबाट एक जना संयोजक र कम्तिमा एक तिहाई महिला सदस्य रहने गरी बढी ३ सदस्यीय पुनरावेदन कमिटी,

(घ) स्थानीय तहको स्थानीय तह अधिवेशनबाट एक जना संयोजक र कम्तिमा एक तिहाई महिला सदस्य रहने गरी बढी ३ सदस्यीय पुनरावेदन कमिटी ।

(२) पुनरावेदन कमिटीको पदाधिकारी निर्वाचित हुनका लागि सम्बन्धित तहको कमिटीको पदाधिकारी हुन आवश्यक योग्यता सरहको योग्यता हुनु पर्नेछ ।

(३) पुनरावेदन कमिटीका पदाधिकारीको निर्वाचन सम्बन्धित तहको निर्वाचन कमिटीले सम्बन्धित तहको कमिटीका पदाधिकारीको निर्वाचनका लागि तय गरेको प्रक्रिया अवलम्बन गरी गराउनेछ ।

(४) पुनरावेदन कमिटी दलको एक स्थायी संरचनाको रूपमा रहनेछ र यसको पदावधि सम्बन्धित तहको कमिटीसरह हुनेछ ।

(५) पुनरावेदन कमिटीसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ९८. पुनरावेदन कमिटीको काम, कर्तव्य र अधिकार :-

(१) पुनरावेदन कमिटीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) कुनै पदाधिकारी तथा सदस्यमाथि भएको कारवाहीको पुनरावेदन सुन्ने,

(ख) पुनरावेदन सुनुवाई गर्दा प्रचलित कानुन तथा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी सुनुवाई गर्ने,

(ग) सुनुवाईका क्रममा कुनै कमिटीको निर्णय, पदाधिकारी तथा सदस्य बुझ्नुपर्ने भएमा सो बुझ्ने,

(२) पुनरावेदन कमिटीको काम, कर्तव्य र अधिकारसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ-

**९९. पुनरावेदन प्रक्रिया :-**

(१) दलको सम्बन्धित वडा कमिटीले गरेको कारवाहीउपर स्थानीय तह कमिटी तहको पुनरावेदन कमिटी र स्थानीय तह, जिल्ला, प्रदेश तथा सङ्घीय तहको कमिटीले गरेको कारवाहीउपर सोही कमिटी तहको पुनरावेदन कमिटीसमक्ष पुनरावेदन दिन सकिनेछ ।

(२) उपधारा (१) बमोजिम पुनरावेदन दिन चाहने व्यक्तिले सम्बन्धित कमिटीबाट भएको निर्णय थाहा पाएको मितिले पन्ध्र दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(३) उपधारा (२) बमोजिम पुनरावेदन गर्न आएकोमा सम्बन्धित तहको पुनरावेदन कमिटीले तीस दिनभित्र बुझ्नुपर्ने सबै प्रमाण कागजात बुझी बढीमा चालीस दिनभित्र निर्णय दिनुपर्नेछ ।

(४) उपधारा (३) बमोजिम पुनरावेदन कमिटीले गरेको निर्णयमा चित्त नबुझेमा स्थानीय तह तहको पुनरावेदन कमिटीको निर्णयउपर जिल्ला तहको पुनरावेदन कमिटीमा, जिल्ला तहको पुनरावेदन कमिटीको निर्णयउपर प्रदेश तहको पुनरावेदन कमिटीमा र प्रदेश तहको पुनरावेदन कमिटीको निर्णयउपर सङ्घीय तहको पुनरावेदन कमिटीमा र सङ्घीय तहको पुनरावेदन कमिटीको निर्णयउपर सङ्घीय कमिटीमा पुनरावलोकनका लागि निवेदन दिन सकिनेछ ।

(५) उपधारा (४) बमोजिम पुनरावलोकनको लागि निवेदन परेमा सम्बन्धित तहको कमिटीले उपधारा (३) बमोजिमको प्रक्रिया र अवधिमा निर्णय दिनु पर्नेछ ।

(६) उपधारा (५) बमोजिम भएको निर्णय अन्तिम हुनेछ ।

(७) पुनरावेदन प्रक्रियासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१३

## विवाद समाधान कमिटी सम्बधी व्यवस्था

**१००. विवाद समाधान कमिटी :-**

(१) दलको आन्तरिक विवाद समाधानका लागि देहाय बमोजिमका पदाधिकारी भएको विवाद समाधान कमिटी गठन गरिनेछ-

(क) संयोजक : मेलमिलाप तथा द्वन्द्व व्यवस्थापन विभागको प्रमुख

(ख) सदस्य : कमिटीका सदस्यहरू मध्येबाट १ महिला सहित ३ जना

(ग) सदस्य सचिवः अनुशासन कमिटीको संयोजक ।

(२) पार्टी सदस्यता वितरणसम्बन्धी विवाद, दलभित्रको आन्तरिक विवाद र पार्टीभित्र देखा परेका नीतिगत विवाद, दलभित्र भएका व्यक्तिगत वा सामूहिक विवादहरू तथा पार्टीभित्र देखा परेका अन्य विवादहरू हल गर्ने यस कमिटीको मुख्य जिम्मेवारी हुनेछ ।

(३) यस विधानमा व्यवस्था भए बमोजिम विधान र नियमावलीलाई आधार मानी विवाद समाधान गर्नुपर्नेछ ।

(४) यस विधान बाहेकका अन्य प्रक्रिया र कार्यविधि विवाद समाधान कमिटी आफैले तोके बमोजिम हुनेछ ।

(५) कुनै पनि विवाद समाधानका लागि विवाद समाधान कमिटीले दिएको राय, सुझाव र निर्णय सबै पक्षका लागि मान्य हुनेछ ।

**१०१. विवाद समाधान कमिटीको काम, कर्तव्य र अधिकार :-**

(१) विवादमा सम्बद्ध पक्षहरू बीच बेग्लाबेग्लै वा सामूहिक रूपमा छलफल गर्ने,

(२) पार्टीको हितलाई मुख्य आधार मानी पार्टीको विधान र नियमावली बमोजिम विवाद समाधान गर्ने,

(३) विवाद समाधानको उपाय कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने ।

**१०२. विवाद समाधानको प्रक्रिया :-**

(१) विवादको कारण पहिचान गर्ने,

(२) विवादित पक्षहरू बीच छलफल गर्ने,

(३) विवादका पक्षहरू लाई उचित प्रतिवादको मौका दिने,

(४) विवाद समाधान गर्न दलको विधान र नियमको पालना गर्ने,

(५) विवाद समाधान गर्दा न्याय र कानुनका सर्वमान्य सिद्धान्तहरू को पालना गर्ने ।

## परिच्छेद-१४

## दलको कोष सम्बन्धी व्यवस्था

**१०३. कोष :-**

(१) दलको एक छुट्टै कोष हुनेछ, जसमा देहाय अनुसारको रकम जम्मा हुनेछ-

(क) सदस्यता शुल्क वापत प्राप्त रकम,

(ख) तोकिएको लेबी वा सदस्यता नवीकरण शुल्क वापत प्राप्त रकम,

(ग) दललाई प्राप्त हुने स्वेच्छिक आर्थिक सहयोगबाट प्राप्त हुने रकम,

(घ) दलले कुनै कार्यक्रम आयोजना गरी सङ्कलन गरेको रकम,

(ङ) पार्टीको जिन्सी सम्पत्ति तथा प्रकाशन बिक्रीबाट प्राप्त रकम,

(च) कोषमा रहेको रकमवापत बैंकबाट प्राप्त व्याज रकम,

(छ) पार्टी कार्यकर्ताको उत्पादनमुखी कार्यक्रम वा अभियानबाट प्राप्त रकम,

(ज) विधान बमोजिम दललाई प्राप्त हुने जुनसुकै रकम ।

(२) उपधारा (१) बमोजिमको कोष प्रत्येक तहको कमिटीमा रहनेछ ।

(३) उपधारा (१) बमोजिमको कोषमा रहेको रकम प्रत्येक तहका कमिटीले बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) पार्टीको प्रत्येक तहका कमिटीको नाममा हुने सबै खर्च सम्बन्धित तहको दलको कोषबाट व्यहोरिनेछ ।

(५) पार्टीको कोषमा प्राप्त हुने रकम प्राप्त गर्दाको बखत अनुसूची - ८ बमोजिमको ढाँचाको रसिद/भर्पाइ उपलब्ध गराइनेछ ।

(६) पार्टीले पारित गरेको आर्थिक नियमावलीअनुसार कोषको व्यवस्थापन तथा सञ्चालन गरिनेछ ।

(७) सङ्घीय कमिटीले पार्टीमा समर्पित कार्यकर्ताको संरक्षणका लागि विनियम बनाई कार्यकर्ता संरक्षण कोष स्थापना र सञ्चालन गर्नेछ । तर, यस्तो कोष सङ्घीय कमिटीको अनुमति लिएर प्रदेश तथा स्थानीय तहमा पनि स्थापना गर्न सकिनेछ ।

(८) कोषसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०४. बैंक खाता सञ्चालन :-**

(१) दलको बैंक खाता सम्बन्धित तहको कमिटीका अध्यक्ष, महासचिव र कोषाध्यक्ष मध्ये कोषाध्यक्ष अनिवार्य रहने गरी कुनै दुईजनाको दस्तखतबाट सञ्चालन गरिनेछ ।

(२) कुनै विशेष अभियान संचालन गर्न वा निर्वाचन प्रयोजनको लागि सम्बन्धित कमिटीको निर्णय अनुसार अभियान वा परिचालन कमिटीको प्रमुख वा संयोजक र अन्य २ जना सदस्यहरू को संयुक्त दस्तखतबाट संचालन हुने गरी बैंक खाता खोल्न सकिनेछ ।

(३) दलको बैंक खाता सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०५. रकम खर्चसम्बन्धी व्यवस्था :-**

(१) दलको कोषमा रहेको रकम सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनबाट स्वीकृत कार्यक्रम अनुरुप मात्र खर्च गरिनेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनले सम्बन्धित तहको कमिटीले निर्णय गरी खर्च गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरेकोमा त्यस्तो कमिटीको निर्णय बमोजिम रकम खर्च गर्न सकिनेछ ।

(३) पार्टीले सञ्चालन गर्ने कार्यक्रमहरू र विभिन्न कार्यक्रममा पार्टी नेता, कार्यकर्ता तथा कर्मचारी खटाउँदा हुने खर्च व्यवस्थापन गर्नेछ ।

(४) दलको कोषबाट रकम खर्च गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०६. लेखा कमिटी :-**

(१) पार्टीको प्रत्येक कमिटीले सम्बन्धित तहको लागि एक जना संयोजक र कम्तिमा एक तिहाई महिला सहित तीन सदस्यीय रहेको एक लेखा कमिटीको गठन गर्नुपर्नेछ ।

(२) उपधारा (१) बमोजिमको लेखा कमिटी सम्बन्धित तहको कमिटीको निर्वाचन भएको मितिले तीस दिनभित्र गठन गरी सक्नुपर्नेछ ।

(३) उपधारा (२) बमोजिम लेखा कमिटी गठन भएको विषय सम्बन्धित तहको कमिटीले माथिल्लो कमिटीलाई र निर्वाचन आयोगको सम्बन्धित कार्यालयलाई पन्ध्र दिनभित्र लिखित जानकारी दिनु पर्नेछ ।

(४) लेखा कमिटीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) सम्बन्धित तहको लेखा कमिटीको सम्बन्धित तहको कमिटीको लेखा जाँच गर्ने,

(ख) खण्ड (क) बमोजिम लेखा जाँच गर्दा कैफियत भएको पाइएमा तत्काल सुधारका लागि निर्देशन दिने,

(ग) सम्बन्धित तहको लेखा कमिटीले सम्बन्धित तहको कमिटीको आन्तरिक लेखा परीक्षणको सबैखाले व्यवस्था मिलाउने,

(घ) सम्बन्धित तहको लेखा कमिटीले सम्बन्धित तहको कमिटीको अन्तिम लेखा परीक्षणको व्यवस्था मिलाउने,

(ङ) दलको चल, अचल सम्पत्तिको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन गर्न लगाउने ।

(५) लेखा कमिटीको काम, कर्तव्य र अधिकार तथा लेखा कमिटीसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १०७. कोष सञ्चालनका लागि जिम्मेवार पदाधिकारी :-

(१) दलको प्रत्येक तहका कमिटीले आयोगको सम्बन्धित कार्यालयमा कोष सञ्चालनका लागि कोषाध्यक्षलाई सम्पर्क व्यक्ति तोकिनेछ ।

(२) उपधारा (१) बमोजिमको सम्पर्क व्यक्ति सम्बन्धित तहको कमिटीको निर्वाचन भएको मितिले तीस दिनभित्र तोकी सक्नुपर्नेछ ।

(३) उपधारा (२) बमोजिम तोकिएको सम्पर्क व्यक्तिको सम्बन्धमा सम्बन्धित तहको कमिटीले आफूभन्दा माथिल्लो कमिटीलाई र आयोगको सम्बन्धित कार्यालयलाई पन्ध्र दिनभित्र लिखित जानकारी दिनु पर्नेछ ।

(४) सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) आयोगको सम्बन्धित कार्यालयसँग सम्पर्क समन्वयमा रहने,

(ख) आयोगबाट जारी भएका निर्देशन, आदेश वा कोषसम्बन्धी अन्य विषय आफ्नो कमिटीमा छलफल गर्ने, गराउने,

(ग) खण्ड (ख) बमोजिमको विषयको कार्यान्वयन गर्न, गराउन प्रयत्नशील रहने,

(घ) खण्ड (ख) बमोजिमको विषयमा भएके प्रगति आयोगको सम्बन्धित कार्यालयमा जानकारी गराउने ।

(५) सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार तथा सम्पर्क व्यक्तिसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०८. लेखा व्यवस्थापन :-**

(१) पार्टीको लेखा आयोगले तोकेको ढाँचामा दोहोरो लेखा प्रणाली अनुरुप राखिनेछ ।

(२) पार्टीको सम्बन्धित तहको कमिटीको लेखा राख्नका लागि दलको कमिटीको निर्वाचन भएको मितिले तीस दिनभित्र सम्बन्धित तहको कमिटीले पदाधिकारी तोक्नु पर्नेछ ।

(३) उपधारा (२) बमोजिम लेखा राख्न तोकिएको पदाधिकारीको विवरण सम्बन्धित तहको कमिटीले पदाधिकारी तोकिएको मितिले पन्ध्र दिनभित्र माथिल्लो कमिटी र आयोगको सम्बन्धित कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ ।

(४) दलको जग्गा, भवन, सवारी साधन, मेशिन औजार, फर्निचर, फिक्चर लगायतका अन्य सम्पत्तिको लेखाङ्कन र अभिलेखन गरिनेछ ।

(५) लेखा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०९. आन्तरिक लेखापरीक्षण :-**

(१) सम्बन्धित तहको कमिटीको कोषको आय-व्ययको आन्तरिक लेखापरीक्षण गर्नका लागि सम्बन्धित तहको लेखा कमिटीले विषय विज्ञलाई आन्तरिक लेखापरीक्षकको रूपमा नियुक्त गर्नेछ ।

(२) उपधारा (१) बमोजिमको आन्तरिक लेखापरीक्षकले दलको आन्तरिक लेखापरीक्षण गरी मासिक रूपमा लेखा कमिटीसमक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपधारा (२) बमोजिम पेश हुन आएको आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखा कमिटीले सम्बन्धित तहको कमिटीमा पेश गर्नु पर्नेछ ।

(४) लेखापरीक्षक नियुक्ति, सेवा, सुविधा तथा आन्तरिक लेखापरीक्षणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११०. अन्तिम लेखापरीक्षण :-**

(१) पार्टीको सम्बन्धित तहका कमिटीले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र आफ्नो आय र व्ययको लेखापरीक्षण इजाजत प्राप्त लेखापरीक्षकबाट गराउनेछ ।

(२) पार्टी मातहतका कमिटी सदस्य तथा कर्मचारीले अनुशासन उल्लंघन गरेमा त्यस्तो व्यक्तिबाट सञ्चालित खाता वा मातहत कमिटीको नगद वा जिन्सी सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई पत्राचार गर्न सक्नेछ,

(३) लेखापरीक्षणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१११. लेखापरीक्षण प्रतिवेदन सार्वजनिक :-**

(१) सम्बन्धित तहको कमिटीले धारा-११० बमोजिमको अवधिभित्र लेखापरीक्षण कार्य सम्पन्न गरी सो को प्रतिवेदन निकट माथिल्लो तहको कमिटीमा लेखापरीक्षण सम्पन्न भएको मितिले तीस दिनभित्र पेश गर्नु पर्नेछ ।

(२) सम्बन्धित तहको कमिटीले उपधारा (१) बमोजिम निकट माथिल्लो तहको कमिटीमा लेखापरीक्षण प्रतिवेदन पेश गरेको तीस दिनभित्र उक्त लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपधारा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन प्रचलित कानुनमा भएको व्यवस्था वा आयोगको निर्देशन बमोजिम आयोगको सम्बन्धित कार्यालयमा समेत पेश गर्नु पर्नेछ ।

(४) लेखापरीक्षण प्रतिवेदनका दलको जग्गा, भवन, सवारी साधन, मेशिन औजार, फर्निचर, फिक्चर लगायतका अन्य सम्पत्तिको विवरण समेत सार्वजनिक गरिनेछ ।

(५) लेखापरीक्षण सार्वजनिक गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११२. कोष तथा आर्थिक व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था :-**

(१) दलको जग्गा, भवन, सवारी साधन, मेशिन औजार, फर्निचर फिक्चर लगायतका अन्य सम्पत्तिहरू को स्पष्ट विवरण खुल्ने गरी अनुसूची-९ बमोजिमको ढाँचामा सम्पत्ति अभिलेख लगत राखिनेछ ।

(२) उपधारा (१) बमोजिमको राखिएको अभिलेख विवरण प्रत्येक वर्ष चैत मसान्तभित्र सार्वजनिक गरिनेछ ।

(३) दलको कोष तथा लेखा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१५

## विधान संशोधन

**११३. विधान संशोधन कार्यदल :-**

(१) पार्टीको विधान संशोधन गर्न आवश्यक देखिएमा सङ्घीय कमिटीले एक जना संयोजक सहित बढीमा ५ सदस्यीय विधान मस्यौदा कार्यदल गठन गर्नेछ ।

(२) उपधारा (१) बमोजिमको कार्यदलमा कम्तिमा एक तिहाई महिला सदस्य रहने छन् ।

(३) उपधारा (१) बमोजिमको कार्यदल समानुपातिक समावेशी सिद्धान्तका आधारमा समावेंशी समूहका प्रतिनिधि समेत रहने गरी गठन गर्नेछ ।

(४) विधान संशोधनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११४. विधान संशोधन कार्यदलले गर्नुपर्ने कार्य :-**

(१) विधान संशोधन कार्यदलले देहाय अनुसारको प्रक्रिया अवलम्बन गरी विधान संशोधनको मस्यौदा तयार गर्नु पर्नेछ ।

(क) प्रदेश, जिल्ला, स्थानीय तह तथा वडा कमिटीहरू सँग विधान संशोधन गर्नुपर्ने विषयका सम्बन्धमा सुझाव माग गर्ने,

(ख) खण्ड (क) बमोजिम माग गरी प्राप्त सुझावका आधारमा संशोधनको खाका तयार गर्ने,

(ग) खण्ड (ख) बमोजिमको खाकामाथि सङ्घीय कमिटी तथा आवश्यकताअनुसार प्रदेश, जिल्ला, स्थानीय तह तथा वडा कमिटीहरू सँग छलफल गर्ने,

(घ) विधान संशोधन मस्यौदा प्रतिवेदन तयार गरी सङ्घीय कमिटीमा पेश गर्ने,

(२) विधान संशोधन कार्यदल र कार्यदलले अपनाउनु पर्ने प्रक्रिया तथा प्रतिवेदनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११५. विधान संशोधन प्रस्ताव :-**

(१) धारा-११४ को खण्ड १ (घ) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा सङ्घीय कमिटीले अनुसूची-१० बमोजिमको ढाँचामा विधान संशोधनको प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि सङ्घीय कमिटीले अनुसूची-१० बमोजिमको ढाँचामा विधान संशोधनको प्रस्ताव तयार गर्न विधान संशोधन कार्यदललाई जिम्मेवारी तोक्न सक्नेछ ।

(३) उपधारा (२) बमोजिम जिम्मेवारी तोकिएकोमा सोही बमोजिम कार्य गर्नु विधान संशोधन कार्यदलको जिम्मेवारी हुनेछ ।

(४) कार्यदलले पेश गरेको विधान मस्यौदामाथि सङ्घीय कमिटीले आवश्यक छलफल गरी संशोधनसहित पारित गराउनु पर्नेछ ।

(५) विधान संशोधन प्रस्तावसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११६. विधान संशोधन प्रक्रिया :-**

(१) दलको विधान संशोधन राष्ट्रिय महाधिवेशनको कुल सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट मात्र गरिनेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि कुनै निश्चित विषयका सम्बन्धमा विधान संशोधन गर्ने अधिकार महाधिवेशनले सङ्घीय कमिटीको पूर्ण बैठकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) उपधारा (२) बमोजिम अधिकार प्रत्यायोजन भएकोमा प्रत्यायोजन भएको अधिकारको हदसम्म मात्र सङ्घीय कमिटीले विधान संशोधन गर्न सक्नेछ ।

(४) विधान संशोधन प्रक्रियासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११७. संशोधित विधानको प्रमाणिकरण :-**

(१) संशोधित विधान महाधिवेशनको निर्णय कमिटीले प्रमाणित गर्नु पर्नेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि धारा-११६ को उपधारा (२) बमोजिम विधान संशोधन भएकोमा त्यस्तो परिषद् र तत्काल कायम रहेका सङ्घीय कमिटीका प्रमुख पदाधिकारीले प्रमाणित गर्नु पर्नेछ ।

(३) विधान संशोधन प्रमाणितसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

### ११८. संशोधित विधान लागू हुने :-

(१) धारा-११७ बमोजिम प्रमाणित विधान धारा-११४ को उपधारा (१) को ढाँचामा विधान संशोधन भएको मितिले पन्ध्र दिनभित्र आयोगमा पेश गरिनेछ ।

(२) उपधारा (१) मा बमोजिमको पेश गरिएको संशोधित विधान आयोगबाट स्वीकृति प्राप्त गरेको मितिदेखि लागू हुनेछ ।

## परिच्छेद-१६
## दल विघटन हुने अवस्था र विघटन भएमा सम्पत्ति तथा दायित्वको व्यवस्थापन

### ११९. पार्टी विघटन सम्बन्धी व्यवस्था :-

(१) पार्टीको विघटन गर्न उपयुक्त छ भनी तत्काल कायम रहेको सङ्घीय कमिटीको दुई तिहाई सदस्यहरू ले निर्णय गरी सङ्घीय कमिटीमा पेश गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिमको निर्णय भई आएमा तत्काल कायम रहेको परिषदको कुल सदस्य सङ्ख्याको दुई तिहाई सदस्यको निर्णयबाट पार्टी विघटन गर्न सकिनेछ ।

(३) उपधारा (२) बमोजिम पार्टी विघटन भएमा पार्टीको सम्पूर्ण जायजेथा तथा सम्पत्ति नेपाल सरकारको हुनेछ ।

(४) पार्टी विघटनको प्रक्रिया लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१७
## विविध

### १२०. उम्मेदवार मनोनयनको मापदण्ड :-

(१) नेपालको संविधान तथा प्रचलित कानुन बमोजिम हुने निर्वाचनमा दलको तर्फबाट उमेदवार मनोनयन गर्दा देहायको मापदण्डको आधारमा गरिनेछ-

(क) उमेदवारसम्बन्धी अन्य मापदण्डहरू सङ्घीय कमिटीले तोके बमोजिम हुनेछ ।

(ख) पार्टी सदस्य भएको तर कुनै राजनीतिक पार्टीमा एकीकरण वा समाहित भएकोवा अन्य राजनीतिक दलमा काम गरी पार्टीमा प्रवेश गरेको व्यक्तिको हकमा सङ्घीय कमिटीले निर्णय गरे बमोजिम हुनेछ ।

(ग) पार्टीद्वारा सञ्चालन गरिएका विभिन्न कार्यक्रम, अभियान, जनसङ्घर्ष र आन्दोलन समेतका गतिविधिमा सक्रिय रुपले सहभागी भएको ।

(घ) विगतमा निर्वाचनहरू मा पार्टीका उमेदवारको पक्षमा सक्रियतापूर्वक काम गरेको ।

(ङ) प्रचलित कानुन बमोजिम उमेदवार हुन योग्य भएको ।

(च) पार्टी संगठन वा जनसङ्गठनमा सक्रिय भई काम गरेको ।

(छ) पार्टीले तोकेको लेबी नियमित रुपमा बुझाउँदै आएको ।

(ज) भ्रष्टाचार, कालाबजारी, महिला हिंसा, जातीय भेदभाव जस्ता अभियोगमा सजाय नपाएको ।

(झ) समाज सेवामा सक्रिय र उच्च नैतिक चरित्र भएको भनी चर्चा कमाएको ।

(ञ) जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू पदार्थ बिक्रि वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धिकरण, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको ।

(ट) पार्टी कोष वा पार्टीको सम्पत्ति हिनामिना नगरेको ।

(२) उपधारा (१) बमोजिम उमेदवार मनोनयन गर्दा देहायको प्रक्रिया अवलम्बन गरिनेछ-

(क) सबै तहका निर्वाचनहरू को उमेदवार मनोनयन गर्दा सङ्घीय कमिटीले प्राप्त गरेको नाममध्ये सहमति हुन सकेमा सहमति र सहमति हुन नसकेमा बहुमतबाट निर्णय गरी अनुमोदन गराई पार्टीको तर्फबाट उमेदवारी घोषणा गर्ने र उमेदवारको मनोनयन दाखिला गर्ने व्यवस्था गरिनेछ ।

## १२१. सम्पर्क व्यक्ति :-

(१) निर्वाचन आयोगसँग आवश्यकता अनुसार सम्पर्क, समन्वय र सहकार्य गर्नका लागि पार्टीले देहाय बमोजिमको सम्पर्क व्यक्तिको व्यवस्था गर्नेछ-

(क) सङ्घीय कमिटीको तर्फबाट निर्वाचन आयोगको केन्द्रीय कार्यालयमा सम्पर्कका लागि सङ्घीय कमिटीको निर्वाचन भएको तीस दिनभित्रमा पार्टीको बैठकले प्रतिनिधि तोक्ने निर्णय गरी सात दिनभित्रमा आयोगको कार्यालयमा जानकारी दिइनेछ ।

(ख) प्रदेश कमिटीको तर्फबाट निर्वाचन आयोगको प्रदेश कार्यालयमा सम्पर्कका लागि प्रदेश कमिटीको निर्वाचन भएको तीस दिनभित्रमा पार्टी प्रदेश कमिटीको बैठकले प्रतिनिधि तोक्ने निर्णय गरी सात दिनभित्रमा आयोगको प्रदेश कार्यालयमा जानकारी दिइनेछ ।

(ग) जिल्ला कमिटीको तर्फबाट निर्वाचन आयोगको जिल्ला निर्वाचन कार्यालयमा सम्पर्क गर्नका लागि जिल्ला कमिटीको निर्वाचन भएको तीस दिनभित्रमा पार्टी जिल्ला कमिटीको बैठकले प्रतिनिधि तोक्ने निर्णय गरी सात दिनभित्रमा आयोगको जिल्ला कार्यालयमा जानकारी दिइनेछ ।

(घ) स्थानीय तह कमिटीको तर्फबाट निर्वाचन आयोगको जिल्ला निर्वाचन कार्यालय तथा स्थानीय तहका सम्पर्क व्यक्तिसँग सम्पर्क गर्नका लागि स्थानीय तह कमिटीको निर्वाचन भएको तीस दिनभित्रमा पार्टी स्थानीय तह कमिटीको बैठकले प्रतिनिधि तोक्ने निर्णय गरी सात दिनभित्रमा आयोगको जिल्ला निर्वाचन कार्यालय वा आयोगको स्थानीय तहका सम्पर्क व्यक्तिलाई जानकारी दिइनेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि निर्वाचन आयोगले निर्णय गरी माग गरे बमोजिम सम्पर्क व्यक्ति तोकी पठाउनु पार्टीको कर्तव्य हुनेछ ।

(३) उपधारा (१) र (२) बमोजिम तोकिएका सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ-

(क) पार्टीको सम्बन्धित तहको कमिटीको तर्फबाट आयोगसँग निरन्तर सम्पर्क र समन्वयमा रहने,

(ख) पार्टीको तर्फबाट आयोगमा पेश गर्नुपर्ने कागजात समयमा पेश गर्ने व्यवस्था मिलाउने,

(ग) आयोगले सम्पर्क व्यक्तिलाई लक्षित गरी तोकिएको कार्य गर्ने र आयोगको कार्यक्रममा सहभागिता जनाउने,

(घ) आयोगबाट प्राप्त सूचना, निर्देशन र जानकारी सम्बन्धित तहको कमिटी अध्यक्ष र आवश्यकता अनुसार अन्य पदाधिकारीलाई जानकारी गराउने,

(ङ) पार्टीले गर्ने भनी तोकिएको अन्य जिम्मेवारी बहन गर्ने ।

**१२२. कर्मचारी व्यवस्थापन :-**

(१) दलले आवश्यकता अनुसार कर्मचारी भर्ना तथा कर्मचारीको सेवा शर्तका सुविधाहरू निर्धारण गर्न सक्नेछ ।

(२) कर्मचारी भर्ना तथा सेवा सुविधाको शर्तसम्बन्धी अन्य व्यवस्था कर्मचारी प्रशासन विनियममा तोकिए बमोजिम हुनेछ ।

**१२३. सम्पत्ति विवरणसम्बन्धी व्यवस्था :-**

(१) पार्टीको सङ्घीय कमिटीका पदाधिकारी र सदस्यमा निर्वाचित भएको व्यक्तिले आफू निर्वाचित भएको मितिले ६० दिनभित्रमा आफ्नो चल तथा अचल सम्पत्तिको विवरण सिलबन्दी गरी पार्टीको सङ्घीय कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपधारा (१) बमोजिमको विवरण प्राप्त भएपछि त्यसको अभिलेख कार्यालयमा राखी सम्पत्ति विवरण पेश गर्ने र नगर्ने पदाधिकारी तथा सदस्यको नाम सम्पत्ति विवरण पेश गर्नुपर्ने अवधि नाघेको एक महिनाभित्रमा प्रकाशन गर्नुपर्नेछ ।

(३) उपधारा (१) बमोजिमको सम्पत्ति विवरण अनुसूची- ११ बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ ।

**१२४. अधिकार प्रत्यायोजन :-**

(१) महाधिवेशनले सङ्घीय कमिटीलाई तथा सम्बन्धित तहको अधिवेशनले सम्बन्धित तहको कमिटीलाई महाधिवेशन वा अधिवेशनको अधिकार तोकिएको शर्त बमोजिम उपयोग गर्न प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिम प्रत्यायोजन भएका अधिकार पुनः प्रत्यायोजन गर्न पाइने छैन ।

(३) सम्बन्धित तहको कमिटीको अधिकार सम्बन्धित तहको कुनै विभाग, कमिटी वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

(४) अधिकार प्रत्यायोजनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२५. दल एकीकरण हुनसक्ने :-**

(१) पार्टीको सङ्घीय कमिटीको कम्तिमा ५१ प्रतिशत सदस्यको निर्णयबाट दलमा अन्य कुनै दल एकीकरण गर्ने वा अन्य दलहरू समेत मिली नयाँ दल गठन वा दल एकीकरण गर्न सकिनेछ ।

(२) पार्टी एकीकरण वा नयाँ पार्टी गठन भएमा यसरी एकीकरण हुने पार्टीको सम्पत्ति तथा दायित्व समेत एकीकरण भई बनेको पार्टीको हुनेछ ।

(३) पार्टी एकता वा नयाँ पार्टी गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२६. विधानको व्याख्या :-**

(१) विधानको अन्तिम व्याख्या पार्टीको सङ्घीय कमिटीले गर्नेछ तर व्याख्या गरिएको विषयलाई राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरी अनुमोदन गराउनु पर्नेछ ।

**१२७. बाधा, अड्काउ फुकाउने :-**

(१) यस विधानलाई कार्यान्वयन गर्ने क्रममा कुनै विवाद वा बाधा, अड्काउ उत्पन्न भएमा पार्टीको सङ्घीय कमिटीले गरेको बाधा, अड्काउ फुकाउने निर्णय गर्नेछ,

(२) उपधारा (१) बमोजिम गरिएको निर्णय बमोजिम विधानमा आवश्यक संशोधन गर्नुपर्ने भएमा विधान बमोजिमको प्रक्रिया पूरा गरी तत्काल त्यसपछि बस्ने सङ्घीय महाधिवेशनमा अनुमोदनका लागि प्रस्ताव पेश गरिनेछ ।

(३) विधानको बाधा, अड्काउको कार्यविधि तथा बाधा, अड्काउसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२८. संक्रमणकालीन व्यवस्था :-**

(१) पार्टीको सम्बन्धित तहको कमिटीले महाधिवेशन, अधिवेशनको घोषणा गरेपछि तत्काल कायम रहेको कमिटी महाधिवेशन, अधिवेशन आयोजक कमिटीमा रुपान्तरण हुनेछ ।

(२) उपधारा (१) बमोजिम रुपान्तरण भएको कमिटीले तोकिएको मितिमा महाधिवेशन, अधिवेशन सम्पन्न गरी अर्को कमिटी निर्वाचित नगरेसम्म कार्यकारी कमिटीको हैसियतमा नै पार्टीको काम गर्नेछ ।

(३) महाधिवेशन, अधिवेशन सम्पन्न गर्न गठित आयोजक कमिटीले एक तिहाई सदस्य रहने गरी सचिवालय गठन गर्न सक्नेछ ।

(४) निर्वाचन आयोगमा दर्ताको लागि गठन भएको तदर्थ कमिटीमा एक जना अध्यक्ष र बाँकी सदस्यहरू रहनेछ । तदर्थ समितिको बैठकले पदाधिकारीहरु चयन गर्न सकिनेछ । कमिटीको दुई तिहाई बहुमतले अध्यक्ष पद परिवर्तन गर्न सकिनेछ । पार्टीको प्रथम महाधिवेशनबाट बिधानमा व्यवस्था भए बमोजिमको कमिटीहरू गठन गरिनेछ ।

(५) संक्रमणकालीन अवस्थाको सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२९. नियमावली बनाउन सक्ने :-**

(१) पार्टीको कामलाई व्यवस्थित बनाई कार्यान्वयन गर्नका लागि सङ्घीय कमिटीले आवश्यकता अनुसार पार्टीको विधान अन्तर्गत रही नियमावली बनाउन सक्नेछ ।

(२) उपधारा (१) बमोजिम बनाइएको नियमावली निर्वाचन आयोगबाट स्वीकृत भएपछि मात्र कार्यान्वयन हुनेछ ।

(३) पार्टीको मूल विधानसँग बाझिएको नियम बाझिएको हदसम्म अमान्य हुनेछ ।

**१३०. कार्यविधि बनाउन सक्ने :-**

(१) दलको सङ्घीय कमिटी वा नियमावलीमा तोकिए बमोजिमको तहका कमिटीले दल सञ्चालन तथा विधान र नियमावली बमोजिमको व्यवस्था कार्यान्वयन गर्न कार्यविधि बनाउन सक्नेछ ।

(२) उपधारा (१) बमोजिम कार्यविधि स्वीकृत गरी कार्यान्वयन गरिएकोमा कार्यविधि स्वीकृत भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित तहको कमिटीले निकट माथिल्लो तहको कमिटी र आयोगको सम्बन्धित कार्यालयमा जानकारी गराउनु पर्नेछ । तर, सङ्घीय कमिटीले गरेको निर्णय नै आयोगमा दिइनेछ ।

**१३१. खारेजी र बचाउँ :-**

(१) यस पार्टीको यस अघिको विधान स्वतः खारेज गरिएको छ ।

(२) यस अघिका पार्टीको विधान बमोजिम भए गरेका सम्पूर्ण काम, कारवाही यसै विधान बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(धारा ५ सँग सम्बन्धित)

**दलको छाप**

गोलाकारमाथि वरिपरि उज्यालो नेपाल पार्टी, तल वरिपरि सङ्घीय कार्यालय, काठमाडौं, बीचमा बलिरहेको चिम र स्थापना वर्ष, २०८२ लेखिनेछ ।

अनुसूची-२

(धारा ६ सँग सम्बन्धित)

**दलको चिन्ह**

दलको चुनाव चिन्ह बलिरहेको बिजुलीको चिम हुनेछ ।



अनुसूची-३

(धारा ७ सँग सम्बन्धित)

**दलको झण्डा**

**दलको झण्डा हरियो रंगको आयातकारको बीचमा गोलो सेतो पृष्ठभूमि भित्र बलिरहेको बिजुलीको चिम रहनेछ ।**



अनुसूची-४

(धारा २२ को उपधारा (१) सँग सम्बन्धित)

**दलको सदस्यता दर्ता किताब**

## पार्टी सदस्यताको विवरण

| क.सं. | सदस्यता नं. | नाम | स्थायी ठेगाना | अस्थायी ठेगाना | लिङ्ग | जाति, समुदाय | सदस्यता प्राप्त मिति | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रमाणित गर्ने

हस्ताक्षर

नाम

पद र कमिटी

मिति

अनुसूची-५

(धारा २३ को उपधारा (१) सँग सम्बन्धित)

## दलको सपथ ग्रहणको ढाँचा

म ........................ उज्यालो नेपाल पार्टीको .............. पदमा रही पार्टीको विधान र घोषणापत्रले निर्दिष्ट गरेको वैचारिक दृष्टिकोण, नीति, लक्ष्य, उद्देश्य र कार्यदिशालाई सफल पार्न इमानदारिताका साथ पूरा गर्ने प्रतिज्ञा गर्दछु । म पार्टीको गोपनियता र अनुशासनलाई पूर्ण रूपले पालना गरी पार्टीको सिद्धान्त र विचारमा बफादार रहँदै नेपाल र नेपालीको भविष्य उज्यालो बनाउने यस महान् अभियानमा आफ्नो ज्ञान, क्षमता र अनुभवले भ्याएसम्म पार्टीले दिएको जिम्मेवारी पूरा गर्नेछु ।

उज्यालो नेपाल पार्टी - जिन्दाबाद ।

लोकतान्त्रिक समाजवाद - जिन्दावाद ।


सहभागितामूलक समावेशी लोकतन्त्र - जिन्दावाद ।

बहुसंस्कृतिकतावाद र राष्ट्रिय एकता - जिन्दावाद ।

अनुसूची-६

(धारा २५ को उपधारा (२) सँग सम्बन्धित)

**दलको संगठनात्मक संरचना**



अनुसूची-७

(धारा ६१ को उपधारा (४) सँग सम्बन्धित)

**विजयी उम्मेदवारको प्रमाणपत्र**

**उज्यालो नेपाल पार्टी**

**........... राष्ट्रिय महाअधिवेशन**

**निर्वाचन कमिटी**

**प्रमाण-पत्र**

**उज्यालो नेपाल पार्टी**को मिति ............................ गते ........................ मा सम्पन्न **................ राष्ट्रिय महाधिवेशनबाट** सङ्घीय कमिटीको ........................................ पदमा निर्वाचित हुनु भएकोमा तपाई श्री ................................................................ लाई सफल कार्यकालको शुभकामना सहित स-धन्यवाद यो **प्रमाण पत्र** प्रदान गरिएको छ ।

मितिः

..........................
प्रमुख निर्वाचन अधिकृत

अनुसूची-८

(धारा १०७ को उपधारा (५) सँग सम्बन्धित)

**नगदी रसिद/भर्पाइ**

# उज्यालो नेपाल पार्टी

**.............. कमिटी**

## नगदी रसिद भर्पाई

श्री ......................................... बाट निम्न विवरण अनुसार नगद रु. .......................

नगद/बैंक चेक नं. .......................... बाट सधन्यवाद प्राप्त भयो ।

| क्र.सं. | विवरण | संख्या | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

अक्षेरुपी ..................................

बुझाउनेको नाम थर

हस्ताक्षर

बुझिलिनेको नाम थर

हस्ताक्षर

मितिः

अनुसूची-९

(धारा ११३ को उपधारा (१) सँग सम्बन्धित)

**दलको सम्पत्तिको लगत अभिलेखको ढाँचा**

| क्र.सं. | सम्पत्ति/सामाग्री विवरण | कोड | खरीद/प्राप्ती मिति | सम्पत्ति/सामाग्रीको स्पेसिफिकेशन | संख्या | लागत मूल्य | चालु अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची-१०

(धारा ११६ को उपधारा (१) सँग सम्बन्धित)

**विधान संशोधनको ढाँचा**

| क्र.सं. | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नु पर्ने कारण |
| --- | --- | --- | --- |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची-११

(धारा १२४ को उपधारा (३) सँग सम्बन्धित)

**सम्पत्ति विवरण पेश गर्ने ढाँचा**

नाम ...........................................................................................

पद ............................................................................................

कमिटी ........................................................................................

स्थायी ठेगाना ...........................................................................

विवरण पेश गरेको आ.व. ..........................................................

१. अचल सम्पत्तिको विवरण

(क) घर

| क्रसं | घरधनीको नाम | घर र घरले चर्चेको जग्गाको विवरण | | | | | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./ न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) | | | |
| | | | | | | | | | |

(ख) जग्गा

| क्रसं | जग्गा धनीको नाम | जग्गाको विवरण | | | | | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./ न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) | | | |
| | | | | | | | | | |

२. चल सम्पत्तिको विवरण

(क) नगद, सुन, चाँदी, हिरा, जवाहरात

| क्र.सं | विवरण | परिणाम | प्राप्त मिति | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

(ख) बैक, वित्तिय संस्था तथा सहकारी संस्थामा रहेको खाताको विवरण:

| क्र.सं | खातावालाको नाम | संस्थाको नाम र ठेगाना | खाता नं | मौज्दात रकम | प्राप्तिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

(ग) धितोपत्र, शेयर वा ऋणपत्रको विवरणः

| क्र.सं | शेयर धनीको नाम, थर | कम्पनीको नाम र ठेगाना | शेयर ऋणपत्रको किसिम | शेयर ऋणपत्रको विवरण | | प्राप्तिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | रकम | | |
| | | | | | | | |

(घ) ऋण लिए/दिए/तिरेको विवरणः

| क्र.सं | ऋण लिने/दिने/तिर्ने व्यक्ति/संस्थाको नाम ठेगाना | ऋण | | | ऋण लिए/ दिए/तिरेको रकम | ऋण लिए/ दिए/तिरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | लिएको | दिएको | तिरेको | | | |
| | | | | | | | |

(ङ) सवारी साधन अटोमोबाइलको विवरणः

| क्र.सं | सवारी धनी नाम | सवारीको किसिम र नम्बर | खरीद मूल्य | खरीद मिति | प्राप्तिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

मैले जाने बुझेसम्म माथि लेखिए बमोजिमको विवरण ठीक छ । फरक पर्ने छैन ।

हस्ताक्षर .........................................................................

नाम ...............................................................................

पद ................................................................................

मिति ..............................................................................

द्रष्टव्यः अघिल्लो आर्थिक वर्षमा पेश गरेको सम्पत्ति विवरणमा थपघट भएको विवरण यसै बमोजिमको फारममा भरी पेश गर्नुपर्नेछ ।

अनुसूची-१२

(धारा ९३ को उपधारा (१) सँग सम्बन्धित)

## पार्टीको आचारसंहिता

उज्यालो नेपाल पार्टीको विधान बमोजिम पार्टीको कार्यक्रमलाई लोकतान्त्रिक पद्धति अनुसार अनुशासित र मर्यादित ढंगले सञ्चालन गर्न विधानको धारा ९४ बमोजिम पार्टीको सबै तहका कमिटीमा आबद्ध पदाधिकारी, सदस्य र पार्टी सदस्यहरू लाई लागू हुने गरी यो आचारसंहिता जारी गरिएको छ ।

१. राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै नेपालको सन्दर्भमा विद्यमान गरीवी, असमानता र उत्पीडनको अन्त्य गर्न सुशासन, समृद्धि र सामाजिक न्यायको माध्यमबाट देशलाई अघि बढाउने कार्यमा क्रियाशील भई काम गर्नु प्रत्येक पार्टी सदस्यको कर्तव्य हुनेछ ।

२. पार्टीले आयोजना गरेको सबै किसिमको आन्दोलन, अभियान तथा कार्यक्रममा आफ्नो कमिटीको सदस्यहरू लाई देशव्यापी रूपमा परिचालन गर्न वा सहभागी गराउन पार्टीको सबै तहमा जिम्मेवारी लिएका नेतृत्वहरू को पूर्ण कर्तव्य हुनेछ ।

३. पार्टीमा आबद्ध सबैले विधान, घोषणापत्र बमोजिम जिम्मेवारीका साथ पार्टीको संगठन निर्माण गर्न सक्रिय भई काम गर्नु पर्नेछ ।

४. पार्टीको सबै कमिटीका नेतृत्व र सदस्यहरू ले अध्ययनशील, अनुशासित र समर्पित भावनाले सक्रिय भई आफूले पाएको जिम्मेवारीलाई पूरा गर्नु पर्नेछ ।

५. पार्टीको सबै कमिटीको नेतृत्व र सदस्यहरू ले व्यक्तिगत काम वा निजी स्वार्थका लागि पार्टीको शक्तिलाई प्रयोग गर्न पाइने छैन ।

६. पार्टीको नेतृत्व र सदस्यहरू बीचमा कुनै किसिमको मतभेद हुनु हुँदैन र भएमा संगठनभित्रै छलफलद्वारा समाधान गर्नु पर्नेछ ।

७. पार्टीको कार्यदिशाप्रति कारणवश गल्ती गरे, गराएमा आत्माआलोलना गर्ने विषय सबै पार्टी सदस्यमा लागू हुनेछ ।

८. पार्टीको सदैव सबै तहमा बहुमतले गरेको निर्णय मान्ने र अल्पमतको विचारलाई पनि उचित सम्मान दिने परम्परालाई लागू गरिनेछ ।

९. पार्टीको आर्थिक क्षमता वृद्धि गर्न सङ्घीय कमिटी र मातहतको सबै कमिटीको सदस्यहरू ले तोकिए बमोजिमको मासिक शुल्क (लेबी) अनिवार्य रूपमा बुझाउनु पर्नेछ ।

१०. पार्टीको पदाधिकारी र सदस्यहरू ले सबै तहको संगठनभित्रको सम्पत्ति हिनामिना गर्न पाइने छैन ।

११.पार्टीको आदर्श र गोपनियता भंग हुनेगरी सभा वा बैठकमा कुनै किसिमको अभिव्यक्ति दिन वा प्रस्तुत गर्न पाइने छैन ।

१२. संगठनमा आइपर्ने अप्रत्यासित घटनाहरू को समाधान गर्न सम्बन्धित कमिटीको बैठक बसी समस्याको समाधान गर्नु पर्नेछ ।

१३. पार्टीमा आबद्ध सबै तहका सदस्यहरू ले पूर्ण जिम्मेवारी बोधका साथ सक्रिय भई सांगठनिक कामहरू गर्नु पर्नेछ ।

१४. पार्टी नेतृत्व दिनसक्ने उर्जाशील नेता तथा नेतृत्वहरू को क्षमता वृद्धिका लागि सबै तहको कमिटीले समय-समयमा प्रशिक्षणको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।